# मानव अधिकार रक्षक सम्मेलन

# प्रतिवेदन – २०७९

राष्ट्रिय मानव अधिकार आयोग

हरिहरभवन, ललितपुर

प्रकाशक

राष्ट्रिय मानव अधिकार आयोग,
हरिहरभवन, ललितपुर, नेपाल

प्रकाशन मितिः श्रावण २०८० (आयोगको वेभसाइटमा मात्र सार्वजनिक गरिएको)

संस्करण ........... प्रति

प्रकाशन नं. ............... राष्ट्रिय मानव अधिकार आयोग, केन्द्रीय कार्यालय

सर्वाधिकारः राष्ट्रिय मानव अधिकार आयोग, हरिहर भवन, ललितपुर, नेपाल

आयोगको पूर्व स्वीकृतिविना यस प्रतिवेदनलाई बौद्धिक वा शैक्षिक प्रयोजनबाहेक व्यापारिक वा अन्य प्रयोजनका लागि पुनः उत्पादन एवं मुद्रण गर्ने गरी सङ्ग्रह गर्न अथवा कुनै पनि माध्यमबाट प्रयोगमा ल्याउन पाइने छैन । बौद्धिक तथा शैक्षिक प्रयोजनार्थ स्रोत खुलाई आवश्यक अंशहरू साभार गरी प्रयोग गर्न सकिनेछ ।

मुद्रक

## आयोगका पदाधिकारी तथा सचिव

अध्यक्ष

माननीय तपबहादुर मगर

सदस्य

माननीय डा. सूर्यप्रसाद शर्मा ढुंगेल

माननीय मिहिर ठाकुर

माननीय मनोज दुवाडी

माननीय लिली थापा

का.मु.सचिव

श्री मुरारिप्रसाद खरेल

# मन्तव्य

मानव अधिकारको सम्मान, संरक्षण, संवर्धन तथा त्यसको प्रभावकारी कार्यान्वयन गर्नु राष्ट्रिय मानव अधिकार आयोगको कर्तव्य हो । मानव अधिकार रक्षकका अधिकारको कार्यान्वयनका लागि वातावण सिर्जना गर्ने, उनीहरूको सुरक्षा र पहिचानलाई प्रवर्धन गर्न र मानव अधिकार रक्षकले खेल्दै आएको भूमिकालाई स्वीकार्य बनाउँन पृष्ठपोषण प्राप्त गर्ने उद्देश्यले आयोगले पहिलो पटक सातै प्रदेशमा प्रादेशिक सम्मेलन र तेस्रो राष्ट्रिय सम्मेलन आयोजना गर्ने निर्णय गरेको थियो । सोहीअनुसार २०७८ फागुन २०-२१ मा सातै प्रदेशमा एकै मितिमा प्रादेशिक र २०७९ असार ९-१० गते ललितपुरमा मानव अधिकार रक्षकसम्बन्धी तेस्रो राष्ट्रिय सम्मेलनको काम सम्पन्न भएको थियो । यससम्बन्धी प्रतिवेदन प्रकाशन हुनु आफैँमा प्रंशसनीय कार्य हो

प्रादेशिक र राष्ट्रिय सम्मेलनमा मानव अधिकार रक्षकका हक, अधिकार तथा कर्तव्यसम्बन्धी विषय उठान गरिएका थिए । यसको साथै  रक्षकहरूको पहिचान, सुरक्षा, सञ्जालीकरण, कानुनी र संस्थागत व्यवस्था आदि मुद्दामा पनि बहस÷छलफल भएको थियो । आयोगबाट रक्षकका विषयमा प्रादेशिक सम्मेलनका उठेकाको सबाल साथै रक्षकको अवस्थासमेत अध्यनन गरी प्रतिवेदन प्रकाशनमा आइसकेको छ । सम्मेलनबाट प्राप्त सुझावसमेतका आधारमा मानव अधिकार रक्षकहरूका मुद्दा ऐनमार्फत सम्बोधन हुनुपर्छ भन्ने आसयका साथ मस्यौदा तयार गरी थप छलफल र परिमार्जनको लागि पुनः सार्वजनिक गरिएको छ ।

मानव अधिकार रक्षकका अधिकारको संरक्षण र संवर्धनमा केन्द्रित छलफलबाट विविध विषयहरू उठान गरिएका थिए । विशेषतः मानव अधिकार रक्षक अहिले पनि पूर्णतः सुरक्षित रूपमा काम गर्न सक्ने अवस्थामा नरहेको सहभागीहरूको भनाइ थियो । मानव अधिकार रक्षकको पहिचान, सुरक्षा, सञ्जालीकरण तथा रक्षकको अधिकारको संरक्षण तथा संवर्धनका विषयमा राज्यको भूमिका प्रभावकारी हुन नसकेको विषयलाई उनीहरूले प्राथकितासाथ उठान गरेका थिए । मानव अधिकार रक्षकमा पनि दलित, अपाङ्गता भएका व्यक्ति, महिला, एकल महिला, यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक–लगायतका क्षेत्रमा क्रियाशील रक्षक बढी जोखिममा रहेकोमा उनीहरूको जोड रहेको थियो ।

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा समेत मानव अधिकार रक्षकको भूमिका दिनान्दिन बढिरहेको छ । यस यथार्थतालाई प्रादेशिक र राष्ट्रिय सम्मेलनले पनि आत्मसात गरी मानव अधिकार रक्षकसम्बन्धी प्रादेशिक रूपमा सात र राष्ट्रिय रूपमा ११ बुँदे घोषणापत्रसमेत जारी गरेको छ । घोषणपत्रमा औँल्याइएका विषयहरूलाई कार्यान्वयनमा लैजानु अहिलेको आवश्यकता हो । यसको लागि नेपाल सरकार सरकार, आयोग, मानव अधिकारसम्बन्धी विषयगत आयोगहरू, मानव अधिकारको क्षेत्रमा क्रियाशील सङ्घसंस्था तथा सञ्चार–माध्यमको भूमिका विशेष र उल्लेखनीय छ ।

अन्त्यमा, सम्मेलनलाई सार्थक रूप दिन भूमिका निर्वाह गर्नुहुने आयोगका माननीय अध्यक्ष्य तथा सदस्यज्यूहरू, आयोगका पदाधिकारी, कर्मचारी, नेपाल सरकार, संवैधानिक आयोग, गैसस, सञ्चार–जगत सबैमा धन्यवाद व्यक्त गर्दछु ।

धन्यवाद,

लिली थापा

सदस्य

# मन्तव्य

मानिसलाई मानिस भएर मर्यादापूर्वक बाँच्न पाउँने अवस्थाको निर्माणको आधार मानव अधिकार उपभोगको सुनिश्चितता हो । यस पाटोलाई सम्बोधन गर्न नेपालले संवैधानिक, कानूनी र संस्थागत व्यवस्था गरेको छ । यसका साथै अन्तर्राष्ट्रिय सन्धि, महासन्धिको पक्षराष्ट्र बन्नुका साथै विभिन्न अन्तर्राष्ट्रिय प्रतिबद्धता व्यक्त गर्नुको साथै कार्यान्वयन तहमा पनि कार्य हुँदै आएको छ ।

मानव अधिकारको संरक्षण र संवर्धन सरकार एक्लैको प्रयासबाट मात्र सम्भव छैन । यसको लागि न्यायपालिका, राष्ट्रिय मानव अधिकार आयोगका साथै राज्यका विभिन्न अङ्ग तथा निकाय र मानव अधिकार रक्षकहरूको समेत महत्वपूर्ण भूमिका रहेको हुन्छ । मानव अधिकार रक्षकको आवश्यकता र महत्त्वलाई समेत आत्मासात् गरी संयुक्त राष्ट्रसङ्घले मानव अधिकार रक्षकसम्बन्धी घोषणापत्र, १९९८ एवम् विषयगत विभिन्न महासन्धिहरू पनि जारी गरेको छ । मानव अधिकारसम्बन्धी घोषणपत्र, अन्तर्राष्ट्रिय सन्धि, महासन्धि र आलेख, नेपालको संविधान र अन्य कानूनी व्यवस्थामा मानव अधिकारका सवाल समावेश गरिएका छन् । आयोगले मानव अधिकारका मूल्यमान्यतालाई व्यवहारमा उतार्न सहयोग पुगोस् भन्ने आसयका साथ राष्ट्रिय सम्मेलन सम्पन्न गरेको छ । सम्मेलनबाट मानव अधिकार रक्षकसम्बन्धी मार्ग–निर्देशिका, २०६९ जारी गरी कार्यान्वयनमा ल्याएको छ । नेपाल सरकारले पनि मानव अधिकारकर्मीहरूको सुरक्षा र संरक्षण गर्ने सम्बन्धी आदेश, २०७७ जारी गरेको छ ।

मानव अधिकारको सम्मान, संरक्षण, संवर्धन तथा त्यसको प्रभावकारी कार्यान्वयन गर्ने कर्तव्य तोकिएको राष्ट्रिय मानव अधिकार आयोगले आफ्ना कार्यहरू सम्पादन गर्दै आएको छ । आ.व.२०७८/७९ मा आयोगले मानव अधिकार रक्षकसम्बन्धी प्रादेशिक र राष्ट्रिय सम्मेलन गरेको थियो । रक्षकको पहिचान, सुरक्षा, सञ्जालीकरण, काम, कर्तव्य, अधिकार, आचारसंहिता आदि विषय समेटी २०७८ फागुन २०-२१ गते सातै प्रदेशमा एउटै मितिमा प्रादेशिक र २०७९ असार ९-१० मा मानव अधिकार रक्षकसम्बन्धी तेस्रो राष्ट्रिय सम्मेलन सम्पन्न गरेको छ । दुवै सम्मेलनले घोषणापत्रसमेत जारी गरेको छ । यस घोषणापत्रमा उठान भएका मानव अधिकार रक्षकका विषयलाई निष्कर्षमा पुर्याउँनकालागि सबै सरोकारवालाहरूले आआफ्नो ठाउँबाट भूमिका निर्वाह गर्न आवश्यक छ ।

अन्त्यमा, मानव अधिकार रक्षकहरूको तेस्रो राष्ट्रिय सम्मेलन तथा प्रादेशिक सम्मेलन सम्पन्न गर्न खटिने आयोगका माननीय अध्यक्षज्यू, माननीय सदस्य, विभागिय प्रमुख, महाशाखा प्रमुखहरू, कार्यालय प्रमुखहरू, प्रदेश तथा राष्ट्रिय सम्मेलन सफलतापूर्वक सम्पन्न गर्न पूर्व तयारी देखि समापन सम्म सक्रिय भूमिका खेल्ने मानव अधिकार रक्षक फोकल प्वाइण्ट प्रवद्र्धन महाशाखा नि. प्रमुख दिपेन्द्र बहादुर सिंह, प्रतिवेदन मसौदा लेखनका लागि मानव अधिकार अधिकृत दिपक थापा तथा भाष सम्पादनका लागि मा.अ.अ. कैलाश कुमार सिवाकोटी लगायत आयोगका कर्मचारीहरू तथा सम्मेलन सफल पार्न विभिन्न क्षेत्रबाट सम्मेलनमा सहभागी नागरिक समाज तथा मानव अधिकार रक्षक लगायत सबैप्रति आभार प्रकट गर्दछु ।

धन्यवाद,

मुरारिप्रसाद खरेल<br>
का.मु. सचिव

# विषय-सूचि

परिच्छेद्-एक

परिचय खण्ड


१.१ पृष्ठभूमि १

१.२ प्रथम र दोस्रो राष्ट्रिय सम्मेलनको परिचय २

१.२.१ प्रथम राष्ट्रिय सम्मेलन २

१.२.२ दोस्रो राष्ट्रिय सम्मेलन ३


परिच्छेद्-दुई

सम्मेलनको औचित्यता, उद्देश्य र तयारी


२.१ सम्मेलनको औचित्यता ४

२.२ सम्मेलनको उद्देश्य ५

२.३ सम्मेलनको तयारी ५


परिच्छेद्-तिन

मानव अधिकार रक्षक प्रादेशिक सम्मेलन


३.१ पृष्ठभूमि ९

३.२ उद्देश्य ९

३.३ मिति र स्थान १०

३.४ सहभागिता, विधि तथा पद्धति १०

३.५ सम्मेलनमा प्रस्तुत विषय तथा कार्यक्रम १२

३.६ प्रदेश नं. १ सम्मेलन, विराटनगर, मोरङ १४

३.७ मधेश प्रदेश सम्मेलन, जनकपुरधाम, धनुषा १६

३.८ वाग्मती प्रदेश सम्मेलन, हेटौँडा, मकवानपुर १८

३.९ गण्डकी प्रदेश सम्मेलन, पोखरा, कास्की १९

३.१० लुम्विनी प्रदेश सम्मेलन, बुटवल, रुपन्देही २१

३.११ कर्णाली प्रदेश सम्मेलन, वीरेन्द्रनगर, सुर्खेत २२

३.१२ सुदुर-पश्चिम प्रदेश सम्मेलन, धनगढी, कैलाली २४


परिच्छेद्-चार

तेस्रो राष्ट्रिय सम्मेलन

४.१ पृष्ठभूमि २७
४.२ मिति र स्थान २७
४.३ उद्देश्य २७
४.४ सहभागिता, विधि तथा पद्धति २८
४.४.१ सहभागिता
४.४.२ समुदघाटन सत्र
४.४.३ कार्यक्रम विवरण
४.४.४ उद्घाटन सत्रको मन्तव्य
४.४.५ प्रस्तुती तथा छलफल सत्र
४.४.६ विषयगत छलफल सत्र–१
४.४.७ विषयगत छलफल–२
४.४.८ प्रस्तुती तथा छलफलको दोस्रो सत्र
४.४.९ घोषणापत्र मस्यौदा तथा जारी
४.४.१० सम्मेलनको समापन सत्र

## परिच्छेद्-पाँच

## विश्लेषण, निष्कर्ष, सुझाव तथा उपलव्धी

५.१ विश्लेषण, निष्कर्ष तथा सुझाव ४८
५.२ सम्मेलनका उपलव्धि ५१

## अनुसूचीहरू

अनुसूची–१ तेस्रो राष्ट्रिय सम्मेलद्वारा जारी घोषणापत्र, २०७९ ५२
अनुसूची–२ पहिलो र दोस्रो राष्ट्रिय सम्मेलद्वारा जारी घोषणापत्र ५५
अनुसूची–३ सातवटै प्रादेशिक सम्मेलद्वारा जारी गरिएको घोषणापत्रहरू ६०
अनुसूची– सम्मेलनका तस्विरहरू ७५

# परिच्छेद्–एक

# परिचय खण्ड

## १.१ पृष्ठभूमि

मानवलाई मानव भएकै नाताले प्राप्त हुने अधिकारहरू मानव अधिकार हुन । ती मानव अधिकार कुनै राज्यले प्रदान गर्ने नभई स्वतः जन्मसिद्ध र प्राकृतिक रूपमा प्राप्त भएका हुन्छन । मानव अधिकार धर्म, वर्ण, लिङ्ग, रङ्ग, जातीय उत्पत्ति, राष्ट्रियता वा अन्य कुनै पनि अवस्थाको आधारमा भेदभावबिना नै सबैमा अन्तरनिहित रहेको हुन्छ । विधिको शासन प्रतिको सम्मानले राज्यलाई मानव अधिकारको सम्मान, संरक्षण र परिपूर्तिप्रति जिम्मेवार बनाउनुका साथै अन्य पक्षहरूबाट हुन सक्ने मानव अधिकारको दुरुपयोग रोक्न बाध्य पार्दछ । मानिसको जीवन, स्ततन्त्रता, समानता र मर्यादासँग सम्बन्धित नेपालको राष्ट्रिय कानुन र नेपाल पक्ष भएका मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय कानुनले प्रदान गरेका अधिकारहरूलाई मानव अधिकार भनिन्छ । मानव अधिकार भन्नाले व्यक्तिको जीवन, स्वतन्त्रता, समानता र मर्यादासँग सम्बन्धित संविधान तथा अन्य प्रचलित कानुनद्वारा प्रदान गरिएका अधिकार सम्झनुपर्छ । सो शब्दले नेपाल पक्ष भएका मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय सन्धिमा निहित अधिकारसमेतलाई जनाउँछ भनी राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा २ (च) ले परिभाषित गरेको छ ।

संयुक्त राष्टसङ्घको महासभाले सन् १९४८ डिसेम्बर १० मा पारित गरेको मानव अधिकारको विश्वव्यापी घोषणापत्र आधारभूत मानव अधिकारहरूलाई सुरक्षित गर्ने पहिलो अन्तर्राष्ट्रिय कानुनी दस्तावेज हो । मानव अधिकारको विश्वव्यापी घोषणापत्र १९४८ सहित नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तराष्ट्रिय अनुवन्ध १९६६ र आर्थिक, समाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुवन्ध १९६६ को संयक्त स्वरूपलाई अन्तर्राष्ट्रिय मानव अधिकार विलको रूपमा स्वीकार गरिएको छ । ती मानव अधिकारका अन्तर्राष्ट्रिय दस्तावेजहरूले मानव अधिकारको सम्मान, संरक्षण र परिपूर्तिको दायित्व राज्यको हुने भनी राज्यलाई दायित्वाधिन बनाएको छ । साथै मानव अधिकारको संरक्षण र संवर्धन गर्नु राज्यको दायित्व हुने कुरालाई नेपालको संविधामा पनि व्यवस्था गरिएको छ । मानव अधिकारको सुनिश्चितता र त्यसको संरक्षणसम्बन्धी व्यवस्थाहरूलाई कार्यान्वयन गर्न राज्यले संवैधानिक, कानुनी तथा संस्थागत व्यवस्थासमेत गरेको छ । अन्तर्राष्ट्रिय रूपमा पनि मानव अधिकारसम्बन्धी विभिन्न सन्धि÷महासन्धिको नेपाल पक्षराष्ट्र भई तोकिएको दायित्व पूरा गर्न क्रियाशील रहेको छ ।

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दायित्वबमोजिम मानव अधिकारको सम्मान, संरक्षण र परिपूर्ति गर्ने राज्यको जिम्मेवारी कार्यान्वयनको भए नभएको हेर्ने, अध्ययन, अनुसन्धान र अनुगमन गर्ने संवैधानिक निकायकोरूपमा राष्ट्रिय मानव अधिकार आयोगले कार्य गर्दै आएको छ । आयोगलाई मानव अधिकारको सम्मान, संरक्षण, संवर्धन तथा त्यसको

प्रभावकारी कार्यान्वयनको सुनिश्चितता गर्ने कर्तव्य तोकिएको छ । आयोगले आफ्नो संवैधानिक तथा कानुनी दायित्व पूरा गर्दै जाने सन्दर्भमा मानव अधिकारको प्रभावकारी संरक्षण र संवर्धनका लागि नागरिक समाज र मानव अधिकार रक्षकहरूसँग सहकार्य र समन्वय पनि गर्दै आएको छ ।

मानव अधिकार रक्षक भन्नाले एक्लै वा एक अर्कासँग मिलेर शान्तिपूर्ण रूपमा मानव अधिकार संरक्षण र संवर्धनको लागि कार्य गर्ने व्यक्ति, समूह वा संस्था भन्ने बुझिन्छ । मानव अधिकार रक्षकको परिभाषा हेर्दा राष्ट्रिय मानव अधिकार आयोगद्वारा जारी गरिएको मानव अधिकार रक्षकहरूसम्बन्धी मार्गनिर्देशिका, २०६९ मा "मानव अधिकार रक्षक" भन्नाले व्यक्तिगत रूपमा, समूहमा वा संस्थागत रूपमा मानव अधिकारको संवर्धन, संरक्षण, सम्मान तथा पालना सम्बन्धी काममा संलग्न व्यक्ति सम्झनुपर्दछ । सो, शब्दले पूर्णकालीन वा आंशिक रूपमा, वैतनिक वा अवैतनिक रूपमा उक्त काममा संलग्न व्यक्तिलाई समेत जनाउँदछ भनी परिभाषित गरेको पाइन्छ मानव अधिकार रक्षकहरूले मानव अधिकार उल्लङ्घनलाई उजागर गर्नुका साथै त्यस्ता उल्लङ्घनहरूको निवारणका लागि वकालत, खबरदारी र ध्यानकर्षण गर्ने गर्दछन् । मानव अधिकार उल्लङ्घनका घटनाको पहिलो र नजिकको सूचना श्रोतको रूपमा मानव अधिकार रक्षक रहेका हुन्छन् । पीडितको मानव अधिकार संरक्षणको वकालत र पीडकलाई कारबाहीको लागि क्रियाशीलता देखाएकै आधारमा मानव अधिकार रक्षकहरूले भौतिक, सामाजिक तथा कानुनी सुरक्षाका चुनौतीहरूको प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा सामना गर्नुपरिरहेको छ । मानव अधिकार रक्षकहरूको भूमिका र पहिचानलाई बेवास्ता गरिएको, उनीहरूले गरेका मानव अधिकार संरक्षण तथा संवर्धनसम्बन्धी कार्यहरूले मान्यत पाउन नसकेको र उनीहरूको सुरक्षाका लागि राज्यका पहलहरू प्रभावकारी हुन नसकेको सम्बन्धमा सबालहरू उठ्ने गरेका छन ।

मानव अधिकारको सम्मान, संरक्षण र संवर्धनमा क्रियाशील मानव अधिकार रक्षकहरूको पहिचान, सुरक्षा, संरक्षण, संवर्धन र सञ्जालिकरणका विषयमा प्रभावकारी हुनन सकेकोले यस विषय मानव अधिकार रक्षकहरूका बिचमा बृहद् छलफल हुन आवश्यक ठानी आयोगले मानव अधिकार रक्षकसम्बन्धी पहिलो राष्ट्रिय सम्मेलन २०६९ असोज २२ र २३ मा, दोस्रो राष्ट्रिय सम्मेलन २०७४ कार्तिक २६ र २७ मा र तेस्रो राष्ट्रिय सम्मेलन २०७९ असार ९ र १० मा सम्पन्न गरेको छ । भने, तेस्रो सम्मेलन गर्नुपूर्व आयोगले सातै प्रदेशमा एउटै मितिमा प्रादेशिक सम्मेलन समेत सम्पन्न गरेको छ । सम्मेलनमा रक्षकका विषयलाई सम्बोधन गर्न घोषणापत्रहरूसमेत जारी गरिएका छन् । छलफल भएका तथा प्राप्त विषयवस्तुका आधारमा यो प्रतिवेदन तयार गरिएको छ ।

# १.२ प्रथम र दोस्रो राष्ट्रिय सम्मेलनको परिचय

## १.२.१ प्रथम राष्ट्रिय सम्मेलन

राष्ट्रिय मानव अधिकार आयोगले मानव अधिकार रक्षकका सन्दर्भमा पहिलो राष्ट्रिय सम्मेलन २०६९ साल असोज २२ र २३ गते ललितपुरमा सम्पन्न गरेको थियो । उक्त सम्मेलनमा ७५ वटै जिल्लाबाट करिब २०० जना मानव अधिकार रक्षकहरूको सहभागिता रहेको थियो ।

यस सम्मेलनमा सरोकारवालाकोसमेत सुझाव लिएर राष्ट्रिय मानव अधिकार आयोगबाट मानव अधिकार रक्षकहरूसम्बन्धी मार्गनिर्देशिका, २०६९, मानव अधिकार आयोग र अन्य मानव अधिकार सम्बद्ध संस्थाहरूसँगको सहकार्य तथा समन्वयसम्बन्धी निर्देशिका, २०६९, को मस्यौदा तयार गरी छलफलका लागि प्रस्तुत गरिएको थियो । भने, सम्मेलनबाट प्राप्त सुझावलाई समेत समावेश गरी उल्लेखित मस्यौदालाई आयोगले पारित गरी कार्यान्वयनमा ल्याएको छ ।

यस सम्मेलनमा दण्डहीनता र सङ्क्रमणकालीन न्याय, नेपालमा आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारको संरक्षणसम्बन्धी अवस्था, नेपाल सरकारको मानव अधिकारसम्बन्धी राष्ट्रिय कार्ययोजना, सामूहिक अधिकार, बालअधिकार, अपाङ्गता भएका व्यक्तिको अधिकार, यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकका अधिकार, जेष्ठ नागरिकका अधिकार, आदिवासी जनजातिका अधिकार, मधेसी समुदायका अधिकार, आप्रवासी कामदारहरूको अधिकार, नेपालमा महिलामाथि हुने घरेलु हिंसाको अवस्था, विकास नीतिमा मानव अधिकारमुखी पद्धतिलगायत मुलुकको पाँचवटै विकास क्षेत्रको मानव अधिकारको समग्र अवस्था सम्बन्धमा विज्ञहरूद्वारा कार्यपत्र प्रस्तुत भई बिस्तृत रूपमा छलफलसमेत गरिएको थियो । दुई दिनसम्म चलेको राष्ट्रिय सम्मेलन दश (१०) बुदे घोषणापत्र जारी गरी सम्पन्न भएको थियो । उक्त घोषणापत्र अनुसूचीमा राखिएको छ ।

## १.२.२ दोस्रो राष्ट्रिय सम्मेलन

आयोगले मानव अधिकार रक्षकसम्बन्धी दोस्रो राष्ट्रिय सम्मेलन २०७४ साल कार्तिक २६ र २७ गते ललितपुरमा सम्पन्न गरेको थियो । यस सम्मेलनमा देशका सातवटै प्रदेशबाट २१७ जना मानव अधिकार रक्षकहरूको सहभागिता रहेको थियो ।

सम्मेलनमा देशको समग्र “मानव अधिकारको अवस्था र चुनौती”, “मानव अधिकार रक्षकको वर्तमान अवस्था र चुनौती”, “सङ्क्रमणकालीन न्यायका संयन्त्रहरूको प्रभावकारिता र भावी कार्यदिशा”, “नेपालको आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारको अवस्था र चुनौती”, “नेपालमा सामूहिक अधिकारको अवस्था” तथा देशका सात वटै प्रदेशबाट त्यस क्षेत्रको समग्र मानव अधिकार अवस्था सम्बन्धमा विज्ञहरूद्वारा कार्यपत्रहरू प्रस्तुत गरी प्रस्तुतीमाथि छलफलसमेत गरिएको थियो । दुई दिनसम्म चलेको दोस्रो राष्ट्रिय सम्मेलन २१ बुँदे घोषणापत्र जारी गरी सम्पन्न भएको थियो । उक्त घोषणापत्र अनुसूचीमा राखिएको छ ।

# परिच्छेद्—दुई
# सम्मेलनको औचित्यता, उद्देश्य र तयारी

## २.१ सम्मेलनको औचित्यता

मानव अधिकार रक्षकहरूका अधिकारको प्रचलनका लागि सहज र सुरक्षित अवस्थाको सिर्जना गर्ने, उनीहरूको सुरक्षाको सुनिश्चितता गर्दै मानव अधिकार रक्षकहरूको पहिचान र भूमिकाको लागि नीतिगत व्यवस्था गरी त्यसको प्रभावकारी कार्यान्वयन गर्ने दायित्व सरकारको हो । साथै मानव अधिकार रक्षकहरूका अधिकारको अवस्थाको बारेमा अनुगमन गरी उनीहरूको सुरक्षा, पहिचान तथा भूमिकालाई स्विकार्य बनाउने सरकारको दायित्वलाई सहयोग र सहजिकरण गर्ने दायित्व राष्ट्रिय मानव अधिकार संस्थाको रूपमा राष्ट्रिय मानव अधिकार आयोगको हुन्छ । मानव अधिकार रक्षकहरू संस्थागत र व्यक्तिगत रूपमा मानव अधिकारको संरक्षण र संवर्धनका लागि क्रियाशील रहँदै आएका छन । मानव अधिकारको संरक्षण र संवर्धन गर्ने क्रममा मानव अधिकार रक्षकहरूले विभिन्न सुरक्षा जोखिमहरूको सामना गर्नुपरिरहेको छ । मानव अधिकार रक्षकहरू विरुद्ध भौतिक आक्रमण, सामाजिक रूपमा उत्पिडन तथा विभेदका घटनाहरू हुने गरेको पाइएको छ । पीडितको न्यायका लागि अग्रसरत हुँदा सार्वजनिक निकायहरूले उनीहरूको भूमिकालाई स्वीकार नगर्ने, अपहेलित गर्ने तथा सूचना नै उपलव्ध प्राप्त गर्न समस्याहरू रहेको पाइएको छ । मानव अधिकार संरक्षण तथा संवर्धनका लागि क्रियाशील रहँदा आफ्नो कामको परिणामस्वरूप  मानव अधिकार रक्षकहरूले कानुनी अड्चन तथा मुद्दाको सामना गर्नुपरेको पनि पाइएको छ । यस परिवेशमा मानव अधिकार रक्षकका अधिकारको संरक्षण, उनीहरूको सुरक्षा, पहिचान र मान्यताका लागि सार्वजनिक बहस गरि दिर्घकालीन समाधानका उपयाहरूको खोजी गर्नका लागि राष्ट्रिय मानव अधिकार आयोगले मानव अधिकार रक्षकसम्बन्धी प्रदेश र राष्ट्रिय सम्मेलन आयोजना गर्ने निर्णय गरेको हो । यस सन्दर्भमा मानव अधिका रक्षकका अधिकार संरक्षण गर्ने सम्बन्धमा तपसिलमा उल्लेखित कार्यहरू गर्नका लागि मानव अधिकार रक्षकक सम्मेलनको औचित्यता र अपरिहार्यता देखिन्छः

१. मानव अधिकार रक्षकहरूको सुरक्षा एवं संरक्षण तथा मानव अधिकार रक्षकहरूका अधिकार प्रचलनका लागि कानुनको निर्माणको आधार निर्माण गर्ने ।
२. मानव अधिकार रक्षक को हुन्, भन्ने सन्दर्भमा अन्तराष्ट्रिय मापदण्डका आधारमा राष्ट्रिय मापदण्ड पनि बनाउनु बनाउने ।
३. जोखिमा परेका मानव अधिकार रक्षकहरूको सुरक्षा तथा उद्धारका लागि रणनीति बनाउने तथा त्यस्तो विषयमा तत्कालन प्रतिक्रिया जनाएर एक्सनमा जाने किसिमको संयन्त्र निर्माणका लागि सम्बन्धमा मानव अधिकार रक्षकहरूका बीचमा छलफल गरी समन्वय र सहकार्य अभिवृद्धि गर्ने ।

४. जोखिमयुक्त तथा सिमान्तकृत क्षेत्रमा क्रियाशील मानव अधिकार रक्षकहरूको सुरक्षा सम्बन्धमा पहल गर्ने।

५ सम्मेलनका सहभागीका माध्यमबाट मानव अधिकार रक्षकहरूको अवस्था अध्ययन गरी प्रतिवेदन सार्वजनिक गर्ने ।

## २.२ सम्मेलनको उद्देश्य

१. मानव अधिकार रक्षकहरूको अवस्था अध्ययन तथा अन्वेषण गरी, मानव अधिकार रक्षकहरूका अधिकारहरूको संरक्षण, सुरक्षा, पहिचान र मान्यताका लागि मानव अधिकार रक्षकसम्बन्धी राष्ट्रिय कानुन निर्माणको लागि पृष्ठपोषण प्राप्त गर्ने ।

२. सम्मेलनबाट प्राप्त सुझाव तथा पृष्ठपोषणका आधारमा मानव अधिकार रक्षकसम्बन्धी नमूना कानुनको मसौदा तयार गरी सार्वजनिक बहस तथा छलफलपश्चात् राष्ट्रिय मानव अधिकार आयोगबाट सिफारिसका लागि पहल गर्ने ।

३. मानव अधिकार रक्षकको सुरक्षा र संरक्षणका सन्दर्भमा राज्यका निकायहरूलाई जिम्मेवार र जवाफदेही बनाउनका लागि साझा अवधारणाको विकास गर्ने ।

४. मानव अधिकार रक्षकहरूको क्षमता सबलीकरण र सञ्जालीकरणका लागि राज्यका निकाय, नागरिक समाज संस्था र मानव अधिकार रक्षकहरूका बीचमा साझा धारणाको विकास गर्ने ।

## २.३ सम्मेलनको तयारी

विगतमा राष्ट्रिय मानव अधिकार आयोगको पहल र मानव अधिकार तथा नागरिक समाज संस्थाहरूको सहकार्यमा मानव अधिकार रक्षकसम्बन्धी दुई वटा राष्ट्रिय सम्मेलनहरू सम्पन्न भई सकेका छन । मानव अधिकार रक्षक राष्ट्रिय सम्मेलन २०७४ ले कम्तिमा तीनतीन वर्षमा मानव अधिकार रक्षकहरूसम्बन्धी राष्ट्रिय सम्मेलन आयोजनागर्ने घोषणा पनि गरेको थियो । यसै कुरालाई मध्ये नजर गरी मानव अधिकार रक्षकसम्बन्धी सम्मेलनको विधि तथा पद्धतिको निर्धारण, सम्मेलनका छलफल गरिने विषयहरू सम्बन्धमा निष्कर्ष मा पुग्न, सम्मेलनमा मानव अधिकार रक्षकहरूको समावेशिता र सहभागिताको विधिउपर आवश्यक छलफल गर्न आयोगको केन्द्रीय कार्यालय ललितपुरमा मानव अधिकार तथा नागरिक समाज संस्थाहरूसँग दुई चरणमा मानव अधिकार रक्षक सम्मेलनको तयारी बैठकहरूका आयोजना गरेको थियो ।

मानव अधिकार रक्षक सम्मेलनको आयोजना गर्ने सन्दर्भमा २०७८ साल भाद्र २ र २३ गते मानव अधिकार तथा नागरिक समाज संस्थाहरूको सहभागितामा आयोगको केन्द्रीय कार्यालयमा बृहत् छलफलहरू आयोजना गरिएको थियो । भदौ २ गते आयोजना गरिएको छलफल कार्यक्रमा २७ नागरिक समाज संस्थाका प्रमुख तथा

प्रतिनिधिहरूको सहभागिता रहेको थियो भने दोश्रो चरणमा  भदौ २३ गते गरिएको तयारी बैठकमा ४५ वटा संस्थाका प्रमुख तथा प्रतिनिधिहरूको सहभागिता रहेको थियो । मानव अधिकार रक्षक सम्मेलनको उद्देश्य परिपूर्तिका लागि सम्मेलनलाई सहभागितामूलक, समावेशी र प्रतिनिधिमूलक बनाउनका लागि सल्लाहकार समिति र कार्यकारी समिति गठन गरिएका थिए । जसअनुसार सल्लाहकार समितिमा विभिन्न महासङ्घ, फेडरेसनहरू र कार्यकारी समितिमा क्रियाशील मानव अधिकार सङ्घसंस्थाहरू रहने गरी आयोजक समिति गठन गरिएको थियो । मानव अधिकार रक्षक प्रादेशिक तथा राष्ट्रिय सम्मेलनहरूको संयोजन, तयारी तथा प्रतिवेदनको सम्पूर्ण जिम्मेवारी प्रवद्र्धन महाशाखा अन्तर्गत मानव अधिकार रक्षक फोकल प्वाइण्टलाई दिइएको थियो ।

क. सल्लाहकार समिति

संयोजक, माननीय सदस्य लिली थापा, राष्ट्रिय मानव अधिकार आयोग

सदस्यहरू

१. नेपाल बार एशोसियशन
२. नेपाल पत्रकार महासङ्घ
३. गैरसकारी संस्था महासङ्घ, नेपाल
४. आदिवासी जनजाति महासङ्घ
५. मानव अधिकार राष्ट्रिय महाभेला
६. दलित गैरसरकारी संस्था महासङ्घ
७. राष्ट्रिय मानव अधिकार एलायन
८. राष्ट्रिय अपाङ्ग महासङ्घ
९. दलित महिला सङ्घ
१०. राष्ट्रिय आदिवासी जनजाति महिला महासङ्घ
११. महिला महासङ्घ
१२. ओरेक, नेपाल
१३. नेपाल युवा संस्था सञ्जाल (आयोन)

सदस्य सचिवः दिपेन्द्र बहादुर सिंह, नि. प्रमुख तथा मानव अधिकार रक्षक फोकल प्वाइण्ट, प्रवर्धन महाशाखा, राष्ट्रिय मानव अधिकार आयोग

कार्यकारी समिति

१. संयोजक, का.मु. सचिव, मुरारीपसाद खरेल राष्ट्रिय मानव अधिकार आयोग

सदस्यहरू

२. अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक),

३. महिला मानव अधिकार रक्षक सञ्जाल (ओरेक)

४. मानव अधिकार पत्रकार सङ्घ (हुर्जा)

५. बाल अधिकार समिति

६. राष्ट्रिय उपभोक्ता मञ्च

७. मानव अधिकारका लागि महिला एकल महिला समूह (डब्लुएचआर)

८. बालबालिका शान्ति क्षेत्र राष्ट्रिय अभियान (सिजप)

९. फियान, नेपाल

१०. सामुदायिक आत्मनिर्भर केन्द्र

११. लाहुर्निप, नेपाल

१२. थर्ड एलायन्स, नेपाल

१३. उपभोक्ता हित संरक्षण मञ्च, नेपाल

१४. कोक्याप, नेपाल

१५. एटविन नेपाल

१६. सुरक्षित आप्रवसनका लागि राष्ट्रिय सञ्जाल

१७. जुरी नेपाल

१८. मितिनी नेपाल,

१९. निलहिरा समाज

२०. पौरखी नेपाल

२१. दलित महिला केन्द्र

२२. नेपाल रेडक्रस

२३. फ्रिडम फर अल, नेपाल (फान, नेपाल)

२४. युथ एडभोकेसि नेपाल (यान)

२५. किर्डाक, नेपाल

२६. अन्तराष्ट्रिय भूमि सञ्जाल

२७. राष्ट्रिय अपाङ्ग महिला महासङ्घ

२८. शान्ति फाउण्डेशन

सदस्य सचिवः दिपेन्द्र बहादुर सिंह, नि. प्रमुख तथा मानव अधिकार रक्षक फोकल प्वाइण्ट, प्रवर्धन महाशाखा, राष्ट्रिय मानव अधिकार आयोग

पर्यवेक्षक

१. संयुक्त राष्ट्रसङ्घ विकास कार्यक्रम (युनडिपी)

२. युरोपियन युनियन

३. एमनेष्टी इन्टरनेशनल

४. मानव अधिकारको क्षेत्रमा क्रियाशील अन्तर्राष्ट्रिय सङ्घसंस्थाहरू

# परिच्छेद्–तिन
# प्रादेशिक सम्मेलन

## ३.१ पृष्ठभूमि

नेपालमा सङ्घीयता लागु भएपश्चात् राष्ट्रिय मानव अधिकार आयोगले पहिलो पटक प्रादेशिक तहमा मानव अधिकार रक्षक सम्मेलन आयोजना गरेको छ । राष्ट्रिय मानव अधिकार आयोगले पहिलो पटक मानव अधिकार रक्षकसम्बन्धी प्रादेशिक सम्मेलन एउटै मितिमा २०७८ फागुन २० र २१ गते सात वटै प्रदेशमा सम्पन्न गरेको हो । प्रादेशिक सम्मेलनमा ७७ वटै जिल्लाबाट मानव अधिकारका विविध सबालहरूमा काम गर्ने मानव अधिकार रक्षकहरूलाई लैङ्गिक, जाति तथा भौगोलिक समावेशीतासमेतको आधारमा प्रत्येक जिल्लाबाट मानव अधिकार रक्षकहरूको सहभागिता सुनिश्चित गरिएको थियो । सात वटै प्रदेशमा दुई दिनसम्म सञ्चालन भएको प्रादेशिक सम्मेलनमा "प्रदेशमा मानव अधिकार रक्षकहरूको सुरक्षा, अधिकार तथा पहिचानको अवस्था, समस्या, चुनौती र समाधानका उपाय", "मानव अधिकार रक्षकहरूको सुरक्षा, अधिकार संरक्षण तथा पहिचानका लागि राष्ट्रिय कानुनको अपरिहार्यता", "मानव अधिकार रक्षकहरूको सुरक्षा र संरक्षण सम्बन्धमा राष्ट्रिय मानव अधिकार आयोगको भूमिका", "महिला मानव अधिकार रक्षक, अल्पसङ्ख्यक तथा सिमान्तकृतका सबालहरूमा क्रियाशील मानव अधिकार रक्षकहरूको सुरक्षा, संरक्षण र पहिचान" गरी चारवटा विषयमा प्रस्तुती गर्नुको साथै खुला र समूह छलफलसमेत गरिएको थियो ।

## ३.२ उद्देश्य

मानव अधिकार रक्षकसम्बन्धी सम्मेलन आयोजना गर्नुका उद्देश्यहरू निम्नबमोजिम रहेका छन्ः

१. प्रादेशिक रूपमा मानव अधिकार रक्षकहरूको अवस्थाको अन्वेषण गरी प्रतिवेदन सार्वजनिक गर्ने,
२. मानव अधिकार रक्षकहरूको सुरक्षा र संरक्षणको लागि कानुनको अपरहार्यता सम्बन्धमा छलफल र पृष्ठपोषण प्राप्त गर्ने,
३. मानव अधिकार रक्षकहरूको सुरक्षाका सम्बन्धमा नागरिक समाज संस्था र राष्ट्रिय मानव अधिकार आयोगको भूमिकालाई थप प्रभावकारी बनाउने,
४. मुलुकको मानव अधिकारको अवस्थाको अनुगमन, सूचना तथा जानकारी साझा गर्ने, मानव अधिकारको अवस्थाको समीक्षा र मानव अधिकारको अवस्थामा सुधार गर्नका लागि मानव अधिकार रक्षक तथा नागरिक समाज संस्थाहरूसँग राष्ट्रिय मानव अधिकार आयोगको सहकार्यलाई थप मजबुत बनाउनका लागि सहयोग, सहकार्य र समन्वयका विभिन्न आयामहरूका बारेमा छलफल गर्ने तथा पृष्ठपोषण लिने र

५. राष्ट्रिय तथा स्थानीय स्तरमा मानव अधिकार रक्षकहरूको सञ्जालीकरण गरी क्षमता अभिवृद्धिका उपायहरूको खोजी गर्ने ।

## ३.३ मिति र स्थान

मितिः २०७८ फागुन २० र २१ गते

प्रदेश सम्मेलन आयोजना भएका स्थानहरूः

१. प्रदेश नं. १, विराटनगर
२. मधेश प्रदेश, जनकपुर
३. वाग्मती प्रदेश, हटौडा
४. गण्डकी प्रदेश, पोखरा
५. लुम्बिनी प्रदेश, बुटवल
६. कर्णाली प्रदेश, सुर्खेत
७. सुदूरपश्चिम प्रदेश, धनगढी

## ३.४ सहभागिता, विधि तथा पद्धति

सम्मेलन सहभागिता तथा समावेशिताको अवस्था

१. मानव अधिकार तथा नागरिक संस्थाका प्रतिनिधिहरू
२. स्वतन्त्र रूपमा क्रियाशील मानव अधिकार रक्षकहरू
३. मानव अधिकारका बिशिष्टिकृत सबालमा क्रियाशील मानव अधिकार रक्षकहरू (विकास, बतावरण, अपाङ्गता, दलित, उपभोक्ता, सुशासन, जवाफदेहिता, आदिवासी जनजाति, खाद्य अधिकार, व्यावसाय र मानव अधिकार, आप्रवासी कामदारका अधिकार, मानव बेचबिखनविरुद्ध क्रियाशील, युवा, न्यायमा पहुँच, जेष्ठ नगारिक, बालबालिका, लैङ्गिक, भाषिक अल्पसङ्ख्यकको अधिकार, अभिव्यक्ति तथा प्रेश स्वतन्त्रत, सूचनाको अधिकार)
४. महिला मानव अधिकार रक्षक

| क्र. सं. | मानव अधिकार रक्षकले प्रतिनिधित्व गरेको मानव अधिकार विषय | प्रतिशत |
|---|---|---|
| १ | जातीय विभेद | 3.9% |
| २ | महिला मानव अधिकार | 9.5% |

| | | |
|---|---|---|
| ३ | लैंगिक तथा यौनिक अल्पसंख्यक | 2% |
| ४ | अपांगता भएका व्यक्तिहरूको अधिकार | 6% |
| ५ | न्यायमा पहूँच | 4.5% |
| ६ | पत्रकार | 10.4% |
| ७ | एकल महिलाको अधिकार | 4.4% |
| ८ | दलित महिलाको अधिकार | 1.5% |
| ९ | बाल अधिकार | 3.3% |
| १० | शिक्षा, स्वास्थ्य तथा खाद्यको अधिकार | 0.5% |
| ११ | उपभोक्ता, वातावरण, सुशासन र विकास | 2.5% |
| १२ | आप्रवासी कामदारको अधिकार | 0.2% |
| १३ | जेष्ठ नागरिक | 0.5% |
| १४ | समग्र मानव अधिकारका क्षेत्रमा क्रियाशील | 24.7% |
| १५ | अन्य | 26. % |

समुदघाटन सत्र सहभागिता

१. समुदघाटन सत्रमा प्रमुख अतिथि प्रदेश मुख्यमन्त्री, सरकारका मन्त्री तथा पदाधिकारी, सुरक्षा निकायका प्रमुख, नेपाल सरकारका पदाधिकारी तथा सरकारी कर्मचारीहरू
२. राजनीतिक दलका प्रमुखहरू
३. पत्रकार
४. प्राज्ञिकहरू, शिक्षण संस्थाका प्रमुखहरू, विभिन्न धर्मका गुरुहरू,
५. स्थानीय तहका पदाधिकारी
६. विभिन्न सामाजिक तथा नागरिक समाज संस्थाका प्रमुख तथा प्रतिनिधिहरू
७. अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाका प्रतिनिधिहरू

सम्मेलन विधि तथा पद्धति

१. सहभागीहरूको मनोनयन
२. आमन्त्रितहरूलाई निमन्त्रण

३.	सहभागी तथा आमन्त्रितहरूको दर्ता
४.	समुदघाटन सत्र
५.	समुदघाटन सत्रमा आमन्त्रितहरूको शुभकामना तथा मन्तव्य
६.	प्रमुख अतिथिको मन्तव्य
७.	समुदघाटन सत्रको समापन
८.	विषय प्रस्तुतीकरण र छलफल
९.	समूह विभाजन, समूह छलफल र प्रस्तुति
१०.	मानव अधिकार रक्षकको अवस्था प्रश्नावलीको संङ्कलन
११.	अवस्था तथा स्थिति (Situation and Position paper) पत्र तयारी र जारी
१२.	मानव अधिकार रक्षक प्रदेश सम्मेलनको समापन

## ३.५ सम्मेलनमा प्रस्तुत विषय तथा कार्यक्रम

पहिलो दिन

१. समुदघाट सत्र

क. पहिलो दिन समावेश गरिएका विषय

१. प्रदेशअन्तर्गत समग्र मानव अधिकार रक्षकहरूको सुरक्षा तथा अधिकारको अवस्था, मानव अधिकार रक्षहरूको सुरक्षा तथा अधिकार उपभोगमा आइपर्ने चुनौतीहरू, सुरक्षा तथा संरक्षणका उपायहरू सम्बन्धी प्रस्तुतिकरण र छलफल ।

२. मानव अधिकार रक्षकहरूको सुरक्षा र रक्षकहरूका अधिकार संरक्षणका लागि राष्ट्रिय कानुन निर्माणको अपरिहार्यता, मानव अधिकार रक्षकहरूको सुरक्षा र संरक्षणका लागि त्यस्तो कानुनमा समावेश गरिनुपर्ने विषयहरू, मानव अधिकार रक्षकहरूको आर्थिक, समाजिक, भौतिक तथा कानुनी संंरक्षण सम्बन्धी व्यवस्था, बिधि तथा पद्धति र त्यस्तो कानुन कार्यान्वयन गर्ने निकाय तथा संयन्त्र कस्तो हुनुपर्छ भन्ने सम्बन्धमा प्रस्तुतीकरण र छलफल ।

ख. दोश्रो दिनका एजेण्डाहरू

१. मानव अधिकार रक्षक मार्गनिर्देशिका २०६९ मा संशोधन तथा प्रभावकारी कार्यान्वयनका लागि प्रस्तुतीकरण र छलफल ।

२. महिला मानव अधिकार रक्षक, अल्पसङ्ख्यक तथा सिमान्तकृत नागरिकहरूको अधिकार तथा त्यस्ता सबालहरूमा क्रियाशील मानव अधिकार रक्षकहरूको सुरक्षा जोखिम, अधिकार प्रचलनको अवस्था, समस्या, चुनौती र सुरक्षाका लागि बिशेष उपायहरू साथै त्यस्ता बिशिष्ट सबालहरूमा क्रियाशील मानव अधिकार

रक्षकहरूको सुरक्षा र संरक्षणका लागि बिशिष्ठिकृत संयन्त्रको निर्माणसम्बन्धी प्रस्तुतीकरण÷प्यानल छलफल÷समूह छलफल ।

३. मानव अधिकार रक्षक, नागरिक समाज संस्था र आयोगका बीचमा सहकार्यलाई थप प्रभावकारी बनाउने सम्वन्धमा के कस्ता उपायहरू अवलम्बन गर्नुपर्दछ ? मानव अधिकार रक्षकहरूको सुरक्षा तथा संरक्षण र कार्य प्रभावाकारिताका लागि सङ्घ, प्रदेश र स्थानीय तहसम्म सञ्जालिकरण, क्षमता अभिवृद्धिका उच्चतम नूमनाहरू के हुन सक्छन ? मानव अधिकार रक्षकहरूको सुरक्षा र संरक्षणमा प्रदेश तथा स्थानीय सरकारको भूमिका के हुन सक्छ ? त्यस्ता सञ्जालिकरणहरूमा संस्थागत रूपमा आबद्ध नभएका मानव अधिकार रक्षकहरूलाई कसरी समेटन सकिन्छ ? समूह विभाजन, समूह प्रस्तुती र छलफल ।

४. मानव अधिकारका विभिन्न सबालहरूमा क्रियाशील मानव अधिकार रक्षकहरूको अवस्था, सुरक्षा चुनौती र संरक्षणका उपायहरू सम्बन्धी समुह छलफल र समूह प्रस्तुतीकरण (अपाङ्गअपाङ्गता भएका व्यक्तिहरूको अधिकार, ीन्घत्क्क्त (लैङ्गिक तथा यौनिक अल्पसंख्यक), जातीय विभेद विरुद्धको अधिकार, वातावरण, आदिवासी जनजातिको अधिकार, आर्थिक सामाजिक तथा सांस्कृतिक अधिकार, नागरिक तथा राजनीतिक अधिकार, बाल अधिकार, आप्रवासी कामदारको अधिकार, सङ्क्रमणकालीन न्याय, यातनाविरुद्धको अधिकार, महिला अधिकारलगायत मानव अधिकारकमा नवीनतम आयाम व्यावसाय र मानव अधिकार) समूह छलफल ।

५. मानव अधिकार रक्षकहरूको अवस्थाको अध्ययन, मूल्याङ्कन र विश्लेषण गर्ने प्रयोजनका लागि तयार पारिएको प्रश्नावली फारम सहभागीहरूबाट भर्न लगाई संकलन गर्ने ।

६. मानव अधिकार रक्षक सम्मेलन प्रदेश घोषणापत्र तयारी र जारी ।

## ३.६ प्रदेश नं. १ सम्मेलन, विराटनगर, मोरङ

मानव अधिकार रक्षकसम्बन्धी प्रादेशिक सम्मेलन गर्ने आयोगको कार्यक्रम अनुरूप मिति २०७८ फागुन २० र २१ गते प्रदेश नं १ को राजधानी विराटनगरमा मानव अधिकार रक्षकसम्बन्धी प्रादेशिक सम्मेलन सम्पन्न भएको थियो । सम्मेलनमा प्रदेश नं. १ अन्तर्गत पर्ने १४ जिल्लाका ११६ जना मानव अधिकार रक्षकहरू सहभागी भएका थिए । भने, १५ बुँदे घोषणापत्र जारी गरी सम्मेलन सम्पन्न भएको थियो । घोषणापत्र अनुसूची तीनमा राखिएको छ ।

(क) सम्मेलनबाट प्राप्त तथ्य, समस्या र चुनौती

१. मानव अधिकार रक्षकहरूले धम्की, डरत्रास तथा जोखिमका बीचमा काम गर्नुपरेको, विभिन्न व्यक्ति, समूह तथा सङ्गठन, व्यावसायीहरू, राजनीतिक दलका कार्यकर्ताहरूबाट मानव अधिकार रक्षकहरूलाई सुरक्षा जोखिम रहेको ।

२. मानव अधिकार रक्षकहरूका अधिकारको संरक्षण गर्नुपर्ने र उनीहरूको सुरक्षाको लागि क्रियशील हुनुपर्ने सुरक्षा र प्रशासनिक निकायहरू मानव अधिकार रक्षकहरूको सुरक्षाप्रति संवेदनशील हुन नसकेको । सार्वजनिक पद धारण गरेका व्यक्तिबाट नै धम्की तथा सुरक्षा जोखिमको सामना गर्नुपरेको ।

३. राजनीतिक दलका कार्यकर्ताहरूबाट हुने मानव अधिकार विरोधी कार्यहरू तथा अपराधिक घटनाहरूमा राजनीतिक दलहरूले आफ्ना कार्यकर्ताहरूलाई संरक्षण दिने गरेको, त्यस अवस्थामा त्यस्ता घटनाहरूको सूचना संप्रेसण गर्ने, अनुगमन गरी प्रतिवेदन सार्वजनिक गर्ने, पीडितको न्यायको लागि सहजीकरण गर्ने मानव अधिकार रक्षक थप जोखिममा पर्ने गरेको ।

४. सार्वजनिक प्रशासन, सुरक्षा निकाय तथा व्यावसायिक निजि सङ्गठनहरूले मानव अधिकार रक्षकहरूको भूमिकालाई स्विकार्न नसकेको ।

५. महिला हिंसा, बलात्कारजस्ता जघन्य आपराधिक घटनामा समेत गुपचुपमा नै मिलापत्र हुने गरेको, कतिपय अवस्थामा स्थानीय प्रहरी प्रशासनले समेत मिलापत्र गराउन आफैँले पहल गर्ने अवस्थाहरू अहिले पनि पनि विद्यमान रहेको, यस्तो अवस्थामा न्यायको लागि पहल, सहजिकरण र सहयोग गर्ने मानव अधिकार रक्षकहरूसमेत जोखिममा पारिने खतराहरू रहेको ।

६. अपाङ्गतामैत्री संरचनाको अभावमा अपाङ्गता भएका मानव अधिकार रक्षकलाई काम गर्न असजह र कठिनाइहरू रहेको, राज्यले सार्वजनिक सेवा प्रवाहमा समेत यस्तो संवेदनशील क्षेत्रमा उचित ध्यान दिएको छैन ।

७. कतिपय अवस्थामा राजनीतिक दलसँग आबद्ध व्यक्ति मानव अधिकार रक्षकको भूमिकामा रहँदा सबै मानव अधिकार रक्षकहरूले राजनैतिक गरेको लान्छना लाग्ने गरेको, ।

८. आरोपित तथा पीडकहरूबाट मानव अधिकार रक्षकहरूलाई विभिन्न खालका डर, धाक–धम्की आउने गरको । जसले गर्दा कतिपय मानव अधिकार रक्षकहरू मानसिक रुपमा कमजोर हुनुका साथै विस्थापित

समेत भइरहेको ।मानव अधिकार हननका घटनामा पीडितहरूको न्यायको लागि आवाज उठाउने तथा न्यायका लागि साथ दिने व्यक्तिले धम्की, हिंसा तथा गैरकानुनी पक्राउ जस्ता कार्यहरूको सामना गर्नुपरेको ।

९. महिला मानव अधिकारकर्मीहरूले विभिन्न खालका दुर्व्यवहार र हिंसा भोग्नुका साथै विभिन्न लान्छना र आरोपको समेत सामना गर्नुपरिरहेको ।

१०. स्थानीय स्तरमा रहेर काम गरिरहेका मानव अधिकार रक्षकहरूले आवश्यक सूचनाहरू लिनुपर्दा सहजै नपाइने अवस्थाहरू रहेको ।

११. कोभिड १९ को महामारीले मानव अधिकार रक्षकहरूलाई समेत प्रभावित गरेको, कतिपयको रोजगारी गुमेको छ । आर्थिक अवस्थाहरू कमजोर हुँदै गएको ।

१२. कोभिड १९ प्रभावित मानव अधिकार रक्षकले राज्यबाट पाउनुपर्ने बीमा रकम लगायत अन्य सेवा सुविधाहरूसमेत पाउन नसकेको ।

१३. प्राकृतिक स्रोतको संरक्षण, व्यवस्थापन र उपयोग गर्दै आइरहेका परम्परागत समुदायमाथि राज्य र निजी क्षेत्रबाट मानव अधिकार हनन् बढ्दै गएको ।

१४. जलवायु परिवर्तन तथा प्रदुषणको कारणले मानव अधिकार हननको स्वरूप बदलिदै गएको परिवेशमा त्यस्ता क्षेत्रमा काम गर्ने मानव अधिकार रक्षकहरूले थप समस्याहरू सामना गर्नुपरेको ।

१५. महिला, एकल महिला, मानव बेचबिखन पीडित महिला, दलित, अपाङ्गता भएका व्यक्ति, आदिवासी जनजाति, सिमान्तकृत, लोपोन्मुख, जेष्ठ नागरिक, असहाय बालबालिका, किशोरी, एचआईभी सङ्क्रमित तथा प्रभावित, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, वैदेशिक रोजगारीका पीडित लगायत विभिन्न समुदायको अधिकारको क्षेत्रमा क्रियाशील अधिकार रक्षकहरूलाई मानव अधिकार संरक्षण र संवर्धनमा काम गर्न कठिनाइ रहेको ।

## ३.७ मधेश प्रदेश सम्मेलन, जनकपुरधाम, धनुषा

मानव अधिकार रक्षकसम्बन्धी प्रादेशिक सम्मेलन गर्ने आयोगको कार्यक्रम अनुरूप मिति २०७८ फागुण २० र २१ गते मधेश प्रदेशको राजधानी जनकपुरधाममा मानव अधिकार रक्षकसम्बन्धी प्रादेशिक सम्मेलन सम्पन्न भएको थियो । सम्मेलनमा मधेश प्रदेशअन्तर्गत पर्ने आठ जिल्लाका ९३ जना मानव अधिकार रक्षकहरू सहभागी भएका थिए । भने, सम्मेलन १५ बुँदे घोषणापत्र जारी गरी सम्पन्न भएको थियो । घोषणापत्र अनुसूची तीनमा राखिएको छ ।

(क) सम्मेलनबाट प्राप्त तथ्य, समस्या तथा चुनौतीहरू

१. समाजमा जातीय भेदभाव तथा छुवाछुत कायमै रहेको ।
२. मानव अधिकार रक्षकले जातीय समानता र अधिकारको कुरा गर्दा जातीय तथा साम्प्रदायिक भएको लाञ्छना लाग्ने गरेको ।
३. विकासको मुलधारबाट दलित, अपाङ्ग, यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक र आदिवासी जनजाति समुदायलाई पछाडि पारिएको, तिन तह कै सरकार उनीहरूको अधिकारका लागि संवेदशील हुन नसकेको, साथै त्यस्ता समुदायहरूले मर्यादित रूपमा जीवनयापन गर्न नपाएको ।
४. जातीय तथा अन्य सामाजिक छुवाछूत तथा भेदभाव (कसूर र सजाय) ऐन, २०६८ व्यवहारमा लागु हुन नसकेको ।
५. अपाङ्गता भएका व्यक्तिहरूका लागि बनेका नीति, ऐन, कानुन तथा कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन हुन नसकेको ।
६. महिला, एकल महिला तथा बालबालिकाका अधिकार संरक्षण तथा दिगो कार्यान्वयनका सबालमा तीनतहको सरकार गम्भीर नभएको, समावेशीताको सिद्धान्त पूर्णरुपमा लागु हुन नसकेको ।
७. मानव अधिकारका सवालहरूमा राष्ट्रिय मानव अधिकार आयोगले समयभित्र नै तत्काल हस्तक्षेप गर्नुपर्ने ।
८. मानव अधिकार रक्षकहरूलाई हिरासत कक्ष तथा कारागार अनुगमनमा गर्नबाट वञ्चित गर्ने गरेको ।
९. मानव अधिकार रक्षकहरूका लागि सामाजिक तथा व्यक्तिगत सुरक्षा प्रत्याभूति हुन नसकेको ।
१०. मानव अधिकार रक्षक विशेष गरी महिला मानव अधिकार रक्षकविरुद्ध चारित्रिक आरोप लगाइने गरेको, सामाजिक सञ्जालबाट धम्की, सामाजिक मानप्रतिष्ठामा आँच आउने अपुष्ट समाचार प्रकाशनलगायतका कार्य हुने गरेको ।
११. मानव अधिकार रक्षकहरू सामाजिक अभियन्ताका रूपमा स्थापित हुन कठिनाइ रहेको ।
१२. समाज, सरकार, सेवाप्रदायक निकायहरू र मानव अधिकार रक्षकबीच सहयोग, समन्वय र सहकार्यको अभाव रहेको ।
१३. मानव अधिकार रक्षकहरूको घर–परिवार तथा स्वयम् मानव अधिकार रक्षकलाई काममा अवरोध हुने गरेको ।

१४. मानव अधिकार रक्षकहरूलाई राजनीतिक दलहरूबाट दबाब, धम्की तथा अवरोधहरू आउने गरेको ।

१५. मानव अधिकार रक्षकहरूले हिंसा, अपराध तथा मानव अधिकार उल्लङ्घनका पीडितहरूको तर्फबाट न्याय तथा मानव अधिकार संरक्षणका लागि कार्य, वकालत तथा समाचार सम्प्रेषण गर्दा घरपरिवारका सदस्यहरूको तफबाट समेत अवरोध तथा असहयोगको सामना गर्नुपरिरहेको ।

१६. मानव अधिकारसम्बन्धी अवधारण स्थानीय तहसम्म पुग्न नसकेको ।

१७. जिल्ला तथा स्थानीय तहमा क्रियाशील मानव अधिकार रक्षकहरू थप जोखिममा रहेको, जिल्ला तथा स्थानित तहमा मानव अधिकार रक्षकको प्रभावकारी तथा बलियो सञ्जालको अभाव रहेको ।

१८. युवाहरू तथा महिला मानव अधिकार रक्षकहरूको क्षमता, नेतृत्व तथा कार्यशैलीप्रति विश्वसनिय वातावरणको सिर्जना हुन नसकेको ।

१९. मानव अधिकार, युवा, बाल अधिकार, महिला अधिकार, ज्येष्ट नागरिकलगायतका सवालहरूमा क्रियाशील मानव अधिकार रक्षकहरूको पहिचानको समस्या कायमै रहेको ।

२०. पीडितले समयमा न्याय प्राप्त गर्न नसक्दा मानव अधिकार रक्षकको कार्य क्षमता तथा क्रियाशीलताप्रति शङ्का÷प्रश्न उठने गरेको ।

२१. मानव अधिकार हनन्का घटनाहरू अधिकारकर्मी÷रक्षकसम्म नआउँदै समुदाय स्तरमा मिलापत्र हुने गरेको ।

२२. नेपालको अर्थतन्त्रमा विप्रेषणको ठुलोे भूमिका भएता पनि तथा आप्रवासी कामदारका लागि नीति, नियम बने पनि कार्यान्वयनको प्रभावकारी हुन नसकेको ।

२३. मानव अधिकारको संरक्षण, सम्मान र परिपूर्ति गर्ने निकायले आफनो जिम्मेवारी तथा दायित्व पूरा नगर्दा मानव अधिकार सुनिश्चत हुन नसकेको ।

२४. मानव अधिकार रक्षकहरूले आप्रवासी कामदारका अधिकारहरूको सवालमा वकालत गर्दा स्थानीय तहबाट अवरोध हुने गरेको । साथै, एजेण्ट तथा म्यान पावर कम्पनीका तर्फबाट डर, धम्की समेत धम्की आउने गरेको । आप्रवासी कामदारको अधिकारका क्षेत्रमा काम गर्ने मानव अधिकार रक्षकहरूको क्षेत्र प्राथमिकतामा पर्न नसकेको ।

२५. स्थानिय तहमा उपभोक्ता समिति गठन नभएको र गठन गर्न मानव अधिकार रक्षकहरूले पहल गर्दा सुनुवाई नभएको ।

२६. वातवरण संरक्षण, अवैध उत्खनन, शुसासन, विकास, उपभोक्ता अधिकार, महिला तथा बाल अधिकारको पक्षमा वकालत गर्ने मानव अधिकार रक्षकहरू अत्याधिक जोखिममा रहेका ।

## ३.८ वाग्मती प्रदेश सम्मेलन, हेटौँडा, मकवानपुर

मानव अधिकार रक्षकसम्बन्धी प्रादेशिक सम्मेलन गर्ने आयोगको कार्यक्रम अनुरूप मिति २०७८ फागुण २० र २१ गते वाग्मती प्रदेश राजधानी हेटौँडामा मानव अधिकार रक्षक प्रादेशिक सम्मेलन सम्पन्न भएको थियो । सम्मेलनमा यस प्रदेशअन्तर्गत पर्ने १३ जिल्लाका १४८ जना मानव अधिकार रक्षकहरू सहभागी भएका थिए । भने, सम्मेलन १६ बुँदे घोषणापत्र जारी गरी सम्पन्न भएको थियो । घोषणापत्र अनुसूची तीनमा राखिएको छ ।

(क) सम्मेलनबाट प्राप्त तथ्य, समस्या र चुनौती

१. राजनीतिक नेतृत्व, सुरक्षा निकाय र सरकारी संयन्त्रले मानव अधिकार रक्षकको भूमिका र पहिचानलाई स्विकार्न नसकेको । कतिपय अवस्थामा राजनीतिक दलहरूले आफ्ना कार्यकर्ताहरूलाई मानव अधिकार उल्लङ्घनका घटनामासमेत संलग्न गराउने गरेको ।

२. मानव अधिकार हनन्का घटनामा पीडितहरूको न्यायकोलागि आवाज उठाउने व्यक्तिले धम्की, हिंसा तथा गैरकानुनी पक्राउ जस्ता कार्यहरूको सामना गर्नुपरिरहेको ।

३. महिला मानव अधिकारकर्मीहरूले विभिन्न खालका दुव्र्यवहार र हिंसा भोग्नुका साथै विभिन्न लान्छना र आरोपको समेत सामना गर्नुपरिरहेको ।

४. महिला हिंसा, बलात्कारजस्ता जघन्य आपराधिक घटनामा मिलापत्र हुने गरेको, मानव अधिकार रक्षकहरूले यसका विरुद्ध आवाज उठाउन खोज्दा धम्कीको सामाना गर्नुपरेको ।

५. पीडकहरूले मानव अधिकार रक्षकहरूलाई विभिन्न खालका डर, धाक–धम्की दिने गरेको, जसले गर्दा कतिपय मानव अधिकार रक्षकहरू मानसिक रूपमा कमजोर हुनुका साथै विस्थापित समेत भइरहेको ।

६. स्थानीय स्तरमा रहेर काम गरिरहेका मानव अधिकार रक्षकहरूले आवश्यक सूचनाहरू लिनुपर्दा सहजै नपाउने अवस्था रहेको ।

७. प्राकृतिक स्रोतको संरक्षण, व्यवस्थापन र उपयोग गर्दै आइरहेका परम्परागत समुदायमाथि राज्य र निजी क्षेत्रबाट मानव अधिकार हनन् बढ्दै गएको, साथै, जलवायु परिवर्तन तथा प्रदुषणको कारणले मानव अधिकार हनन्को स्वरूप बदलिदै गएको परिवेशमा यी क्षेत्रमा काम गर्ने मानव अधिकार रक्षकहरूले थप समस्याहरू सामाना गर्नुपरिरहेको ।

८. कोभिड १९ को महामारीले मानव अधिकार रक्षकहरूलाई समेत प्रभावित गरेको, कतिपयले रोजगारी गुमाएको, आर्थिक अवस्थाहरू कमजोर हुँदै गएको, साथै कोभिड १९ प्रभावितले राज्यबाट पाउनुपर्ने बीमा रकम लगायत अन्य सेवा सुविधाहरूसमेत नपाएको ।

९. अपाङ्गतामैत्री सार्वजनिक संरचनाको अभावमा अपाङ्गता भएका व्यक्ति लगायत वकालत गर्ने मानव अधिकार रक्षकलाई काम गर्न असहजता र कठिनाइ रहेको ।

१०. राज्यका निकायहरूले सार्वजनिक सेवा प्रवाहमा उचित ध्यान दिन नसकेको ।

११. महिला, एकल महिला, मानव बेचबिखन पीडित महिला, दलित, अपाङ्गता भएका व्यक्ति, आदिवासी जनजाति, सिमान्तकृत, जेष्ठ नागरिक, असाहाय बालबालिका, लोपोन्मुख, किशोरी, एच.आई.भि. सङ्क्रमित तथा प्रभावित, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, वैदेशिक रोजगारी पीडितलगायत समुदायको अधिकार रक्षकहरूलाई मानव अधिकार संरक्षण र संवर्धनमा काम गर्न अवरोध तथा कठिनाइ रहेको ।

## ३.९ गण्डकी प्रदेश सम्मेलन, पोखरा, कास्की

मानव अधिकार रक्षकसम्बन्धी प्रादेशिक सम्मेलन गर्ने आयोगको कार्यक्रमअनुरूप मिति २०७८ फागुण २० र २१ गते गण्डकी प्रदेश राजधानी पोखरामा मानव अधिकार रक्षक प्रादेशिक सम्मेलन सम्पन्न भएको थियो । सम्मेलनमा गण्डकी प्रदेशअन्तर्गत पर्ने ११ जिल्लाका १०० जना मानव अधिकार रक्षकहरू सहभागी भएका थिए । भने, सम्मेलन १७ बुँदे घोषणापत्र जारी गरी सम्पन्न भएको थियो । घोषणापत्र अनुसूची तीनमा राखिएको छ ।

(क) सम्मेलनबाट प्राप्त तथ्य, समस्या र चुनौतीहरू

१. कतिपय मानव अधिकार रक्षकहरूलाई नै मानव अधिकार रक्षक को हुन, मानव अधिकार रक्षकहरूले मानव अधिकार संरक्षण र संवर्धनका लागि कसरी काम गर्ने, मानव अधिकारका सबालहरूलाई कसरी वकालत गर्ने, मानव अधिकार रक्षकहरूले पालन गर्नुपर्ने सिमाहरू के के हुन, भन्ने जस्ता विषय नै स्पष्ट जानकारी नभएको ।
२. मानव अधिकार रक्षकहरूको सुरक्षा तथा पहिचानको अवस्था कमजोर रहेको, मानव अधिकार रक्षकको संरक्षण र सुरक्षाको सुनिश्चित गर्ने विशेष कानुनको अभाव रहेको ।
३. सार्वजनिक निकाय, समाज तथा जिम्मेवारी बहन गर्नुपर्ने संस्था तथा व्यक्तिहरूले मानव अधिकारको आफू अनुकूल प्रयोग र परिभाषा गर्दा मानव अधिकार संस्कृतिको स्थापना हुन कठिनाई रहेको ।
४. अपाङ्गता भएका मानव अधिकार रक्षकहरूको अधिकार संरक्षणका लागि संवर्धन, पहुँच तथा सहभागिता सुनिश्चित हुन नसक्दा सेवा तथा सुविधाहरूबाट वञ्चितिकरणमा पर्ने गरेको, अपाङ्गता भएका व्यक्तिहरूका सम्बन्धमा सञ्चार माध्यमा प्रयोग हुने भाषाशैली मर्यादित हुन नसकेको ।
५. महिला तथा बालबालिकामाथि हुने हिंसाका घटना बढ्दै जाँदा तथा पीडितको े न्यायमा पहुँच सुनिश्चित हुन नसक्दा उनीहरूले आफ्ना अधिकारको उपभोगबाट वञ्चितकरणमा पर्नुपरेको ।
६. सङ्क्रमणकालीन न्यायका संयन्त्रले पीडितलाई न्यायको अनुभूति दिने गरी काम गर्न नसकेकोले पीडितमा नैरास्यताको अवस्था पैदा भएको ।
७. राजनीतिक दलहरूमा मानव अधिकारमैत्री व्यवहारको कमी रहेको ।
८. नीति निर्माण भएपनि सोको कार्यान्वयनकालागि प्रशासनिक व्यवस्थापन प्रहरीले गर्नुपर्ने हुँदा कानुन र व्यवहारको सामञ्जस्यता मिल्न नसकेको ।

९. कोभिड १९ का कारण बालबालिका शिक्षाको पहुँचबाट बाहिर रहेको र बालबालिकामा इन्टरनेट फोविया लत देखिएकोले मनोसामजिक असर परेको ।

१०. मानव अधिकार राष्ट्रिय कार्ययोजना कार्यान्वयनका लागि सङ्घ, प्रदेश, जिल्ला र स्थानीय तहमा समिति गठन हुन नसकेको र आयोगले निरन्तर अनुगमन गनुपर्ने ।

११. गलत परम्परागत अभ्यासका कारण मानव अधिकार हनन् हुने गरेको हुँदा त्यस्तो अभ्यास हटाउनका लागि सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनुपर्ने ।

१२. प्रदेश तथा स्थानीय तहहरूमा मानव अधिकार रक्षकसम्बन्धी विषय हेर्नका लागि छुट्टै डेस्क स्थापना गरिनुपर्ने र सोका लागि आयोगले पहल गर्नुपर्ने ।

१३. मानव अधिकार रक्षकहरूका लागि छुट्टै कानुन निर्माण हुन नसक्दा मानव अधिकार रक्षकहरूको संरक्षण, सुरक्षा, पहिचान र मान्यतामा चुनौती रहेको ।

१४. स्थानीय तहसम्म मानव अधिकार रक्षकको पहिचान र सूचनामा पहुँचको समस्या रहेको ।

१५. मानव अधिकार रक्षकहरू पनि राजनीतिक रूपमा विभाजित हुँदा राजनीतिक दलबाट रक्षकहरू माथि हस्तक्षेप हुने गरेको, पदीय जिम्मेवारीको दुरुपयोग हुने गरेको तथा कतिपय अवस्थामा मानव अधिकार रक्षकहरूको दोहोरो चरित्रका कारण आफैँ समस्यामा पर्ने गरेको ।

१६. मानव अधिकार रक्षकहरूबीचमा नै समन्वय र सहकार्यको अभाव रहेको, जसका कारण मानव अधिकार रक्षकहरूले अवरोध, धम्की, आक्रमण तथा असुरक्षाको सामाना गर्नुपरिरहेको ।

१७. मानव अधिकार रक्षकका लागि विद्यमान संरचनागत र कानुनी संयन्त्रहरूको सबालमा राज्य संवेदनशील हुन नसकेको तथा सोको प्रभावकारी कार्यान्वयन हुन नसकेको ।

१८. मानव अधिकारको क्षेत्रमा काम गर्ने सङ्घसंस्थाबीच अस्वस्थ प्रतिस्पर्धा हुने गरको साथै, मानव अधिकार रक्षक संरक्षणको विषय साझा सबाल बन्न नसकेको ।

१९. गृह मन्त्राललयबाट मानव अधिकार रक्षकको सुरक्षा र संरक्षणसम्बन्धी जारी गरिएको आदेश २०७७ का बारेमा मानव अधिकार रक्षकहरू नै अनविज्ञ भएको र जिम्मेवार निकायबाट सोको प्रभावकारी कार्यान्वयनको अभाव रहेको ।

२०. मानव अधिकार रक्षकहरूको संरक्षण, सुरक्षा, मानव अधिकारको अवस्थालाई सुदृढ बनाउन तथा पीडितको न्यायमा पहुँचलाई प्रभावकारी बनाउनका लागि प्रदेश, जिल्ला तथा स्थानीयस्तरमा मानव अधिकार रक्षक सञ्जालहरू निर्माण गरिनुपर्ने ।

२१. राष्ट्रिय मानव अधिकार आयोगका सिफारिस कार्यान्वयनका लागि मानव अधिकार रक्षकहरूबाट दबाब सृजना गरिनुपर्ने ।

## ३.१० लुम्विनी प्रदेश सम्मेलन, बुटवल, रुपन्देही

आयोगको मानव अधिकार रक्षकसम्बन्धी प्रादेशिक सम्मेलन सम्पन्न गर्ने कार्यक्रम अनुरूप मिति २०७८ फागुण २० र २१ गते लुम्बिनी प्रदेश अस्थाई राजधानीे बुटवालमा मानव अधिकार रक्षक प्रादेशिक सम्मेलन सम्पन्न भएको थियो । सम्मेलनमा लुम्विनी प्रदेशअन्तर्गत पर्ने १२ जिल्लाका १०६ जना मानव अधिकार रक्षकहरू सहभागी भएका थिए । भने, सम्मेलन १६ बुँदे घोषणापत्र जारी गरी सम्पन्न भएको थियो । घोषणापत्र अनुसूची तीन मा राखिएको छ ।

(क) सम्मेलनबाट प्राप्त तथ्य, समस्या र चुनौतीहरू

१. मानव अधिकार रक्षकको भूमिकालाई स्वीकार्य बनाउन नसकिएको, मानव अधिकार रक्षकहरूको भूमिकालाई सिमान्तकृत समुदायले विश्वास गर्न नसकेको ।

२. विभिन्न सेवासुविधाहरूमा पक्षपातपूर्ण व्यवहार, अपाङ्गता र यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकहरूलाई संरचनात्मक अवरोध रहेको, मानव अधिकार रक्षकहरूको एकीकृत तथ्याङ्कको अभाव रहेको ।

३. राज्यका निकाय तथा निजी कम्पनीहरूले मानव अधिकार रक्षकलाई प्रतिद्वन्दीको रूपमा हेर्ने गरेको ।

४. कतिपय मानव अधिकारकर्मी नै स्वतन्त्र र निष्पक्ष हुन नसकेको, मानव अधिकारकर्मीको क्षमता र तत्परतामा शंङ्का गरिने गरेको, मानव अधिकार रक्षकहरूका बीचमा सबालगत रूपमा विविधता रहेको र मानव अधिकार रक्षकमैत्री कानुनको अभाव रहेको ।

५. मानव अधिकार रक्षकहरूको सुरक्षा जोखिम रहेको (डर, धम्की, अवरोध ), मानव अधिकारकार रक्षकहरू पनि सङ्गठित हुन नसकेको ।

६. मानव अधिकार रक्षकहरूलाई संरचनागत विभेद, सामाजिक सङ्घसंस्था तथा मानव अधिकारका सबालहरूको वकालत गर्ने व्यक्तिलाई डलरको खेतीको आरोप लाग्ने गरेको, मानव अधिकार रक्षक विरुद्ध सामाजिक सञ्जालको दुरुपयोग हुने गरेको, रक्षकहरुको गोपनियताको अधिकार जोखिममा रहेको, मानव अधिकार रक्षकलाई जातिवादी, सम्प्रदायिक र महिलावादी मात्र हुने गरेको जस्ता लान्छना लाग्ने गरेको ।

७. मानव अधिकार रक्षकलाई हेर्ने दृष्टिकोण सकारात्मक हुन नसकेको, मानव अधिकार रक्षकको संरक्षण र सुरक्षासम्बन्धी कानुनको अभाव रहेको, मानव अधिकार रक्षकको क्षमता सवलिकरणमा सम्बन्धित पक्षको ध्यान जान नसकेको ।

८. मानव अधिकार रक्षककाक्षमता माथि शङ्का हुने गरेको, मानव अधिकार रक्षकहरूबाट पीडितको पक्षमा एकीकृत सेवा प्रवाह प्रणाली प्रभावकारी हुन नसकेको ।

९. सङ्घीय प्रणालीअनुसार सरकारको तीन वटै सरकारका काम, कर्तव्य, अधिकार र दायित्वको सम्बन्धमा व्यवहारिक कानुनीरूपले कार्यान्वयन हुन नसकेको, मानव अधिकार रक्षकहरूको एकता तथा सुरक्षाका लागि सयुक्तरूपमा सञ्जालीकरण हुन नसकेको, मानव अधिकार रक्षकहरूलाई सङ्घसंस्थाहरूले पनि बेवास्तागर्ने गरेको ।

१०. मानव अधिकार रक्षकहरू विभिन्न संस्थामा क्रियाशील रहेता पनि जिल्ला तथा स्थानिय तहमा सञ्जाल वा छाता सङ्गठन नहुँदा कार्य गर्न असहजता, पहिचानको लागि परिचयपत्र नहुँदा काम गर्न अप्ठ्यारो, सम्प्रदायिकताको आरोप लाग्ने, मानव अधिकार रक्षकहरूको लागि बीमा, स्वास्थ्य उपचार तथा आवश्यक तालिमको अवसरको अभाव रहेको ।
११. मानव अधिकार रक्षकहरूको सङ्गठन संरचना र परिचालन सम्बन्धित प्रस्ट नीति तथा कानुनको अभाव, मानव अधिकार रक्षकहरूलाई विकास विरोधीको संज्ञा दिइने गरेको, मानव अधिकार रक्षकहरूलाई आर्थिक लान्छनाको आरोप लाग्ने गरेको ।
१२. मानव अधिका रक्षकलाई अनुगमन गर्न तथा सूचना प्राप्त गर्न कठिनाई हुने गरेको ।
१३. बिभिन्न उद्योग तथा निर्माणकार्यहरूबाट वातावरणीय अवस्थामा नकारात्मक प्रभाव पर्ने गरेको, कतिपय उपभोक्ता अधिकार जोखिममा रहेको त्यस्ता सबालहरूमा वकालत तथा अभियान सञ्चालन गर्ने मानव अधिकार रक्षकहरू जोखिममा पर्ने गरेको ।
१४. अनौपचारिक क्षेत्रका कामदारहरूको अधिकारका निम्ति सम्बन्धित सरोकारवालाहरूले चासो नदिने गरेको ।
१५. मानव अधिकार रक्षकहरू राज्यद्वारा उपेक्षित रहेको, उनीहरूलाई राज्य÷राजनीतिक दलहरूबाट पीडितलाई उक्साएको आरोप लाग्ने गरेको, मानव अधिकार रक्षकहरूलाई धम्की र असुरक्षाको अवस्था रहेको, रक्षकहरूको संरक्षण तथा सुरक्षाका लागि नीतिगत तथा कानुनी व्यवस्थाको अप्रयाप्तता रहेको ।
१६. मानव अधिकार रक्षकलाई अस्पष्ट सूचना दिइने गरेको, थुनुवाकक्ष, बन्दीगृहको अनुगमन गर्नबाट वञ्चित गर्ने गरिएको ।
१७. मानव अधिकार रक्षकहरूलाई औपचारिक पहिचानको कमी, असुरक्षा, असहयोग, अविश्वासको अवस्था रहेको साथै कतिपय अवस्थामा अभियोगको धम्कीको सामना गर्नुपरेको, मानव अधिकार रक्षकहरूका कार्यको मूल्याङ्कन हुन नसकेको ।
१८. मानव अधिकार रक्षकहरूमा विषयगत ज्ञानमा कमी रहेको ।

## ३.११ कर्णाली प्रदेश सम्मेलन, वीरेन्द्रनगर, सुर्खेत

मानव अधिकार रक्षकसम्बन्धी प्रादेशिक सम्मेलन गर्ने आयोगको कार्यक्रम अनुरूप मिति २०७८ फागुण २० र २१ गते कर्णाली प्रदेश राजधानी सुर्खेत, वीरेन्द्रनगरमा मानव अधिकार रक्षकसम्बन्धी प्रादेशिक सम्मेलन सम्पन्न भएको थियो । सम्मेलनमा कर्णाली प्रदेश अन्तर्गत पर्ने १० जिल्लाका १२९ जना मानव अधिकार रक्षकहरू सहभागी भएका थिए । भने, सम्मेलन १७ बँुदे घोषणापत्र÷स्थितिपत्र जारी गरी सम्पन्न भएको थियो । घोषणापत्र÷स्थितिपत्र अनुसूची तीन मा राखिएको छ ।

### (क) सम्मेलनबाट प्राप्त तथ्य, समस्या, चुनौती र सुझावहरू

१. मानव अधिकार रक्षक तथा नागरिक समाजहरूको पहिचानका लागि कार्य गर्नुपर्ने, यसका लागि उनीहरूको सूची तयार गर्नुपर्ने ।
२. मानव अधिकार रक्षक र नागरिक समाजहरूको साझा सञ्जाल सबै तहमा निर्माण हुनुपर्ने ।
३. मानव अधिकार रक्षकसम्बन्धी नीति तथा कानुनी र कार्यक्रमगत व्यवस्था गर्नुपर्ने ।
४. मानव अधिकार रक्षकहरूको नियमित बैठक, कार्यशाला र क्षमता सवलिकरणका लागि प्रशिक्षण तथा अभिमुखीकरण गर्नुपर्ने
५. मानव अधिकार रक्षकहरूको सुरक्षा र संरक्षणका लागि पुस्तक÷पुस्तिका, पम्पलेट, प्रकाशन र वितरण गरी दायित्व बोध गराउने गरी समन्वय र सहकार्य तथा सम्मान गर्नुपर्ने ।
६. स्थानीय तहमा मानव अधिकार सूचना केन्द्र र पुस्तकालय स्थापना गर्नुपर्ने ।
७. मानव अधिकार रक्षक सहायता कोष स्थापना गर्नुपर्ने, रक्षकहरूका लागि कानुनी सहायता र स्वास्थ्य उपचारको व्यवस्था गर्नुपर्ने, मानव अधिकार रक्षकहरूको सुरक्षा बीमा गर्नुपर्ने ।
८. मानव अधिकार रक्षकहरूको सञ्जाल गठनका लागि सङ्घ, प्रदेश र स्थानीय तहका वडास्तरमा मानव अधिकार रक्षकहरूको सञ्जाल निर्माण हुनुपर्ने ।
९. मानव अधिकार रक्षकहरूको सञ्जाल सर्वस्वीकार्य गराउन राष्ट्रिय मानव अधिकार आयोगले आवश्यक सहयोग गर्नुपर्ने ।
१०. परिचयपत्र सहित मानव अधिकार रक्षकहरूलाई लोगो प्रदान गर्नुपर्ने ।
११. मानव अधिकार रक्षकहरू उपर हुने कुनै पनि खालका हिंसात्मक, अभद्र घटनाहरूमा द्रुत मार्गबाट कानुनी उपचार हुने व्यवस्था गर्नुपर्ने ।
१२. सबै तह र स्तरमा रहेका मानव अधिकार रक्षकहरूको क्षमता अभिवृद्धिका लागि सबै तहका सरकारको समन्वय एवं सहकार्य र सहयोगमा तालिम तथा प्रशिक्षण कार्यक्रम सञ्चालन हुनपर्ने ।
१३. मानव अधिकार रक्षक सञ्जाल बीच अनुभव आदान–प्रदान गर्न भ्रमण कार्यक्रमको प्रबन्ध मिलाउनुपर्ने ।
१४. मानव अधिकार संरक्षणका क्षेत्रमा कार्यरत रक्षकहरूलाई सम्मान तथा पुरस्कृत गर्न पहल गर्नु पर्ने ।
१५. मानव अधिकार रक्षक सञ्जाल तथा सो सम्बन्धी महासंङ्घहरूले मानव अधिकार संरक्षण तथा संवर्धनका बिषयमा उठान गर्ने सबाल तथा समस्याहरू तिन वटै तहका सरकारले सम्बोधन तथा समाधान गर्न पहल गर्नुपर्ने ।
१६. मानव अधिकार रक्षकहरूका लागि आचारसंहिता तथा मापदण्ड तयार गरी प्रभावकारी कार्यान्वयनको व्यवस्था गर्नुपर्ने ।
१७. राष्ट्रिय मानव अधिकार आयोगमा रक्षक कक्षसहित जनशक्ति व्यवस्थापन गर्नुपर्ने ।
१८. मानव अधिकारको विश्वव्यापी आवधिक समीक्षाले मानव अधिकार रक्षकसम्बन्धी गरेको सिफारिसहरूको प्रभावकारी कार्यान्वयनका लागि पहल हुनुपर्ने तथा विश्वव्यापी आवधिक समीक्षाको कार्यान्वयन प्रतिवेदनमा रक्षकको विषय संलग्न गराउनुपर्ने ।

१९. हरेक वर्ष मानव अधिकार रक्षकहरूको अवस्था अध्ययन तथा अनुगमन गरी प्रतिवेदन सार्वजनिक गर्नुपर्ने ।
२०. मानव अधिकार रक्षकको भूमिकालाई प्रभावकारी बनाउन आमसञ्चारमाध्यमबाट प्रचार–प्रसारलाई व्यापकता दिनुपर्ने ।
२१. महिला मानव अधिकार रक्षकको बृहत्तर हितलाई ध्यानमा राखी विशेष कार्यक्रम सञ्चालन गर्नुपर्ने ।
२२. मानव अधिकार रक्षकहरूको स्थानीय तहमा समुदायको सहभागितामा व्यापक अन्तरक्रिया सञ्चालन गरिनुपर्ने ।
२३. मानव अधिकार रक्षकहरूको क्षमता विकास र मानव अधिकार शिक्षा सञ्चालनका लागि स्थानीय तह तथा प्रदेश सरकारले सम्बन्धित क्षेत्रमा बजेटको व्यवस्था गर्नुपर्ने ।
२४. रक्षकहरूको भूमिका र उपलब्धी तथा प्रगती प्रतिवेदनहरू सम्बन्धित निकायहरूसँग छलफल गरी लागु गरिनुपर्ने ।
२५. मानव अधिकार रक्षकहरूको वार्षिक कार्ययोजना तयार गर्नुपर्ने, राज्यका तीनवटै तहमा मानव अधिकार रक्षक संयन्त्र निर्माण गरिनुपर्ने ।
२६. महिला, एकल महिला, अपाङ्गता तथा दलित समुदाय, वातावरण्ण, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यकक मानव अधिकार रक्षकहरूले अपमान र बहिस्करण तथा अवरोधको सामाना गर्नुपरिरहेको ।
२७. यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकलाई सामाजिक रूपमा समायोजना भएर रक्षकको रूपमा काम गर्न असहज अवस्था रहेको ।
२८. सामाजिक सञ्जालको दुरुपयोग गरी रक्षकहरूको चरित्र हत्या गरिने गरेको ।

## ३.१२ सुदुर–पश्चिम प्रदेश सम्मेलन, धनगढी, कैलाली

मानव अधिकार रक्षकसम्बन्धी प्रादेशिक सम्मेलन गर्ने आयोगको कार्यक्रम अनुरूप मिति २०७८ फागुण २० र २१ गते सुदुरपश्चिम प्रदेश राजधानी धनगढीमा मानव अधिकार रक्षकसम्बन्धी प्रादेशिक सम्मेलन सम्पन्न भएको थियो । सम्मेलनमा यस प्रदेशअन्तर्गत पर्ने नौ जिल्लाका १५९ जना मानव अधिकार रक्षकहरू सहभागी भएका थिए । भने, सम्मेलन १२ बुँदे घोषणापत्र जारी गरी सम्पन्न भएको थियो । घोषणापत्र अनुसूची तीनमा राखिएको छ ।

### (क) सम्मेलनबाट प्राप्त तथ्य, समस्या, चुनौती र सुझावहरू

१. मानव अधिकार रक्षकहरू आ–आफ्नो विषयसँग सम्बन्धित कुरामात्र उठाउने आपसी समन्वयको अभाव रहेको । रक्षकहरू नै कतिपय अवस्थामा निष्पक्ष हुन नसकेको ।

२. सामूहिक अधिकारका सबालहरू प्राथमिकतामा नपरेको, राउटे जस्ता लोपउन्मूख समुदायको संरक्षण प्रभावकारी हुन नसकेको, दुई देशका सीमाका बासिन्दाहरूका समस्या, वातावरणको अधिकार, सांस्कृतिक अधिकारका सबालको उठान हुन नसकेको ।

३. मानव अधिकार रक्षक पनि राजनीतिकरणको सिकार भएको । कतिपय मानव अधिकार रक्षक तथा संस्थाहरू राजनीतिक दलको भातृ सङ्गठनजस्तो काम गरे पनि नाम मानव अधिकाकर रक्षक नै रहेको ।

४. नागरिक समाज पनि राजनीति गर्ने अखाडा बनेकोले जनताले विश्वास गर्न छोडेका । सत्य बोल्न नसकेको स्वार्थका कारण, मिडियाले पनि पीडितको आवाज बुलन्द पार्न नसकेको ।

५. जनताका नाममा सरकारले कार्यक्रम सञ्चालन गरको भने पनि वास्तविक समस्यामा परेकाले लाभ लिन नसकेको । त्यस्ता सेवाहरु पुगेको ठाउमा पनि अपुग भएको विकासका गतिविधि दिगो हुन नसकेको ।

६. सरकारबाट परिपत्र भए पनि स्थानीय तह तथा निकायहरूले सूचनामा सहज पहुँच नदिने तथा हैरानी दिने कार्य जारी रहेको ।

७. मानव अधिकार रक्षकको स्पष्ट पहिचान हुने गरी परिचयपत्र तथा पोशाकको व्यवस्था हुन नसक्दा बढी जोखिममा पर्ने गरेको ।

८. मानव अधिकार रक्षकलाई तालिम तथा अभिमुखीकरण तालिमको आवश्यकता रहेको ।

९. कतिपय व्यक्तिहरूको गाँस वासको व्यवस्थासमेत हुन नसकेको, गरिबी मानव अधिकारको सबैभन्दा ठुलो शत्रु रहेकोले गरिबीको अन्त्य नभएसम्म मानिसले मानव अधिकाकरको प्रत्याभूति गर्न नपाउने भएकाले सबैको पहल गरिबी हटाउनमा लगाउनुपर्ने । समाजमा व्याप्त बहुआयामिक विभेदलाई हटाउनुपर्ने ।

१०. सिमान्तकृत महिलाका विषयहरूलाई मूलप्रवाहमा ल्याउनुपर्ने ।

११. माइती नेपालले बोर्डरमा बेचबिखनको शङ्कामा समातेका मानिसको पक्षमा राजनीतिक दलका नेताले फोन गरेर छुटाउन दवाव दिने गरेको ।

१२. आप्रवासी कामदारका समस्या रहेका त्यसैमा पनि भारत आप्रवासनका समस्याको समाधान हुन नसेको ।

१३. बैदेशीक रोजागारमा जाने महिला कामदारका समस्या अन्य भन्दा अत्यधिक रहेको ।

१४. उपभोक्ता अधिकारका सबाल ओझेलमा परेका, े उपभोक्ता अधिकारका विषयमा बोल्दा सुरक्षा जोखिममा वृद्धी हुनेगरेको ।

१५. हिंसा पीडित महिलाका समस्या र सवालहरु उठाउदा तथा उनीहरूलाई न्यायिक प्रक्रियामा सहयोग गर्दा ज्यान मार्ने धम्की आउने गरेको ।

१६. कतिपय अवस्थामा सामाजिक सुरक्षा भत्ता समयमा नपाउने समस्या रहेको ।

१७. छाउपडिका गोठ भत्काउने अभियान चलाए पनि मानव अधिकार रक्षक आफैंले छाउपडी बार्ने गरेको ।

१८. जातीय विभेदका घटनामा प्रहरी प्रशासनमा मुद्दा दर्ता गर्न कठिनाई रहेको यसले गर्दा दलित समुदाय न्यायबाट वञ्चित हुनुपरेको ।

१९. मानव अधिकारको संरक्षण, संवर्धन र सम्मानका लागि मानव अधिकार उल्लङ्घनकर्तालाई कानुनी दायरमा ल्याउनुपर्ने ।

२०. मानव अधिकार रक्षकसम्बन्धी नीति, निर्देशिका तथा कानुनहरूको निर्माण गरी कार्यान्वयन गर्नुपर्ने ।

# परिच्छेद्–चार

# तेस्रो राष्ट्रिय सम्मेलन

## ४.१ पृष्ठभूमि

राष्ट्रिय मानव अधिकार आयोगले सात वटै प्रदेशमा एउटै मितिमा प्रादेशिक सम्मेलन सम्पन्न पश्चात तेस्रो राष्ट्रिय सम्मेलन २०७९ असार ९ र १० मा सम्पन्न गरेको छ । मानव अधिकार रक्षकसम्बन्धी पहिलो र दोस्रो राष्ट्रिय सम्मेलनमा मानव अधिकारको समग्र अवस्थाका बारेमा बढी छलफल भएको थियो । उक्त सम्मेलनले मानव अधिकार रक्षकको पहिचान, सुरक्षा, सन्जालिकरण, उनीहरूको अधिकारको संरक्षण र संवर्धनका विषयलाई सम्बोधन गर्न नसकेको देखिन्छ । तसर्थ उक्त विषयलाई सम्बोधन गर्ने मानव अधिकार रक्षकसम्बन्धी तेस्रो राष्ट्रिय सम्मेलन गर्न आवश्यक देखिएको हो ।

सङ्घीयतामा प्रवेश गरेसँगै देशलाई सात प्रदेशमा विभाजन गरिएको र सात प्रदेशमा मानव अधिकार रक्षकका विषयमा प्रादेशिक सम्मेलन गर्दा प्रादेशिक रूपमा मानव अधिकार रक्षकको अवस्थाबारे जानकारी लिन सकिने तथा प्रादेशिक सम्मेलनले सबै जिल्लालाई समेट्न सकिने भएकाले प्रादेशिक सम्मेलनसमेत गरिएको थियो ।

## ४.२ मिति र स्थान

मितिः २०७९ असार ९–१०

स्थानः प्रशासनिक प्रशिक्षण प्रतिष्ठान, ललितपुर

## ४.३ उद्देश्य

१. मानव अधिकार रक्षकको अवस्थासम्बन्धी अध्ययनमा प्रादेशिक सम्मेलनबाट प्राप्त भएका तथ्य तथा जानकारीउपर छलफल गर्ने र सुझावहरू प्राप्त गर्ने ।

२. मानव अधिकार रक्षकको संरक्षणसम्बन्धी नमूना कानुन मस्यौदा तयार गरी छलफल गर्ने र आवश्यक पृष्ठापोषणहरू प्राप्त गर्ने ।

३. मानव अधिकार रक्षकहरूको संरक्षणसम्बन्धी कानुन तर्जुमा गरी लागुगर्ने सम्बन्धमा सम्बन्धित निकायको ध्यानाकर्षण गर्ने ।

४. विभिन्न विषयहरू क्रियाशील मानव अधिकाररक्षक, नागरिक समाजका प्रतिनिधि तथा बिज्ञहरू (महिला, एकल महिला, बालबालिका, यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक, दलित, आदिवासी जनजाति, अपाङ्गअपाङ्गताको

क्षेत्रमा क्रियाशील, सुशासन, वातावरण, विकासका अधिकार, न्यायमा पहुँच, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारको क्षेत्रमा क्रियाशील) सँग उनीहरूले वकालत गर्ने, संरक्षण तथा संवर्धन गर्ने त्यस्ता मानव अधिकारका सबालहरूमा कार्य गर्दा भोग्नुपरेका समस्या र चुनौतीउपर छलफल गरी समाधानका उपायहरूको खोजी गर्ने र साझा धारणा बनाउने ।

## ४.४ सहभागिता, विधि तथा पद्धति

### ४.४.१ सहभागिता

मानव अधिकार रक्षकसम्बन्धी तेस्रो राष्ट्रिय सम्मेलनमा राष्ट्रिय सभाका सम्माननीय अध्यक्ष, कानुन न्याय तथा संसदीय मामिला मन्त्री, कानुन, न्याय तथा मानव अधिकार समितिका सभापति, राष्ट्रिय मानव अधिकार आयोगका माननीय अध्यक्ष, माननीय सदस्यहरू, का.मु सचिव, सहसचिव, महाशाखा प्रमुख, प्रदेश तथा प्रदेश शाखा कार्यालयका प्रमुख तथा आयोगका कर्मचारीहरू, मानव अधिकारसँग सम्बन्धित सातवटा संवैधानिक निकायका पदाधिकारी तथा कर्मचारी, सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिहरूको छानबिन आयोगका कर्मचारी, विभिन्न मन्त्रालयका प्रतिनिधि, सुरक्षा निकायका प्रमुख तथा प्रतिनिधि, पत्रकार, कानुन, न्याय, र मानव अधिकारको क्षेत्रमा क्रियाशील राष्ट्रियस्तरका सङ्घ–संस्थाका प्रतिनिधिहरूको सहभागिता रहको थियो । साथै, साते प्रदेशबाट तीन÷तीन जनाका दरले सहभागी उपस्थित भई उद्घाटन–सत्रमा करिब ५०० जना र विभिन्न विषयमा गरिएको छलफल÷अन्तरक्रियामा पहिलो दिन करिब ३५० जना र दोश्रो दिन ३०० जनाको सहभागिता रहेको थियो । राष्ट्रिय सम्मेलनमा ६० प्रतिशत महिला मानव अधिकार रक्षकहरूको सहभागिता रहेको थियो । समावेशिताको दृष्टिकोणबाट सम्मेलनमा आदिवासी जनजाती, दलित, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यकलगायत विभिन्न विषयमा क्रियाशील मानव अधिकार रक्षकहरूको सहभागिता सुनिश्चित गरिएको थियो ।

### ४.४.२ समुदघाटन सत्र

राष्ट्रिय मानव अधिकार आयोगद्वारा आयोजना गरिएको मानव अधिकार रक्षकसम्बन्धी तेस्रो राष्ट्रिय सम्मेलनको उद्घाटन सत्रमा राष्ट्रिय सभाका सम्माननीय अध्यक्ष श्री गणेशप्रसाद तिमिल्सिना प्रमुख अतिथि रहनु भएको थियो । सम्मेलनको अध्यक्षता राष्ट्रिय मानव अधिकार आयोगका माननीय अध्यक्ष श्री तपबहादुर मगरले गर्नुभएको थियो । कार्यक्रममा अतिथिको रूपमा कानुन, न्याय तथा संसदीय मामिला मन्त्री माननीय गोविन्दप्रसाद शर्मा (कोइराला), कानुन, न्याय तथा मानव अधिकार समितिका माननीय सभापति श्री कृष्णभक्त पोखरेल, संवैधानिक निकायका अध्यक्ष, तथा राष्ट्रिय मानव अधिकार आयोगका माननीय सदस्यहरू तथा अन्य संवैधानिका निकायका सदस्य, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका प्रतिनिधि, युरोपियान युनियानका राजदुत, संयुक्तराष्ट्र सङ्घका नेपाल स्थित प्रतिनिधि, आयोगका का.मु. सचिव श्री मुरारीप्रसाद खरेल, नेपाल बार एशोसिएसनका महासचिव श्री अन्जिता खनाल, गैरसरकारी संस्था महासङ्घका उपाध्यक्ष श्री भावना भट्ट, महिला मानव

अधिकारका रक्षक सञ्जालका प्रतिनिधि अतिथि रहेको सम्मेलनमा आयोगका सहसचिवहरू, महाशाखा प्रमुख, प्रदेश कार्यालय तथा प्रदेश शाखा कार्यालयका प्रमुख तथा आयोगका कर्मचारीहरू, प्रत्येक प्रदेशबाट तीन÷तीन जना गरी मानव अधिकार रक्षकहरू र राष्ट्रिय स्तरमा कार्यरत मानव अधिकार रक्षकहरूसहित करिब पाँच सय (५०० जना) जनाको सहभागिता रहेको सम्मेलनको समउद्घाटन सत्रका प्रमुख अतिथिले पानसमा दीप प्रज्वलन गरी गर्नुभएको थियो । आयोगका माननीय सदस्य लिली थापाले स्वागत मन्तव्य राख्नुभएको थियो । कार्यक्रमको सञ्चालन आयोगको संवर्धन तथा वकालत महाशाखाका नि.प्रमुख श्री दीपेन्द्रबहादुर सिंहले गर्नुभएको थियो ।

क. विविध विषयमा क्रियाशील मानव अधिकार रक्षकहरूले सामन गर्दै आएका समस्या, चुनौती र समाधानका उपायहरूका सम्बन्धमा प्यानल छलफल (विस्तृतरूपमा अनूसूची–९)

ख. मानव अधिकार रक्षकले सामना गरिरहेका समस्या, चुनौती, अवसर र समाधानका उपायहरूउपर खुला छलफल

ग. मानव अधिकार रक्षक सम्मेलनको ललितपुर घोषणपत्र तयारी र जारी

## ४.४.३ कार्यक्रम विवरण

1. **Inaugural Session**
    - Session Chair: Hon. Top Bahadur Magar, National Human Rights Commission
    - Chief Guest: Right Hon. Chair Ganesh Timilsina, National Assembly
    - Special Guest: Hon. Minster Govind Sharma Bandi
    - Special Guest: Hon. Krishna Bhakta Pokharel, Chair of Parliamentarian Committee on Law, Justice and HR
    - Guest: Chair of All Constitutional Commission
    - Guest: Hon. Member of NHRC, Nepal
    - Guest: Secretaries of OPMC, Secretaries of Different Ministries - Law, women and Home
    - Guest: Her Excellency of EU
    - Guest: Resident Coordinator Office, United Nation
    - Guest: Chief and representative of Security Forces
    - Federation of Nepal Journalism: chair/ Representative
    - Nepal Bar Association: General Secretory Sanjita Khanal
    - NGO Federation, Nepal: Vice Chair Bhawana Bhatta
    - Human Rights Magna Meet 2078: Vice Convenor
    - Guest: Former Chair and Member of National Human Rights commission
    - Guest: Human Rights Defenders from 7 provinces
    - Guest: Chair WHRD, National Network
    - Guest: Frontline HRDs (Journalists)

2. **Welcome Speech:** Hon. Member: Lily Thapa, National Human Rights Commission

3. **Inaugural Remarks**

- Chair National Network on WHRD
- Vice Chair, Women Federation
- Nepal bar Association: General Secretory Sanjita Khanal
- NGO Federation, Nepal: Vice Chair Bhawana Bhatta
- Federation of Nepal Journalism: Representative
- United Nationa Resident Coordinator Office, Mr. Richard Howard
- Her Excellency Nona Deprez, EU
- One of Representative from All Constitutional Commission
- Special Guest: Hon. Krishna Bhakta Pokharel
- Special Guest: Hon. Minster Govind Sharma Bandi
- Chief Guest: Right Hon. Chair Person Ganesh Timilsina, National Assembly
- Thanks and Closing remarks: Hon. Top Bahadur Magar, National Human Rights Commission

4. **<u>Business Session of 1st day</u>**

- **.1st session:** presentation, Comment, open forum discussion and feedback collection
- **Subject:** Study report on HRDs situation
- **Presentation By:** Acting Secretory Murari Kharel

**Commentator:**

1. Bijay Gautam, ED INSEC
2. Shyam Shah Chair, WHRD, National Network

- **2nd session: Panel dossucion**
- **Subject: Human rights Defenders Safety, security, recognition: situation, Problems, Challenges and way forward on themetice issues (WHRD, Dalit, Person with disability, LGBTIQ, Indigenius people, child)**
- **Session Chair:** Gauri Pradhan, Formar Member of National Human Rights Commission, Nepal
- **Moderator:** Nirmala sharma: Journalist

**Panelists:**

1. Mina sharma, Chari, IHRICON
2. Usha Mishra, Women Fedareton
3. Renu Sijapati, FEDO
4. Birendra Pokharel, Chair Person,FNJ
5. Pinky Gurung, Chair Person, BDS
6. Jagat Baram, Former Chair person of Federation of IP

- **Open Discussion:** comment, feedback and wayforward
- **Session close:** Session Chair

24th June, 2022

## 5. Business Session of 2nd day

- **1st Session Panel discussion: Human rights Defenders Safety, security, recognition: situation, Problems, Challenges and way forward on Access to justice, Consumer rights, whrd, environment, good governance and development**
- **Session Chair:** Sudip Pathak, Former Member of NHRC, Nepal
- **Moderator:** Hon. Lily Thapa

**Panelists:**

1. Gita Koirala, Advocate
2. Nirmala Kc, WHRD
3. Bhola Bhattrai

- **Open Discussion:**
- **Session close: Session Chair**

- **2nd session:** Discussion on law and Nation mechanism on HRDs Protection and promotion
- **Presentation:** Hon. Manoj Duwadi

**Commentator:**

1. Lubhraj Neupane
2. Advocate Bishnu Timilsena

**Open Discussion**

## 6. Final session of the conference Declaration and Closing session

- **Chair:** Hon. Top Bahadur Magar
- **Invite on Dias:** Hon. Members of NHRC
- **Issue Declaration:** By Team
- **Closing Remarks:** Participants
- Closing Remarks by: Hon Members
- Closing remarks and Thanks by: Hon. Chair

## ४.४.४ उद्घाटन सत्रको मन्तव्य

१. राष्ट्रिय सभाका सम्मानननीय अध्यक्ष श्री गणेशप्रसाद लिमिल्सिना

राष्ट्रिय मानव अधिकार आयोगले आयोजना गरेको मानव अधिकार रक्षकहरूको तेस्रो राष्ट्रिय सम्मेलनमा महत्वपूर्ण विषयमा छलफल हुनुपर्छ । यो सम्मेलनको उद्देश्य पुरा होस् भनी सम्मेलनको सफलताको शुभकामाना व्यक्त गर्नुभएको थियो । मानव अधिकार रक्षकहरूका अधिकार संरक्षणसम्बन्धी छलफल संविधान र कानुनमा

भएका विषयमा केन्द्रित भएर निष्कर्षमा आउनेछ र यसले पक्कै पनि मानव अधिकार रक्षकहरुको भूमिका लागि विश्वसनिय बनाउन उचित परिणाम ल्याउनेछ भन्ने अपेक्षा व्यक्त गर्नुभएको थियो ।

वहाँले मन्तव्यमा "मानव अधिकार कसैलाई देखाउने विषय होइन, यो हामीले अनुभूति गर्ने विषय हो । राज्यका विभिन्न अङ्गको जिम्मेवारमा रहेको अवस्थामा त्यहाँबाट गर्नुपर्ने कामका विषयमा शपथ खाएका हुन्छौँ र जिम्मेवारी लिएका हुन्छौँ । त्यसमा केन्द्रित भएर काम गर्‍यौँ भने त्यसबाट पनि मानव अधिकारको विषयमा सकारात्मक असर पर्ने गर्दछ । आफ्नो प्रतिबद्धतालाई व्यवहारमा उतार्ने काम गरौँ ।

संसदको वेबसाइटमा धैरै सूचना राखिएको हुन्छ तर त्यसमा कसैले हेर्ने गरेको र प्रयोग गर्ने गरेको छैन । मानव अधिकार रक्षकहरू नै सुरक्षित नभए मानव अधिकारको प्रत्यभूति जन मानवमा पुयाउन असम्भव हुन्छ । त्यसैले यो सम्मेलन अत्यन्त महत्वपूर्ण छ । यसमा पूर्ण सहयोग गर्ने प्रतिबद्धता समेत व्यक्त गर्दछु ।" भन्दै आफ्नो विचार व्यक्त गर्नुभएको थियो ।

२. कानुन, न्याय तथा संसदीय मामिला मन्त्री माननीय गोविन्दप्रसाद शर्मा (कोइराला)

आयोगले आयोजना गरेको मानव अधिकार रक्षकसम्बन्धी तेस्रो राष्ट्रिय सम्मेलनमा सहभागी सबैलाई शुभकामना दिँदै यो अवसरको लागि आयोगलाई धन्यवाद समेत व्यक्त गर्नुभएको थियो । मानवको अधिकारका लागि काम गर्ने मानव अधिकार रक्षकको परिभाषाले नै रक्षकको अर्थ स्पष्ट पारेको छ । निष्पक्षता हुनु मानव अधिकार रक्षकको महत्वपूर्ण पाटो हो तर निष्पक्षतापूर्ण काम गर्न हामी फितलो हुँदा मानव अधिकार संरक्षण र संवर्धनमा नकारात्मक प्रभाव पर्ने गर्दछ ।

कानुन निर्माण गर्दा विषयवस्तुमा ख्याल गर्नुपर्छ । प्रशासनिक मापन, विधायनको उपाय र न्यायिक उपायहरूलाई सन्तुलन गरी कार्यान्वयन गरेमा मानव अधिकारको क्षेत्रमा सकारात्मक प्रभाव पर्दछ । राष्ट्रिय मानव अधिकार आयोग "क" वर्गमा छ । यसमा गौरव छ तरमानव अधिकारको संरक्षण र संवर्धनलाई कार्यान्वयन गर्न धैरै व्यावहारिक कठिनाइ रहेका छन् । विगतका द्वन्द्वमा भएको विभेदका कारण उत्पन्न भएका समस्याहरू अहिलेसम्म समाधान गर्न सकिएको छैन ।

३. राष्ट्रिय मानव अधिकार आयोगका माननीय अध्यक्ष श्री तपबहादुर मगर

"सम्मेलनमा विभिन्न सरकारी, संवैधानिक निकाय, गैरसरकारी तथा विदेशी नियोगबाट प्रतिनिधित्व गरी सहभागी हुनुभएकोमा आयोगको तर्फबाट हार्दिक धन्यवाद व्यक्त गर्दछु । मानव अधिकार रक्षकहरू भनेको को को हुन र उनीहरूका गुणहरू के–के हुन ? भन्ने विषयलाई मानव अधिकार रक्षकसम्बन्धी पहिलो र दोस्रो सम्मेलनमा नै छलफल गरी सकिएको अवस्था छ । यस तेश्रो राष्ट्रिय सम्मेलनले मानव अधिकार रक्षकहरूले भोग्दै आएका समस्याहरू, रक्षकहरूका अधिकार कार्यान्वयनका चुनौती र मानव अधिकार रक्षकको संरक्षण र सुरक्षा सम्बन्धी राष्ट्रिय कानुनको आवश्यकताबारे प्रष्ट हुन यस सम्मेलनले मद्दत गर्नेछ । साथै, चुनौती र

जोखिमहरूलाई मध्यनजर गरी सुरक्षाको प्रत्याभूति दिलाउने उपायहरुबारेमा यो सम्मेलनले छलफल गरी मानव अधिकार रक्षकसम्बन्धी ऐनमा समावेश गर्न सहज बनाउने छ ।"

४. राष्ट्रिय मानव अधिकार आयोगका माननीय सदस्य लिली थापा (स्वागत मन्तव्य)

आयोगका माननीय सदस्य श्री लिली थापाले सम्मेलनमा सहभागी सबैलाई आयोगको तर्पmबाट हार्दिक स्वागत गर्नुभएको थियो । स्वागत मन्तव्यमा वहाँले "जुनसुकै पेसा वा पदमा भएर पनि मानव अधिकार रक्षकको रूपमा काम गर्ने अवसर पाएकोमा हामी सबैले गौरव मान्नुपर्दछ । हामीले एकल महिलाको लागि पनि महत्वपूर्ण उपलव्धी हासिल गरेको कारण यो दिन (जुन २५) अति महत्वपूर्ण रहेको छ । यस महिनालाई गौरवको महिना (Pride of the Month) पनि भनिन्छ । त्यसैले पनि यो कार्यक्रम महत्वपूर्ण छ । जो व्यक्ति जुन विषयबाट मानव अधिकारको संरक्षणमा लागे पनि सबैलाई सुरक्षा चाहिन्छ भन्ने उद्देश्यले सम्मेलनको आयोजना गरिएको हो ।" भन्दै सहभागीरूलाई सम्मेलनमा स्वागत गर्नु भएको थियो ।

### ५. UN Representative, Richard Haward

"It us been 50 years, UN passed the declaration in 1998. Human Right Resolution address about the defender as well. Many human right violation issues regarding migrants, widows, Dalits, etc. are being address where as ever nation faces such issues and no nation is untouched with such problems. UN has always supported all nations and no nation is skipped of HR violation. Laws in the society shall be protected and always human right defender, their protection and other rights of defender shall be prioritized. Thanks to the Panels."

### ६. European Union Representative

"I am really happy and glad to be the part of this program. Thank you to the team of the NHRC for inviting me in it. Despite of different threats, Human Right defender has always worked continuously and builds their recognition over the years. Human right Defender works efficiently in many Human right work and they have crucial role in protection of Human Right. European Union has also adopted guideline to protect HR defender over 20 years. EU has also provided working group under HR defender and More than 150 laws are to be discussed and amended over the problem faced by the defender.  I wish all the very best to the team of NHRC for the progress of this program"

७. भावना भट्ट, उपाध्यक्ष, गैरसरकारी संस्था महासङ्घ,

"आज वृद्धा देखि बालबालिका सम्मका मानव अधिकारकर्मीलाई भेला गरी मानव अधिकार रक्षकहरूको सुरक्षा र रक्षकहरूको संरक्षणलाई मुख्य उद्देश्य राखी मानव अकिार रक्षक सम्बन्धी राष्ट्रिय सम्मेलन आयोजना गरेकोमा राष्ट्रिय मानव अधिकार आयोगलाई धेरै–धेरै धन्यवाद शुभकामना दिन चाहन्छु । कोभिडले नेपालमा पारेको प्रभाव सम्बन्धमा पनि राष्ट्रिय मानव अधिकार आयोग लगायत अन्य मानव अधिकार रक्षकहरूले गरेको कार्यको लागि हार्दिक धन्यवाद साथै मानव अधिकार संरक्षणका लागि सहायता कक्षाको व्यवस्थागर्न पहल हुनुपर्दछ । राष्ट्रिय मानव अधिकार आयोगका सिफारिसलाई सरकारले कार्यान्वयन गर्नुपर्दछ ।"

८. अन्जिता खनाल, महासचिव, नेपाल बार एशोसिएशन

"हामी कानुन व्यावसायीहरू पनि मानव अधिकार रक्षक नै हौं । हामीले मानव अधिकारका विभिन्न विषयहरूमा काम गरी रहेका छौं । राष्ट्रिय मानव अधिकार आयोगले मुख्यरूपमा मानव अधिकार संरक्षण र संवर्धन सम्बन्धी काम गरी आएको छ । अहिले मानव अधिकार रक्षकहरूको सुरक्षासम्बन्धी विषयमा पनि कार्य गर्न लागेकोमा र मानव अधिकार रक्षकहरूको संरक्षण र सुरक्षालाई मुख्य बिषयको रूपमा राखी सम्मेलन आयोजना गरेकोमा आयोगलाई धन्यवाद दिन चाहन्छु ।"

## ४.४.५ प्रस्तुती तथा छलफल सत्र

१. श्री मुरारीप्रसाद खरेल, का.मु.सचिव, राष्ट्रिय मानव अधिकार आयोग

राष्ट्रिय मानव अधिकार आयोगका का.मु. सचिव श्री मुरारीप्रसाद खरेलले "मानव अधिकार रक्षकको अवस्था, चुनौती र समाधानका उपाय" विषयमा आप्mनो प्रस्तुती राख्नुभएको थियो । प्रस्तुतीउपर अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) कार्यकारी निर्देशक, विजयराज गौतम र महिला मानव अधिकार रक्षक राष्ट्रिय सञ्जालका संयोजक श्यामकुमारी शाहले टिप्पणी गर्नुभएको थियो ।

क) श्री विजय गौतम, कार्यकारी निर्देशक, अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

प्रस्तुतीमाथि टिप्पणी

- राष्ट्रिय मानव अधिकार आयोगको जुन संयन्त्र छ, यसको अवधी र यसले समेटेका कुरा कमजस्तो लाग्छ तथा सूचनामा कमीजस्तो लाग्छ,
- मानव अधिकार रक्षकसम्बन्धी अध्ययनकालागि तयार गरिएको प्रश्नावलीमा समाजमा विद्यमान घटना अनुसार प्रश्नावली कम भयो,

- उजुरीहरू कम भएको, फिर्ता लिएको आदि विषयमा समस्या रहेको छ । फिर्ता लिएको विषय उल्लेख नभएको,
- इन्सेकको अनुसन्धानमा १५४ जना मानव अधिकार रक्षकहरू पीडित हुनुभएको छ । ३४ जना नागरिक समाज, ३१ जना महिला पीडित भएको देखिन्छ,
- यो सम्मेलनमा संरक्षणसम्बन्धी संयन्त्र र अन्य संयन्त्रहरू पनि हेरेर तुलना गर्नुपर्ने हुन्छ,
- प्रदेश सरकारको संयन्त्र चाहिन्छ भन्ने कुराको छलफल गरिएको अवस्था छ,
- मानव अधिकार रक्षकको लागि आवश्यक कानुनी र संस्थागत व्यवस्थाको सुनिश्चितता हुनुपर्छ ।
- इन्सेकले लामो समयदेखि यो विषयमा काम गरी रहेको अवस्था छ । हामी यस विषयमा पूर्ण सहयोग गर्दछौँ,
- को मानव अधिकार रक्षक हुन भन्ने विषयमा परिचयपत्रको आवश्यक छ ।

ख) श्री श्याम कुमारी साह, संयोजक, महिला मानव अधिकार रक्षक राष्ट्रिय सञ्जाल,

- महिला, दलित, अपाङ्ग, अल्पसङ्ख्यक लगायतका मानव अधिकार रक्षकप्रति समाजमा भिन्न तरिकाले विभेदपूर्ण व्यवहार गरिन्छ र मानव अधिकार रक्षकहरूकै विचमा पनि आलेचना र हेपाइको प्रवृत्ति हाबी छ,
- कतिपय अवस्थामा महिला मानव अधिकार रक्षकहरू माथि दुव्र्यवहार भएको अवस्था पनि छ,
- मानव अधिकार रक्षकको संरक्षण सम्बन्धमा लागि राष्ट्रिय मानव अधिकार आयोगले  कानुनी मस्यौदा तयार गरेको छ, त्यसलाई अगाडी बढाउनुपर्छ ।
- महिला मानव अधिकार रक्षकको लागि क्रियाशील भएर कामगर्न कठिनाइ छ । जस्तै परिवारबाट असहयोग र घरव्यवहार चलाउन गाह्रो परेको छ, त्यसैले भौतिक सुरक्षामात्र होइन, आर्थिक रूपमा पनि सुरक्षा हुनुपर्छ,

ग) सहभागीका जिज्ञासा तथा सुझाव

आयोगका का.मु. सचिव श्री मुरारी प्रसाद खरेलले प्रस्तुत गर्नुभएको “मानव अधिकार रक्षकको अवस्था, चुनौती र समधानका उपाय” विषयमा सम्मेलनमा सहभागी दलित, महिला, कानुन व्यावसायी, पत्रकार, लैङ्गिक तथा

यौनिक अल्पसङ्ख्यक, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, आदिवासी जनजाति, मधेशी, मुस्लिम लगायतका क्षेत्रमा क्रियाशील ३२ जना मानव अधिकार रक्षकहरूले निम्नानुसारको जिज्ञासा तथा सुझाव राख्नुभएको थियो ।

- समाजमा दलित महिलाका विषयमा काम गर्न अत्यन्त कठिन छ । सुरक्षाका कारण काम गर्न छोड्नुपर्ने बाध्यता निर्माण हुँदै गएको छ ।
- मानव अधिकारकर्मी नै असुरक्षित भएपछि कसरी अरूको मानव अधिकारको सुरक्षा गर्न सक्छन ? मानव अधिकार रक्षकको भूमिकालाई सुरक्षित र स्वीकार्य बनाउनु पर्दछ ।
- आप्रवासी कामदारको विषयमा पनि समस्या छन । राष्ट्रभित्र मात्र नभई अन्तर्राष्ट्रिय रूपमा पनि मानव अधिकारको संरक्षण गर्न आवश्यक छ ।
- सामाजिक सञ्जालको पनि सुरक्षित रूपमा प्रयोग गर्नुपर्छ ।
- मानव अधिकारको क्षेत्रमा काम गर्ने धेरै सङ्घसंस्था छन् । सबै मिलेर काम गर्न आवश्यक छ ।
- आयोगले नै रक्षकको संरक्षकको भूमिका खेल्नुपर्छ ।
- मानव अधिकार रक्षकहरू स्वयंसेवीरूपमा काम गर्छन, खाली पेट, खाली खुट्टा काम गर्न धेरै कठिन छ ।
- महिला तथा बालबालिका कार्यालय हटाउनु सरकारको राम्रो काम होइन ।
- स्थानीय तहमा पीडितलाई राख्ने र उसको आवाज सुन्ने काम गर्नुपर्छ ।
- मानव अधिकारसम्बन्धी अन्य आयोगले पनि स्थानीय तहसम्म संरचना बनाएर काम गर्नुपर्छ ।
- रुकुम र जाजरकोटको घटनालाई हेर्ने हो भने नेपालमा मानव अधिकार रक्षकहरू कम भएको अनुभूति गर्न सकिन्छ ।
- अन्य संवैधानिक आयोगहरू पनि राष्ट्रिय मानव अधिकार आयोगजस्तै सक्रिया हुन जरुरी छ ।
- मानव अधिकार रक्षकको पहिचान र सुरक्षाको विषयमा कानुन नै बनेको छैन ।
- अधिकारका लागि भएका कानुन पनि प्रभावकारी कार्यान्वयनमा छैनन ।
- मानव अधिकार रक्षकलाई सुरक्षा प्रदान गर्न आवश्यक छ र मानव अधिकार रक्षकको सुरक्षा गर्नु राज्यको कर्तव्य हो ।
- त्यसको लागि संयन्त्र बनाएर काम गर्नुपर्छ ।
- अपाङ्गअपाङ्गता भएका मानव अधिकारकर्मीहरूलाई रक्षकभित्र नसमेटिएको अवस्था छ ।
- मानव अधिकार रक्षकको सञ्जाल निर्माण गरी काम गर्न आवश्यक छ ।
- म अपाङ्ग भएको राष्ट्रिय खेलाडी हुँ । हाम्रो संरक्षण हुनुपर्यो ।
- मानव अधिकार रक्षकको भूमिकामा अझै प्रभावकारिता ल्याउनुपर्छ ।
- मानव अधिकारको समग्र सुधारकालागि राष्ट्रिय मानव अधिकार आयोगलगायत अन्य अधिकारसम्बन्धी आयोगहरू लाग्नुपर्छ ।
- स्वयंम सेवी रूपमा काम गर्नुपरेको अवस्था छ ।

- राष्ट्रिय मानव अधिकार आयोगका कार्यालयहरू जिल्ला तहसम्म पु¥याउनुपर्ने ।
- मानव अधिकार रक्षकका विषयवस्तुलाई सम्बोधन हुने गरी व्यवस्था गर्नुपर्छ ।
- पहुँचवाला पीडितहरूको उजुरीउपर मात्र कारबाही चाँडो हुने प्रचलन छ । मानव अधिकार रक्षकको रूपमा काम गर्ने क्रममा मैले पनि पीतिड हुनुपरेको छ ।
- अधिकारकर्मीको पहिचान, सुरक्षा र अधिकारको संरक्षण र संवर्धन गर्ने संयन्त्र बनाएर काम गर्नुपर्छ ।
- यौनकर्मीहरूको पनि अधिकार हुन्छ । त्यसलाई कार्यान्वयन गर्नु प¥यो ।
- अपाङ्गअपाङ्गता भएका छोरीहरू आप्mनै घरबाट निकालिन्छन् र सडक पेटीमा रहन बाध्य हुन्छन् ।
- अपाङ्गअपाङ्गता भएका पत्रकारहरूलाई सम्मानजनक व्यवहार गरिँदैन । हामीलाई सम्मानजनक व्यवहार गर्न पहल होस् ।
- हामी अधिवक्तालाई पनि मानव अधिकार रक्षक राख्नुप¥यो ।

## ४.४.६ विषयगत छलफल सत्र–१

क) पहिलो विषयगत छलफल

यस सत्रमा विभिन्न विषयमा क्रियाशील व्यक्तिहरूलाई विषयविज्ञको रूपमा प्रतिनिधित्व गराइ मानव अधिकार रक्षकको अधिकार संरक्षण, संवर्धन, पहिचान र मान्यताको अवस्था, चुनौती र समाधानका उपायहरू सम्बन्धमा छलफल गर्नुका साथै सहभागीहरूबाट जानकारी, जिज्ञासा तथा सुझाव लिनुका साथै तत्विषयमा आएका जिज्ञासाहरूको सम्बोधन गरिएको थियो ।

१. गौरी प्रधान, पूर्व माननीय सदस्य राष्ट्रिय मानव अधिकार आयोग (अध्यक्षता)

मानव अधिकार सर्वव्यापी विषय हो । यसमा राजनीतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक लगायतका विषयमा आउन सक्ने अवरोधले समस्या ल्याउन सक्छ । रक्षकहरू तीन  प्रकारका छन्ः ती हुन स्वंयमसेवक, अभियन्ता र विज्ञ । सबैले कुनै न कुनै बेला समस्या भोग्नुपर्दछ । रक्षकहरूकै पहलमा राष्ट्रिय मानव अधिकार आयोगको स्थापना भएको हो । सधै सहकार्य गर्नुका साथै सङ्गठित, व्यवस्थित हुन जरुरी छ । रक्षकको पनि काम, कर्तव्य हुन्छन् र सबै व्यवहारमा लागु गरिनुपर्ने हुन्छ ।

२. निर्मला शर्मा, सञ्चारकर्मी (विषय विज्ञ)

मानव अधिकार रक्षकले कहिले पनि आफ्नो पहिचान गर्न हिचहिचावाट गर्नु हुदैन । जस्तो सुकै आच्छेप आए  पनि आफ्नो काम कर्तव्य ध्यानमा राखी काम गर्नुपर्छ । अग्रभागको मानव अधिकार रक्षकको रूपमा पत्रकार जहिले पनि आफ्नो कार्यक्षेत्रमा खटिएको हुन्छ । सूचना संकलन गर्ने क्रममा र समाचार सम्प्रेषण गरीसकेपछी सञ्चारकर्मीहरूले विभिन्न जोखिमहरूको सामना गर्नुपर्ने हुन्छ । सञ्चारकर्मीहरू भित्र पनि सञ्चारकर्मी महिलाहरूले थप जोखिमहरू व्यहोर्दै आएका छन ।

३. रेणु सिजापती, दलित महिला सङ्घ  (विषय विज्ञ)

मानव अधिकार रक्षकले व्यक्ति र समुदायका विरुद्ध हुनसक्ने उत्पीडनबाट रक्षा गर्नुपर्दछ । हामीले दलित समुदाय विरुद्ध हुने अन्याय र अत्याचारको विषयमा आवज उठाउछौ । दलित पीडत भएका विषयमा अरू समुदायका रक्षकले पनि वकालत गर्नुपर्छ । कति दलित महिला रक्षक मारिएको घटना सबैलाई थाहा नै छ । जातीय भेदभाव तथा छुवाछूतको घटना समाजमा दिनप्रतिदिन घटेका छन् । त्यस उपर उजुरी लिएर जाँदा दर्ता नै गरिँदैन । न्याय प्राप्तिमा नै समस्या छ । यस विषयमा काम गर्ने रक्षकको पहिचानको लागि परिचयपत्रको पनि व्यवस्था गर्नु पर्दछ । रक्षकको क्षमता विकास गराउनुपर्छ । यसमा सरकार र समाजको ठुलो भूमिका हुन्छ । मानव अधिकार रक्षकको विषयमा कानुनी र संयन्त्रगत व्यवस्थाको कमी छ । साथै रक्षकको बीचमा पनि समन्वयको अवभाव छ । रक्षकहरूलाई लिङ्ग, जात र वर्गको आधारमा विभाजन नगर्न सरकार र राष्ट्रिय मानव अधिकार आयोगमा अनुरोध गर्दछु ।

४. वीरेन्द्र पोखरेल, राष्ट्रिय अपाङ्ग महासङ्घ (विषय विज्ञ)

अपाङ्ग भएको व्यक्तिले जस्तोसुकै पीडा पनि सहन जन्मिएको हो भन्ने अवधारण विकास भएको देखिन्छ तर यस्तो कदापि होइन । भौतिक विकास अपाङ्गमैत्री भएन र साङ्केतिक भाषाको विकास गर्न नसक्दा समस्या भइरहेको छ । मानसिक अपाङ्गले पनि आफ्नो लागि वकालत गर्न सक्दैनन् । यसले गर्दा कति ठाउँमा असमक्षताअन्तर्गत राखिएको छ । Money, Mind and Muscle जसमा money and muscle नभएर अफुलाई कमजोर हुनुपरेको छ । फरक क्षमताको आधार कसरी गर्ने थाहा भएन । सबै कुरा सम्बोधन हुनुप¥यो ।

५. मीना शर्मा, इरिकन (विषय विज्ञ)

मेरो विषय व्यवस्थापन भएता पनि मैले मानव अधिकारको क्षेत्रमा काम गर्ने मौका पाएको छु । आज म यसैमा व्यस्त भइरहेको छु । Present time is also considered as Golden Era for the Human Rights Defender to work. NHRC working as full fair is also additional in work. International context is changing to address the problem of human right defender but many work should be done like capacity building activities. राज्यको सेवा सुरक्षाको कुरा कसरी सम्बोधन गर्ने हेर्नुपर्छ । रक्षकलाई स्वतन्त्रत रूपमा काम गर्न सुरक्षिता गर्नुपर्छ र अन्तराष्ट्रिय सहकार्यमा धेरै काम गर्नुपर्छ ।

६. उषा मिश्र, महिला महासङ्घ (विषय विज्ञ)

मानव अधिकारको क्षेत्रमा मानव अधिकार रक्षक महत्त्वपूर्ण पाटो हो । राष्ट्रिय मानव अधिकार आयोगले प्रदेश मुख्यमन्त्रीको टेबलमा प्रतिवेदन पुगेको छ तर त्यसको सम्बोधन गरिएको अवस्था छैन । केही समस्याको रहेका छन, जस्तैः–

- मानव अधिकार रक्षकहरूको सुरक्षाको कुरा अझै पनि आइरहेको छ ।
- मानव अधिकार रक्षकका चुनौती, अवस्था र व्यवस्थाको बारेमा सम्बोधन गर्नु नै पर्नेछ ।
- रक्षकहरूको लागि छुटै निकाय चाहिएको हो कि ?
- राजनीतिक दावावले सही समयमा सूचना पाइँदैन ।
- रक्षकको वर्गीकरण हुन सकेन ।
- पेसागत सङ्गठन बनाउनु आवश्यक छ । हाम्रो पहिचान र सम्मानमा काम हुन पर्दछ ।

७. पिङ्की गुरुङ, यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक अधिकार रक्षक (विषय विज्ञ)

सबै मानव अधिकार रक्षकहरूको विषयमा सबाल उठ्छ तर कानुनको कमीले हाम्रो समुदायको हक अधिकारको कुरा समावेश हुन सकेको छैन । संविधानको धारा १२ अनुसार नागरिकता प्राप्त गर्नको लागि लिङ्ग छुटाउनुपर्ने हुन्छ, यो व्यवस्थाले त सरकारले नै बलात्कार गरे जस्तो लाग्छ । यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकको अवस्था के–कस्तो छ ? उनिहरू माथि ज्यादती कसरी भइरहेको छ ? यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकको कुरा कानुनमा सरकारले नै समावेश नगरेको हो कि ? विवाहको हकमा कानुनी अधिकार छैन र आफ्नो सहयात्री छान्ने अधिकार छैन । हामीहरूको बलात्कार भएको कुरा समावेश कहीँ पनि भएको छैन । सामाजिक हिंसा छ । मानव अधिकार आयोग पनि अनुगमन तथा अनुसन्धानमा चुकी रहेको छ । आयोगको काममा पनि सुस्तता भएको जस्तो लाग्छ । हाम्रो बारेमा सबैले आवाज उठाइदिनुहुन आग्रह गर्दछु ।

- जगतबहादुर बराम, आदिवासी जनजाति महासङ्घ, (विषय विज्ञ)
- मानव अधिकार रक्षकले अल्पसङ्ख्यकहरूको अधिकारमा केन्द्रित भएर आवाज उठाउन जरुरी छ ।
- अल्पसङ्ख्यकका आवाजलाई सरकार तथा सम्बन्धित निकायबाट सुनुवाई भएको अवस्था छैन ।
- कानुनमा व्यवस्था गरिएका अधिकार कार्यान्वयन हुँदैन भने त्यस्ता कानुन खारेज गर्दा राम्रो हुन्छ होला ।
- राष्ट्रिय मानव अधिकार आयोगले पनि सुझाव मात्र दिने हो किजस्तो लाग्छ ।
- मानव अधिकार रक्षकहरूको पहिचान, सुरक्षा र सञ्जालीकरणमा जोड दिनुपर्छ ।

## ९. सहभागीबाट प्राप्त जानकारी, जिज्ञासा तथा सुझाव

विभिन्न विषयगत क्षेत्रमा आबद्ध व्यक्तिहरू विषय विज्ञकारूपमा उपस्थित भई मानव अधिकार रक्षकको अधिकार संरक्षण, संवर्धन, पहिचान र मान्यताको अवस्था, चुनौती र समाधानका उपायहरू सम्बन्धमा छलफल हुँदा सम्मेलनमा सहभागी कानुन व्यावसायी, पत्रकार, दलित, महिला, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, आदिवासी जनजाति, मधेशी, थारु, मस्लिम, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति लगायत मानव अधिकारका विषयगत क्षेत्रमा क्रियाशील २६ जना मानव अधिकार रक्षकहरूले निम्नानुसारको जानकारी, जिज्ञासा तथा सुझाव राख्नु भएको थियोः

- लक्षीत वर्गका लागि संविधान तथा कानुनले व्यवस्था गरेका हक अधिकारको कार्यान्वयनमा कुन–कुन तहमा के–के काम भईरहेको छ, छलफल गरिनुपर्छ ।
- महिला मानव अधिकार रक्षकहरूको प्रतिनिधित्व हरेक क्षेत्रमा कम गराइन्छ ।
- जातीय भेदभाव तथा छुवाछूतका उजुरी प्रहरीले दर्ता नगर्ने अवस्था छ ।
- दलित अधिकारकर्मीहरू अन्य अधिकारकर्मीको तुलनामा बढी असुरक्षित हुन्छन ।
- राउटे जस्ता लोपउन्मूख समुदायका विषय पनि यहाँ सवालहरु उठ्नुपर्छ ।
- कर्णालीका मानव अधिकारका विषयहरू पनि समेटन आयोगको ध्यान जाओस ।
- मानव अधिकार रक्षक कक्ष स्थापना गरेर काम गर्नुपर्छ ।
- मानव अधिकार रक्षक दिवस मनाउनुपर्छ ।
- मानव अधिकारमैत्री संस्कृतिलाई हामीले स्थापित गर्न नसकिरहेको अवस्था छ ।
- अहिले पनि हाम्रो समाज पितृशत्ताबाट ग्रसित छ । जसले महिलालाई थप कठिन बनाएको छ ।
- मानव अधिकार रक्षक एकजुट भएर अगाडि बढ्नुपर्ने आवश्यकता छ ।
- सामाजिक सञ्जालकमा राखिएका सूचनाले पनि कतै हामी रक्षकलाई नै असुरक्षित बनाएको त छैन ?
- सबै मानव अधिकारकर्मीको बारेमा सबै मानव अधिकारकर्मी एक जुट भएर आवाज उठाउनुपर्छ ।
- दलित समुदायको अधिकारको विषयमा काम गर्न सुरक्षा चुनौती बढी छ ।
- म आपूmले दलित अधिकारको क्षेत्रमा काम गर्दा धेरै धम्कीको सामाना गर्नुपरेको छ ।
- मानव अधिकार रक्षक सहायता कोष स्थापना गर्नुपर्छ ।
- मानव अधिकार रक्षकका काम कारबाही निष्पक्ष हुनुपर्दछ ।
- राष्ट्रिय मानव अधिकार आयोगले मानव अधिकार रक्षकका अधिकारको बारेमा पहल गर्नुपर्छ ।
- पत्रकारहरूले लामो समयसम्म पारिश्रमिक पाएका छैनन् ।
- मानव अधिकार रक्षकको अवस्था पहिचान गरी आवश्यक पहल गर्न जरुरी छ ।

१०. गौरी प्रधान पूर्व माननीय सदस्य राष्ट्रिय मानव अधिकार आयोग (अध्यक्षता)

घर घरबाट मानव मार्यादाको कुरा उठान गर्नुपर्छ । आयोगले स्थापनाकालदेखि नै कुरा उठाएको छ । अझै काम गरी रहेको छ । कुनै पनि हिंसा आफ्नो परिवार, आफन्त र छिमेकीले गरेको किन नहोस्, आवाज उठाउनुपर्छ । आयोगले मानव अधिकार रक्षक सहायता कक्षा बनाउनु पर्दछ । त्यसमा कम्तिमा एक जना अधिकृतलाई जिम्मा दिनु जरुरी छ ।

## ४.४.७ विषयगत छलफल–२

यस सत्रमा विभिन्न विषयमा क्रियाशील व्यक्तिहरूलाई विषय विज्ञको रूपमा प्रतिनिधित्व गराइ मानव अधिकार रक्षकको अधिकार संरक्षण, संवर्धन, पहिचान र मान्यताको अवस्था, चुनौती र समाधानका उपायहरू सम्बन्धमा छलफल गर्न लगाउनुका साथै सहभागीबाट जानकारी, जिज्ञासा तथा सुझाव लिई ति विषयमा सम्बोधन गरिएको थियो ।

१. लिली थापा, मा.सदस्य, राष्ट्रिय मानव अधिकार आयोग, सहजकर्ता

मानव अधिकार रक्षकको कार्य अत्यन्त महत्त्वपूर्ण छ । जो हाम्रा दस्तावेजहरूले पनि केही बोलेका छन । अहिले धेरै सकारात्मक परिवर्तन जनमानसमा आएको छ । मानव अधिकारको संरक्षण र संवर्धनमा रक्षकको भूमिका महत्त्वपूर्ण भएकाले यस विषयमा गहन छलफल गरी आइपर्ने चुनौतीको सामाना गर्ने उपाय निकाल्नुपर्छ ।

२. सुदिप पाठक, पूर्व माननीय सदस्य, राष्ट्रिय मानव अधिकार आयोग (अध्यक्षता)

मानव अधिकारको संरक्षण र संवर्धनमा महत्त्वपूर्ण भूमिका मानव अधिकार रक्षकले गरेका हुन्छन् । जसले आफ्ना समस्या बिर्सेर अरूको अधिकार संरक्षणमा व्यस्त रहेका हुन्छ । निष्पक्ष र स्वतन्त्र रूपमा मानव अधिकार रक्षकले काम गर्नुपर्दछ । आफ्नो जिम्मेवारी, काम र कर्तव्यको बारेमा प्रष्ट हुनुपर्छ । कुनै पनि दलगत क्रियाकलापमा रक्षक संलग्न हुनुहुदैन । मानव अधिकार रक्षकहरूलाई गरेको कामबाट विमुख बनाउने काम कहिलेकाहीँ सरकारबाट पनि नभएको होइन । आफ्नो काममा निरन्त अगाडि बढी पीडितलाई न्याय दिलाउनु रक्षकको कर्तव्य हो ।

३. गीता कोइराला, अधिवक्ता, विज्ञवक्ता

मानवले विभेदविनाको स्वतन्त्रता र मान्यता पाउनुपर्दछ । जव मानव अधिकार उल्लङ्घन हुन्छ त्यसलाई संरक्षण र संवर्धन गर्नु मानव अधिकार रक्षकको महत्त्वपूर्ण कर्तव्य हुन्छ । पद र प्रतिष्ठा पाएका व्यक्ति वा पदाधिकारीबाट नै कर्णाली प्रदेशमा मानव अधिकार उल्लङ्घन भएका घटना पनि छन् । मानव अधिकार

रक्षकहरूलाई काम गर्ने सन्दर्भमा धेरै चुनौतीको सामाना गर्नुपर्ने हुन्छ । काम गर्दा विभिन्न धम्की आएका पनि छन् । त्यसको समाधान गर्न रक्षकलाई सुरक्षाको आवश्यकता पर्दछ ।

४. भोला भट्टराई, तावरणसम्बन्धी अधिकारकर्मी (विषय विज्ञ)

अधिकारकर्मीले विकासको बुझाइ अझै बढाएर अधिकारको संरक्षण गर्नुप¥यो । घटनामा मात्र केन्द्रित भएरभन्दा पनि वातावरणसम्बन्धी अधिकारका विषयमा पनि अगाडि बढ्नुपर्दछ । यस विषयलाई मानव अधिकारको पक्षको रूपमा व्यवहारमा प्रयोग गर्न सकिएको अवस्था छैन् । साना साना विकासमा मानव अधिकार संरक्षण देखिन्छ भने ठुला विकासमा वातावरणीय अधिकार उल्लङ्घन भएको देखिन्छ । यसमा रक्षकले सक्रिया रूपमा कार्य गर्नुपर्छ । त्यसको लागि रक्षकको सुरक्षाको आवश्यकता पर्दछ ।

५. निर्मला के.सी., ओरेक, (विषय विज्ञ)

मानव अधिकार रक्षकलाई सचेतनामूलक कार्यक्रम, सुरक्षा र तालिमको आवश्यकता छ । घटनासँगै रक्षकसँग चुनौती र समस्या पनि जोडिएर आइरहेको हुन्छ । रक्षकलाई सरकारले सुरक्षा दिनुपर्छ । रक्षकले आप्mनो जिम्मेवारी तथा कर्तव्यलाई निष्पक्ष र स्वतन्त्र रूपमा निर्वाह गर्न सक्नुपर्छ । सामाजिक सञ्जालको दुरुपयोग गरी मानव अधिकारकर्मीलाई आरोप र बदनाम गर्ने काम पनि हुने गरेका छन् । सामाजिक सञ्जाललाई सुरक्षीत रूपमा बनाउन अभियान चाल्नु आवश्यक छ । आप्mनै संस्थाले पनि काम गर्ने सिलसिलामा महिला मानव अधिकार रक्षकलाई कम सहयोग गर्ने गरेको अवस्था पनि छ । मानव अधिकार रक्षकको रूपमा काम गर्दा क्षमतालाई ध्यान दिनु आवश्यक छ ।

६. सहभागीका जिज्ञासा तथा सुझाव

विभिन्न विषयगत क्षेत्रमा आबद्ध व्यक्तिहरूलाई विज्ञ वक्ताको रूपमा सहभागी गराइ मानव अधिकार रक्षकको अधिकार संरक्षण, संवर्धन, पहिचान र मान्यताको अवस्था, चुनौती र समाधानका उपायहरू सम्बन्धमा छलफल हुँदा सम्मेलनमा सहभागी विषयगत आयोगका प्रतिनिधि, सुरक्षा निकायका प्रतिनिधि, स्थानीय तह, विभिन्न प्रदेशबाट सहभागी प्रतिनिधि, पत्रकार, जेष्ठ नागरिक, दलित, महिला, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, कानुन व्यावसायी, आदिवासी जनजाति, मधेशी, मुस्लिम, अपाङ्गता भएका व्यक्ति र थारुलगायत मानव अधिकारका विषयगत क्षेत्रमा क्रियाशील २१ जना मानव अधिकार रक्षकहरूले निम्नानुसारको जिज्ञासा तथा सुझाव राख्नुभएको थियोः

- विकास र मानव अधिकारको सबालमा जोड दिनु आवश्यक छ ।
- मानव अधिकार रक्षकले विकास र मानव अधिकारको सबालमा त्यती आवाज उठाएको अवस्था छैन् ।
- विषयगत क्षेत्रमा काम गर्ने रक्षकलाई क्षमता अभिवृद्धि गर्नु अति आवश्यकता छ ।
- कृतिम बौद्धिकताले मानव अधिकार रक्षकहरूको सुरक्षामा पारेको प्रभावलाई पनि ध्यान दिनुपर्दछ ।

- काठमाण्डौ महानगरपालिका राष्ट्रिय मानव अधिकार आयोगसँग मिलेर काम गर्न तयार छ ।
- स्थानीय तह र अन्य सरकारी निकाय सँग समन्वय र सहकार्य गरी मानव अधिकार संरक्षण र संवर्धनमा काम गर्दा थप प्रभावकारी नतिजा हासिल गर्न सहयोग पुग्छ ।
- मानव अधिकार रक्षकका समग्र विषयको व्यवस्थापन गर्न कार्यान्वयन योग्य कानुन र प्रभावकारी काम गर्ने संयन्त्रको आवश्यक छ ।
- विकाससम्बन्धी काम गर्दा अरूको अधिकार हनन् गर्नुहुदैन भन्ने कुरामा ध्यान दिनु आवश्यक छ ।
- दलितका विषयमा समस्या पर्दा दलितले नै हेर्नुपर्छ भन्ने मानसिकता हामी रक्षकहरूले त्याग्नुपर्छ ।
- मानव अधिकार उल्लङ्घनका विषयमा सबै रक्षक एक भएर न्यायका लागि पहल गर्नुपर्छ ।
- तेस्रो लिङ्गीे समुदायमा पनि बलत्कारका घटना भईरहेका छन ।  म तेस्रो लिङ्ग्गी भएका कारण त्रिचन्द्र कलेजमा अध्ययन गर्न नपाएको अवस्था छ ।
- जनप्रतिनिधिहरूलाई मानव अधिकारमैत्री बनाउन सचेतना पैmलाउने काम राष्ट्रिय मानव अधिकार आयोगले गर्नुप¥यो ।
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनको सफल कार्यान्वयन नभएका कारण मानव अधिकार रक्षकले समस्या भोग्नुपरेको छ ।
- राष्ट्रिय मानव अधिकार आयोगमा राजनीतिक नियुक्ति गरिन्छ भने मानव अधिकारको क्षेत्रमा निष्पक्ष कार्य हुन्छ भन्ने कसरी विश्वास गर्ने ?
- घटना घटेपछि मात्र त्यहाँ पुग्ने होइन, घटना नै हुन नदिने काम गर्नुपर्छ ।
- राष्ट्रिय मानव अधिकार आयोगले सचेतनाका कार्यक्रमलाई गाउँ–गाउँसम्म पु¥याउनुपर्छ ।
- हामीले काम गर्दा पार्टी र नेताहरूबाट आएको दबाबको सामाना गर्नुपर्छ ।
- माथिल्लो तहमा बसेर काम गर्ने मानव अधिकार रक्षकलाई काम गर्न सहज होला । हामी तल्लो तहमा बसेर काम गर्ने अधिकारकर्मीलाई काम गर्न धेरै कठिन छ ।
- हामीले प्राकृतिक स्रोतबाट सास फेर्ने अधिकार पाएका छौं तर त्यो प्रकृतिको संरक्षण गर्न बिर्सेका छौं ।
- मानव अधिकार रक्षकको आचारसंहिता बनाइ लागु गर्नुपर्छ ।
- कतिपय मानव अधिकार रक्षक मानव अधिकारकर्मीबाट नै पीडित बन्नुपरेको छ । आयोगले यस्ता विषयमा हेर्नुपर्छ ।

७. सुदिप पाठक, पूर्व माननीय सदस्य, राष्ट्रिय मानव अधिकार आयोग (अध्यक्षता)

विकास र मानव अधिकारको अति महत्त्वपूर्ण सम्बन्ध छ । मानव नभए अधिकारको सम्भव छैन । आयोगले  मानव अधिकार रक्षकको लागि लोगो (पहिचान चिन्ह) बनाओस् । मानव अधिकारकर्मीहरूलाई वितरण गर्नु प¥यो । डरबाट मुक्त नगरेसम्म काम गर्न सकिँदैन । यस किसिमका सम्मेलनले मानव अधिकारकर्मीलाई

काम गर्न र बलियो हुन शक्ति प्रदान गर्दछ । आयोगले विभिन्न विषयमा अध्ययन गरेको छ । सबै मिलेर काम गर्न सकेमा सकारात्मक परिवर्तन ल्याउन सकिन्छ ।

## ४.४.८ प्रस्तुती तथा छलफलको दोस्रो सत्र

१. श्री मनोज दुवाडी, माननीय सदस्य, राष्ट्रिय मानव अधिकार आयोग

राष्ट्रिय मानव अधिकार आयोगका माननीय सदस्या श्री मनोज दुवाडीले “मानव अधिकार रक्षकसम्बन्धी कानुनको आवश्यकता तथा मस्यौदा” विषयमा आप्mनो प्रस्तुती राख्नुभएको थियो । भने यस प्रस्तुती उपर अधिवक्ताद्वय लुभराज न्यौपाने र विष्णुप्रसाद तिमिल्सिनाले टिप्पणी गर्नुभएको थियो । साथै सहभागीबाट जिज्ञास, सुझाव दिने कार्य समेत भएको थियो ।

क) लुभराज न्यौपाने, अधिवक्ता

प्रस्तुतीमाथि टिप्पणी

– यो मस्यौदा तयार पारेकोमा राष्ट्रिय मानव अधिकार आयोगलाई धेरै धेरै धन्यवाद । यसमा धेरै विषय समेटिएका छन ।

– मानव अधिकार रक्षक ऐनको यो मस्यौदामा कम्तिमा आठ वटा विषयवस्तु समेट्नुपर्छ । जसमा पहिचानको व्यवस्था, सुरक्षा समिति, वकालतको अधिकार, सुरक्षा कोषको व्यवस्था, वृत्ति विकासको व्यवस्था, संरचनालाई स्थानीय तहसम्म पु¥याउने व्यवस्था र जरिवाना र दण्डसजायको व्यवस्था गर्नुपर्छ ।

ख) विष्णुप्रसाद तिमिल्सिना, अधिवक्ता

– यस मस्यौदामा मानव अधिकार रक्षकका आचारसंहितको स्पष्ट व्यवस्था गरिनुपर्छ ।

– मानव अधिकार रक्षक सधै रहन्छ वा रहदैन भन्ने विषय पनि यसमा समेटिनुपर्छ ।

– राज्यको दायित्व मानव अधिकार रक्षकको सुरक्षा दिने हो भन्ने व्यवस्था समेटनुपर्छ ।

– मानव अधिकार रक्षकलाई प्रोत्साहन गर्ने व्यवस्था यसमा राखिनुपर्छ ।

– उपभोक्ताको अधिकारलाई पनि यस मस्यौदामा समावेश गरियोस् ।

– राष्ट्रिय मानव अधिकार आयोगको भूमिकालाई पनि बढाउन आवश्यक छ ।

ग) सहभागीका जिज्ञासा तथा सुझाव

राष्ट्रिय मानव अधिकार आयोगका माननीय सदस्या श्री मनोज दुवाडीले प्रस्तुत गर्नुभएको “मानव अधिकार रक्षकसम्बन्धी कानुनको आवश्यकता तथा मस्यौदा” विषयक प्रस्तुतीमा सम्मेलनमा सहभागी अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, विषयगत आयोगका प्रतिनिधि, सुरक्षा निकायका प्रतिनिधि, विभिन्न प्रदेशबाट सहभागी प्रतिनिधि, पत्रकार, जेष्ठ नागरिक, दलित, महिला, कानुन–व्यावसायी, आदिवासी जनजाति, मधेशी, मुस्लिम र थारु लगायत मानव अधिकारका विषयगत क्षेत्रमा क्रियाशील १७ जना मानव अधिकार रक्षकहरूले निम्नानुसारको जिज्ञासा तथा सुझाव राख्नुभएको थियोः

- मानव अधिकार रक्षकको क्षमता अभिवृद्धिका विषयलाई कानुनी मसौदामा समावेश गर्नुपर्ने ।
- लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यकका विषय पनि यस मस्यौदामा समावेश गर्नुपर्छ ।
- यस मस्यौदाले पछाडि परेका वर्ग तथा समुदायलाई उच्च प्राथमिकता दिनुपर्छ ।
- मानव अधिकार रक्षकको पहिचान, सुरक्षा, सञ्जालीकरण, प्रोत्साहन लगायतका विषय समावेश गर्नुपर्छ ।
- ऐन लागु हुने किसिमको बनाउनुपर्छ ।
- मानव अधिकार रक्षकको अभिलेखको व्यवस्था हुनुपर्छ ।
- मानव अधिकार रक्षकले काम गर्दा आईपरेका तथा आइपर्न सक्ने चुनौतीको पहिचान गरी चुनौती समाधानका उपायतर्पm सबैको ध्यान जानुपर्ने ।
- मानव अधिकार रक्षकहरूमा मधेसी र मुस्लिमको पनि सहभागिता बढाउनु पर्छ ।
- अव चौथो सम्मेलनमा सबै समुदायका मानव अधिकारकर्मीहरू सहभागी गराउनुपर्दछ ।
- परियोजना समाप्त भएपछी सङ्घसंस्थाले मानव अधिकारकर्मीको हित संरक्षण, क्षमता अभिवृद्धी तथा सुरक्षामा कसरी काम गर्ने ? त्यसतर्पm ध्यान दिनुपर्छ ।
- जागिर सकिएपछि मानव अधिकारकर्मी नरहने अवस्था भएकाले संरक्षण गर्न आवश्यक छ ।
- आयोगद्वारा यसअघि सम्पन्न राष्ट्रिय तथा प्रादेशिक सम्मेलनबाट जारी गरिएका घोषणापत्रको समेत कार्यान्वयन हुनुपर्ने ।
- पिट्ने र पिटाइ खाने एकै ठाउमा बस्न सम्भव छैन । जस्तैः मानव अधिकार उल्लङ्घन कर्ता र अधिकारकर्मी कसरी सँगै समितिमा बसेर काम गर्न सक्छन ?
- सुर्खेतको घटनामा आयोग र अधिकारकर्मीमाथि त्यहाँको सरकारले गरेको दुव्र्यवहारलाई आयोगबाट कसरी हेरिएको छ ?
- कोष मानव अधिकार रक्षकको क्षमता विकास र अति आवश्यक कार्यका लागि खर्च गर्नुपर्छ ।

श्री मानोज दुवाडी, मा.सदस्य, राष्ट्रिय मानव अधिकार आयोग

- मानव अधिकार रक्षक सम्बन्धी कानुनी मस्यौदाउपर छलफल गर्न सधै हामी खुला छौँ ।

- आयोगमै आएर पनि यस विषयमा छलफल गर्न सकिन्छ ।
- मसौदालाई सार्वजनिक सुझावको लागि आयोगको वेभसाइटमा राख्ने छौं, तपाईहरूको थप सुझावको अपेक्षा गरेका छौं ।

## ४.४.९ घोषणापत्र मस्यौदा तथा जारी

दुई दिनसम्म सञ्चालन गरिएको मानव अधिकार रक्षकसम्बन्धी तेस्रो राष्ट्रिय सम्मेलनमा प्रस्तुतीकरण, मानव अधिकार रक्षकले उठान गरेका विषयवस्तु, विषयगत विज्ञहरूसहित भएका छलफल, यस सम्मेलन पूर्व यस विषयमा सम्पन्न गरेका मानव अधिकार रक्षकसम्बन्धी राष्ट्रिय तथा प्रादेशिक सम्मेलनसमेतका आधारमा घोषणापत्र तयारी समितिले ११ बुँदे घोषणापत्रको मस्यौदा तयार गरेको थियो । आयोगका सहसचिव तथा घोषणापत्र तयारी समितिका संयोजक श्री नवराज सापकोटाले ११ बुँदे घोषणापत्रको मस्यौदा सहभागीहरूका विचमा थप छलफलका लागि पेस गर्नुभएको थियो । उक्त घोषणापत्रको मस्यौदामा केही विषय थपसहित सम्मेलनबाट पारित गरिएको थियो । घोषणापत्र अनुसूची एकमा समावेश गरिएको छ ।

## ४.४.१० सम्मेलनको समापन सत्र

राष्ट्रिय मानव अधिकार आयोगद्वारा आयोजित मानव अधिकार रक्षक तेस्रो राष्ट्रिय सम्मेलनको समापन सत्रको अध्यक्षता माननीय अध्यक्ष श्री तपबहादुर मगरले गर्नुभएको थियो भने प्रमुख अतिथि आसन ग्रहण प्रतिनिधि सभाको कानुन, न्याय तथा मानव अधिकार समितिका माननीय सभापति श्री कृष्णभक्त पोखरेलले गर्नुभएको थियो ।

समापन सत्रमा प्रमुख अतिथि तथा अतिथिहरुको मन्तव्य

१. माननीय श्री कृष्ण भक्त पोखरेल, सभापति, प्रतिनिधि सभा, कानुन, न्याय तथा मानव अधिकार समिति

दुई दिनसम्म चलेको यो सम्मेलन उपलव्धीमूलक भएको छ । कानुन आफैमा विभेदकारी छ । हामी सबैको लडाइँकै परिणमस्वरुप आज महिला सहभागितामा केही भएपनि बढोत्तरी भएको छ । हिजो हामी भकारीमा धान नहुँदा लडेका थियौँ भने आज भकारीमा धान भरेका छौँ । त्यसबाट हामी सबै आवश्यकता पूरा गर्ने छौँ । जातिय भेदभाव, महिला हिंसा तथा बलात्कारका पीडितहरूको न्यायमा पहुँचको अवस्था सुखद् छैन । राष्ट्रिय मानव अधिकार आयोगका सिफारिस कार्यान्वयन हुनुपर्छ भन्ने विषयमा हामी सबै मानव अधिकार रक्षकहरू एक हुनुपर्दछ । हामीले समन्वय गरेर काम गर्दा धेरै राम्रो परिणाम ल्याउन सक्छौं । मानव अधिकार संरक्षणका लागि गरिने हरेका राम्रा अभियानहमा हामी सबैले सबैको साथ दिनुपर्छ । प्रत्येक पार्टीका प्रतिनिधि बोलाएर

छलफल गरेर यो मस्यौदालाई पारित गरौं । यदि सरकारले यस मस्यौदालाई सदनमा नल्याए । म अन्य पार्टीका साथिहरूसँग पनि छलफल गरेर गैरसरकारी विधेयकको रूपमा पेस गर्न तयार छु ।

२. लक्ष्मी आचार्य, सम्मेलनका सहभागीको तर्फबाट

मानव अधिकार रक्षकको सम्बन्धी कानुनी मस्यौदा संसद्मा पुगी छलफल गरी पास होस । राष्ट्रिय मानव अधिकार आयोग हाम्रो अभिभावक संस्थाको रूपमा काम गर्नुपर्छ । आयोग देखिने र अनुभूति हुने गरी अभिभावक बनोस् । स्थानीय तहसम्म पनि आयोगको सम्पर्क कार्यालय रहनुपर्छ । यस सम्मेलनमा महत्त्वपूर्ण विषयमा छलफल भए आगामी दिनमा यहाँ आएका विषयको कार्यान्वयनमा सबै लाग्न जरुरी छ ।

३. पवन आचर्य, सचिव, नेपाल पत्रकार महासङ्घ

समग्र पत्रकार एक ढिक्का भएर मानव अधिकारको संरक्षण र संवर्धनमा काम गरिरहेका छौं । मानव अधिकारको क्षेत्रमा सबै भन्दा पहिला पत्रकारले नै काम गर्दछ । मानव अधिकार रक्षक सम्बन्धी कानुनी मस्यौदामा समेटिएका विषयलाई पास गरी कार्यान्वयनमा लैजान सकियोस् । यो सम्मेलन सफल भएकोमा सबैलाई धन्यवाद ।

४. माननीय श्री तपबहादुर मगर, अध्यक्ष, राष्ट्रिय मानव अधिकार आयोग

यो कार्यक्रममा मानव अधिकार रक्षकको अवस्था र कानुनी आवश्यकताका विषयमा छलफल भयो । मानव अधिकार रक्षकको कानुन ल्याउन आयोगले सक्रियाताका साथ भूमिका खेल्ने छ । यहाँ छलफल भएका विषयलाई हामीले अवश्य सम्बोधन गर्ने नै छौ । मानव अधिकार रक्षकको यो बृहत् छलफलबाट हामी सबैलाई धेरै ज्ञान प्राप्त भएको छ । आयोग मानव अधिकार रक्षकहरुसँगको सहकार्यलाई अझै प्रभावकारी बनाउन क्रियाशील रहेको छ । मानव अधिकार रक्षकका अधिकारको संरक्षण तथा सुरक्षालाई प्रभावकारी बनाउन आयोगले फोकल अधिकृत तोकेरै काम गरिरहेको छ । मानव अधिकार रक्षक तथा नागरिक समाजका सदस्यहरूको संरक्षणका लागि कानुनको अपरिहार्यता महसुस गरेकै कारण हामी कानुन निर्माणको अभियानमा छौं । यस अभियानमा तपाईं मानव अधिकार रक्षक तथा नागरिक समाजबाट सहयोगको अपेक्षा पनि गरेका छौं ।

# परिच्छेद्–पाँच

# विश्लेषण, निष्कर्ष, सुझाव तथा उपलव्धी

## ५.१ विश्लेषण, निष्कर्ष तथा सुझाव

मानव अधिकार रक्षकका सम्बन्धमा आयोगले पहिलो र दोस्रो राष्ट्रिय सम्मेलन यस पूर्व नै सम्पन्न गरिसकेको छ । प्रस्तुत तेस्रो राष्ट्रिय सम्मेलन सम्पन्न गर्नुपूर्व पहिलो पटक सातै प्रदेशमा एउटै २०७८ फागनु २० र २१ गते आयोगले प्रादेशिक सम्मेलन पनि सम्पन्न गरेको छ । प्रदेश सम्मेलनमा सबै जिल्लाहरूबाट मानव अधिकार रक्षकको समावेशिपूर्ण सहभागिता रहेको थियो । तेस्रो राष्ट्रिय सम्मेलनमा प्रत्येक प्रदेशबाट समावेशी आधारमा तीन जनाका दरले र राष्ट्रिय स्तरमा क्रियाशील मानव अधिकार रक्षक, साथै संवैधानकि निकाय तथा विभिन्न सरकारी कार्यालयका प्रतिनिधिहरूको समेत सम्मेलनमा सहभागिता रहेको थियो ।

मानव अधिकार रक्षकको विषयमा भएका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय व्यवस्था हेर्दा मानव अधिकार रक्षकहरूको पहिचान, सुरक्षा, संरक्षण र रक्षकहरूको भूमिकालाई स्वीकार्य बनाउनका लागि नेपालको संविधानमा व्यवस्था गरिएका मौलिक हकहरूले महत्त्वपूर्ण सहयोग गर्ने देखिन्छ । त्यस्तै नेपाल सरकार गृह मन्त्रालयबाट जारी गरिएको मानव अधिकारकर्मीहरूको सुरक्षा तथा संरक्षण गर्ने सम्बन्धी आदेश २०७७, राष्ट्रिय मानव अधिकार आयोगबाट जारी मानव अधिकार रक्षकसम्बन्धी मार्गनिर्देशिका, २०६९ तथा अभिव्यक्ति स्वतन्त्रतासम्बन्धी निर्देशिका, २०७५ जस्ता राष्ट्रिय तथा मानव अधिकारको विश्वव्यापी घोषणापत्र १९४८, नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अभिसन्धि १९६६, मानव अधिकार रक्षकहरूको अधिकारसम्बन्धी घोषणापत्र १९९८ जस्ता अन्तर्राष्ट्रिय दस्तावेज समेतको व्यवस्था भएको पाइन्छ । विद्यमान कानुनी व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्नुका साथै यस प्रकारको व्यवस्थालाई समेत आधार मानेर मानव अधिकार रक्षकको संरक्षण र सुरक्षा सम्बन्धी विशेष कानुनको व्यवस्था गर्नुपर्ने विषयसमेत सम्मेलनमा महत्वपूर्णरूपमा छलफलमा ल्याइएको थियो ।

मानव अधिकार रक्षकहरूसम्बन्धी प्रादेशिक तथा तेस्रो राष्ट्रिय सम्मेलनमा रक्षकहरूको पहिचान, सुरक्षा, सञ्जालीकरण, रक्षकको अधिकारको संरक्षण तथा संवर्धन लगायतका विषयमा हालसम्म राज्यबाट कुनै ठोस काम हुन नसक्दा मानव अधिकार रक्षकले विभिन्न किसिमका समस्या, जोखिम तथा चुनौतीको सामना गर्नुपरेको विषयलाई प्राथमिकताको रूपमा उठान गरिएको थियो । यी विषयहरूलाई सम्बोधन गर्न नीतिगत तथा संयन्त्रगत व्यवस्थाको आवश्यकता रहेको प्रति सम्मेलनले जोड दिएको थियो ।

मानव अधिकारको सम्मान, संरक्षण तथा संवर्धन गर्नका लागि मानव अधिकार रक्षकहरूको भूमिका महत्त्वपूर्ण हुन्छ । उनीहरूको भूमिकालाई प्रभावकारी बनाउन राज्यले नै मानव अधिकार रक्षकका अधिकारको उपभोग गर्ने

वातावरणको सिर्जन गर्नुपर्दछ । त्यो काम राज्यबाट प्रभावकारी हुन नसक्दा मानव अधिकार रक्षकहरूले धम्की, आक्रमण, दबाब तथा मानसिक तनाबसमेतको सामाना गर्नुपरेको अवस्था छ ।

आयोगद्वारा यस राष्ट्रिय सम्मेलनपूर्व सम्पन्न गरेका राष्ट्रिय सम्मेलन तथा सातै प्रदेशमा सम्पन्न मानव अधिकार रक्षकहरूको प्रादेशिक सम्मेलनद्वारा जारी घोषणापत्र तथा प्रतिबद्धतापत्रहरूलाई सम्बोधन तथा कार्यान्वयन गर्न÷गराउन पहल गर्नुपर्दछ । रक्षकसम्बन्धी पहिलो र दोस्रो राष्ट्रिय सम्मेलनले समग्र मानव अधिकारको अवस्थालाई बढी जोड दिएको थियो । भने, पहिलो पटक आयोजना गरिएका प्रादेशिक सम्मेलन र तेस्रो राष्ट्रिय सम्मेलनले मानव अधिकार रक्षकको पहिचान, सुरक्षा, स्वीकार्यता, रक्षकका अधिकारको संरक्षण तथा संवर्धन गर्न आवश्यक कानुनी तथा संस्थागत व्यवस्था गर्नुपर्नेमा जोड दिएको छ । मानव अधिकार रक्षकले काम गर्दा आइपरेका तथा आइपर्न सक्ने चुनौतीको पहिचान गरी चुनौती समाधानका उपायतर्पm सबैको ध्यान जानुपर्ने विषयसमेत सम्मेलनमा महत्वपूर्ण रूपमा उठान गरिएको थियो ।

दुई दिनसम्म सञ्चालन गरिएको मानव अधिकार रक्षकसम्बन्धी तेस्रो राष्ट्रिय सम्मेलनमा प्रस्तुतीकरण, मानव अधिकार रक्षकले उठान गरेका विषयवस्तु, विषयगत विज्ञहरू सहित भएका छलफल, यस सम्मेलनपूर्व यस विषयमा सम्पन्न गरेका राष्ट्रिय तथा प्रादेशिक सम्मेलन समेतका आधारमा घोषणापत्र तयारी समितिले ११ बँुदे घोषणापत्रको मस्यौदा तयार गरेको थियो । सम्मेलनबाट पारित गरिएको ११ बुँदे घोषणापत्रले मानव अधिकार रक्षकका सरोकारका विषयलाई उठान गरेको छ । यसको प्रभावकारी कार्यान्वयनमा सरोकारवाला जिम्मेवार भएर लाग्नु पर्ने देखिन्छ ।

राष्ट्रिय मानव अधिकार आयोगका सिफारिस कार्यान्वयन हुनुपर्ने भन्ने विषयलाई पनिमा मानव अधिकार रक्षकहरूले सम्मेलनमा बहसको विषय बनाएका थिए । आयोगले गरेका सिफारिस कार्यान्वयन नहुँदा मानव अधिकार संरक्षणको महत्वपूर्ण पक्ष नै सधैँभरी चुनौतीपूर्ण रहने भएकोले यसका लागि नागरिक समाज र मानव अधिकार रक्षकहरु एकहुनु पर्ने कुरालाई जोडदाररुपमा उठाइएको थियो ।

राष्ट्रिय मानव अधिकार आयोगले गरेका अनुगमन, अनुसन्धान तथा अध्ययनहरू, विभिन्न मानव अधिकार संस्थाहरूबाट समय समयमा भएका अनुगमन तथा विभिन्न सञ्चार माध्यममा सम्प्रेषण भईरहेका समाचारहरूको अध्ययन गर्दा मानव अधिकार रक्षकहरूले आफ्ना अधिकारको त्रास तथा जोखिम रहित वातवरणले गर्दा सहजरुपमा उपभोग गर्न नपाएको देखिन्छ । आयोगद्वारा आयोजना गरिएका मावन अधिकार सम्मेलनमा सहभागी भएका मानव अधिकार रक्षकहरूले पनि मानव अधिकार रक्षकहरूले निर्वाध रुपमा काम गर्न नपाएको, सुरक्षा जोखिम रहेको, सार्वजनिक निकायहरूले पनि मानव अधिकार रक्षकहरुको भूमिका र अस्तित्वलाई स्वीकार गर्न नसकेको, मानव अधिकार रक्षकहरू अझै पनि आफ्ना भूमिका तथा कार्यहरुको पहिचान खोज्नु पर्ने अवस्था रहेका, मानव अधिकार रक्षकहरूमा पनि महिला, दलित, लैङ्गिक तथा यौनिक अल्पसंख्यक मानव अधिकार रक्षकहरूका जोखिम र चुनौतिहरू थप कष्टकर रहेका सम्मेलनको निष्कर्श रहेको थियो । यस परिवेशमा तेस्रो

राष्ट्रिय सम्मेलनले मानव अधिकार रक्षकको पहिचान, सुरक्षा, स्वीकार्यता, रक्षकका अधिकारको संरक्षण तथा संवर्धन गर्न आवश्यक कानुनी तथा संस्थागत व्यवस्था गर्नुपर्नेमा जोड दिएको छ । विभिन्न विषयमा क्रियाशील मानव अधिकार रक्षकले काम गर्दा आईपरेका तथा आइपर्न सक्ने चुनौतीको पहिचान गरी चुनौती समाधानका उपाय खोज्नुपर्ने देखिन्छ । यसको लागि तेस्रो राष्ट्रिय सम्मेलनले पास गरी जारी गरेको ११ बुँदे घोषणापत्र तथा प्रादेशिक सम्मेलनबाट जारी गरिएका घोषणापत्रको प्रभावकारी कार्यान्वयन गर्न सम्बन्धित निकायलाई आयोगले सिफारिस गर्नुपर्ने देखिन्छ ।

## ५.२ सम्मेलनका उपलव्धिहरू

१. मानव अधिकार रक्षकहरूको अवस्थाका सम्बन्धमा तथ्य र तथ्याङ्कसहितको अध्ययन प्रतिवेदन प्रकासन सार्वजनिक भएको छ । मानव अधिकार रक्षकहरूको अवस्था अध्ययन प्रतिवेदनले मानव अधिकार रक्षकहरूको क्षमता, कार्यवातावरण, उनीहरूले भोग्दै आएका समस्याहरू, समाधानका उपायहरू सम्बन्धमा बृहद जानकारी सार्वजनिक गर्न सफलता प्राप्त गरेको छ ।

२. प्रदेश सम्मेलनमा मानव अधिकार रक्षकहरूको भूमिका बारेमा छलफल भई रक्षकहरूको भूमिकालाई अझै प्रभावकारी बनाउने सम्वन्धमा तथा मानव अधिकार रक्षकहरूको सुरक्षाका लागि राष्ट्रिय कानुनको अपरिहार्यतालाई अनुमोदन गरेको छ ।

३. मानव अधिकार रक्षक सम्बन्धी कानुनमा समेटनु पर्ने विषयहरू सम्बन्धमा पृष्ठापोषणहरू प्राप्त भएकाछन जसबाट मानव अधिकार रक्षकहरूको संरक्षणसम्बन्धी नमूना कानुन मस्यौदा तयारगर्न सहज भएको छ ।

४. मानव अधिकार रक्षकहरूको संरक्षणका लागि प्रदेश सम्मेलनबाट प्राप्त भएका सुझाव तथा पृष्ठपोषणका आधारमा तयार भएको मानव अधिकार रक्षक नमूना कानुन मस्यौदा तयार भई राष्ट्रिय सम्मेलनमा छलफलको विषयको रूपमा प्रस्तुत भएको छ ।

५. मानव अधिकार संरक्षण तथा संवर्धनका लागि क्रियाशील सङ्घसंस्था, मानव अधिकार रक्षक र राष्ट्रिय मानव अधिकार आयोगवीच सहकार्य, समन्वय र सहयोगलाई थप मजबुत, प्रभावकारी तथा परिणामदायी बनाउनका लागि प्रतिबद्धताहरू प्राप्त भएका छन ।

६. मानव अधिकारका समसामयिक विषयहरूमा मानव अधिकार रक्षकहरूबीच बिचारको आदानप्रदान गर्ने, मानव अधिकार रक्षकसम्बन्धी विभिन्न विषयमा आगामी दिनमा सहकार्य, समन्वय र सहयोग थप अभिवृद्धि गर्ने सम्बन्धी आधारहरू स्थापित भएका छन ।

७. मानव अधिकार रक्षकसम्बन्धी संयुक्त राष्ट्रिय घोषणापत्र १९९८ को घरेलुकरणका लागि आधार निर्माण भएको छ । यसका लागि मानव अधिकार रक्षकसम्बन्धी कानुन निर्माणगरी लागु गर्न देशभरका मानव अधिकार रक्षकहरूद्वारा सामूहिक आह्वान गरिएको छ ।

८. महिला मानव अधिकार रक्षकहरूको अवस्था, समस्या, चुनौती, संरक्षण र समाधानका उपायहरूको बारेमा छलफल भई महिला मानव अधिकार रक्षकहरूका बिशिष्टिकृत सबालहरूको पहिचान समाधानका उपायहरूका बारेमा छलफल गरिएको छ ।

९. स्थानिय तथा प्रादेशिक तहमा क्रियाशील मानव अधिकार रक्षकहरूका समस्या, चुनौती र समाधानका उपायहरू घोषणापत्र तथा स्थितिपत्रमार्फत सार्वजनिक गरिएका छन ।

# अनुसूची—एक

## तेस्रो राष्ट्रिय सम्मेलद्वारा जारी घोषणापत्र, २०७९

२०७९ असार ९—१०, ललितपुर, नेपाल

मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८, नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी महासन्धि, १९६६, आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारसम्बन्धी महासन्धि, १९६६, मानव अधिकार रक्षकसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय घोषणापत्र, १९९८, राष्ट्रिय मानव अधिकार आयोगबाट जारी मानव अधिकार रक्षकसम्बन्धी मार्गनिर्देशिका, २०६९, अभिव्यक्ति स्वतन्त्रतासम्बन्धी निर्देशिका, २०७५, नेपाल सरकारको मानव अधिकारकर्मीको सुरक्षा र संरक्षण गर्ने सम्बन्धी आदेश, २०७७ नेपाल पक्ष राष्ट्र भएका विभिन्न मानव अधिकारका दस्तावेज तथा प्रतिबद्धतामार्फत प्रत्याभूत गरिएका मानव अधिकार रक्षकहरूका अधिकारको संरक्षण, संवर्धन तथा सुरक्षामा जोड दिँदै,

नागरिक, राजनीतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार प्राप्तिका लागि भएका अभियानबाट संरक्षित लोकतान्त्रिक मूल्य, मान्यता, विधिको शासन, मानव अधिकारका सर्वमान्य सिद्धान्त, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनले प्रत्याभूत गरेका अधिकारप्रति प्रतिबद्ध हुँदै,

आयोगद्धारा यस राष्ट्रिय सम्मेलनपूर्व नेपालका सातै प्रदेशमा सम्पन्न मानव अधिकार रक्षकहरूको प्रादेशिक सम्मेलनद्वारा जारी घोषणापत्र तथा प्रतिबद्धतापत्रहरूलाई सम्बोधन तथा कार्यान्वयनसमेतमा प्रतिबद्धता व्यक्त गर्दै,

मानव अधिकार रक्षकहरूको अभिलेखीकरण, पहिचान, स्वीकार्यता, सुरक्षा, संरक्षण र चुनौती समाधानका उपाय तथा मानव अधिकार रक्षकको सुरक्षाका लागि राष्ट्रिय कानुनको आवश्यकता, मानव अधिकार रक्षकको संरक्षण, संवर्धन तथा सुरक्षामा राष्ट्रिय मानव अधिकार संस्थाको भूमिका उपर छलफल हुँदा मानव अधिकार रक्षकहरूको पहिचान र सुरक्षासम्बन्धी एकीकृत कानुनी व्यवस्था र प्रभावकारी संयन्त्र निर्माणमा जोड दिँदै,

मानव अधिकार रक्षकहरूको क्षमता सबलीकरण समेतमा राज्यको भूमिका थप प्रभावकारी बनाउन र विषयगत मानव अधिकार रक्षकहरू बीचमा प्रभावकारी समन्वय र सहकार्यलाई सुदृढ गर्न अधिकारको सुनिश्चितता गर्दै,

मानव अधिकार रक्षकहरूको आर्थिक तथा सामाजिक सुरक्षाको प्रभावकारी प्रबन्ध गर्न मानव अधिकार रक्षकहरूको खण्डीकृत तथ्याङ्क राख्ने व्यवस्था गर्दै नेपाल सरकारको मानव अधिकारसम्बन्धी राष्ट्रिय कार्ययोजना कार्यान्वयनको सन्दर्भमा सङ्घीय, प्रदेश र स्थानीय तहमा गठन हुने संयन्त्रले मानव अधिकार रक्षकका सबाललाई प्राथमिकता दिई समावेश गर्ने स्पष्ट व्यवस्थाको प्रबन्धमा जोड दिँदै,

मानव अधिकार रक्षकहरू भित्रको विविधता, लैङ्गिकता तथा समावेशीताको सिद्धान्तलाई अवलम्बन गर्दै, मानव अधिकार रक्षकको सूचीसहितको आवधिक प्रतिवेदन प्रकाशन गर्न तथा राष्ट्रिय मानव अधिकार आयोगबाट जारी भएको मानव अधिकार रक्षकसम्बन्धी मार्ग–निर्देशिकामा उल्लेख भएबमोजिमको आचरणको पालना गर्न आह्वान गर्दै,

जावलाखेल, ललितपुर नेपालमा २०७९ असार ९ र १० गते सम्पन्न मानव अधिकार रक्षकहरूको राष्ट्रिय सम्मेलन एवं विगतमा राष्ट्रिय मानव अधिकार आयोगद्वारा सम्पन्न गरिएका पहिलो र दोस्रो सम्मेलनबाट जारी घोषणापत्रहरूलाई स्मरण गर्दै योे राष्ट्रिय सम्मेलनले तपसिलबमोजिमको घोषणापत्र जारी गर्दछः

१. मानव अधिकार रक्षकहरूको परिभाषा तथा परिचयपत्रसहितको पहिचान, मर्यादा, सम्मान र सुरक्षा तथा अधिकार र उत्तरदायित्वका लागि एकीकृत कानुन हालसम्म तर्जुमा नभएको सन्दर्भमा सरोकारवालाको परामर्शमा संयन्त्रसहित एकीकृत कानुन तर्जुमा गरी लागु गर्न,

२. मानव अधिकार रक्षकसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय घोषणापत्र, १९९८ आयोगले जारी गरेको मानव अधिकार रक्षकसम्बन्धी मार्ग–निर्देशिका, २०६९ अनुसार मानव अधिकारको सम्मान, संरक्षण तथा संवर्धनका लागि व्यक्तिगत, सामूहिक वा संस्थागत तवरले वैतनिक वा अवैतनिक रूपमा भूमिका निर्वाह गर्ने विषयगत मानव अधिकार रक्षकसमेतको भूमिकालाई सम्मान गर्दै मानव अधिकार रक्षकहरूलाई राज्यका संयन्त्रबाट प्रभावकारी सुरक्षा र संरक्षणको सुनिश्चित गर्न,

३. विद्युतीय सूचना प्रणालीको विकास गरी मानव अधिकार रक्षकलाई आवश्यक पर्ने सूचना, तथ्याङ्क सम्बन्धित निकायबाट सहज पहुँच पुग्ने गरी उपलब्ध हुने वातावरण निर्माण तथा सूचनाको हकसम्बन्धी कानुनको पूर्ण कार्यान्वयन गर्न,

४. मानव अधिकार रक्षकहरूको खण्डीकृत अद्यावधिक तथ्याङ्क राखी उनीहरूका क्षमता सबलीकरणमा जोड दिँदै व्यावसायिक वनाउनका लागि नियमित रूपमा क्षमता अभिवृद्धि गर्ने प्रबन्ध स्थानीय तहसम्म विकास गर्न,

५. नेपाल सरकारले जारी गरेको मानव अधिकार राष्ट्रिय कार्ययोजना अनुरूप समन्वय समिति गठन गर्दा प्रदेश, जिल्ला र स्थानीय समितिमा मानव अधिकार रक्षकहरूको उचित प्रतिनिधित्व सुनिश्चित गर्दै, स्वास्थ्य उपचार, वीमा लगायत सामाजिक सुरक्षाको सुनिश्चिता गर्न मानव अधिकार रक्षकसम्बन्धी कार्ययोजना निर्माण गरी मानव अधिकार संरक्षण र संवर्धनमा उल्लेखनीय योगदान पु¥याउने मानव अधिकार रक्षकहरूलाई प्रोत्साहन, कदर तथा सम्मानको व्यवस्था गर्न,

६. सिमान्तकृत अवस्थामा रहेका दलित, आदिवासी जनजाति, मधेसी, मुस्लिम, मुक्त कमैया, मुक्त हलिया, मुक्त कमलरी, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, बालबालिका, महिला, एकल महिला, युवा, ज्येष्ठ नागरिक, द्वन्द पीडित अपाङ्गअपाङ्गता भएका व्यक्तिको अधिकार र पिछडिएको क्षेत्रलगायतमा कार्यरत मानव अधिकार रक्षकहरूको विशेष संरक्षण गर्न,

७. आप्रवासी कामदारको अधिकार, उपभोक्ता अधिकार, अविभेद (जस्तैः छुवाछुत तथा जातीय विभेद) व्यावसाय र मानव अधिकार, विपद् तथा जलवायु परिवर्तन, जल, जमिन, वन, विकास तथा वातावरण संरक्षणको क्षेत्र लगायतमा कार्यरत मानव अधिकार रक्षकहरूको संरक्षणका लागि विशेष कार्यक्रम बनाइ लागु गर्न,

८. मानव अधिकारको सम्मान, संरक्षण र परिपूर्तिसम्बन्धी दायित्व निर्वाह गर्दै मौलिक हक कार्यान्वयनका लागि प्रदेश तथा प्रत्येक स्थानीय तहमा मानव अधिकार विशिष्टीकृत शाखाको अनिवार्य व्यवस्था गर्न,

९. मानव अधिकारको प्रभावकारी संरक्षण गर्ने सम्बन्धमा राष्ट्रिय मानव अधिकार आयोगसहित विषयगत आयोगका सबलीकरण, सर्वोच्च अदालतबाट भएका फैसला, आदेश र राष्ट्रिय मानव अधिकार आयोगका सिफारिसलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न,

१०. सङ्घीय, प्रादेशिक तथा स्थानीय तहमा मानव अधिकार रक्षकहरूको सञ्जालीकरण गर्दै संरक्षणका लागि उद्धार संयन्त्रको विकास गरी उद्धार कोषको व्यवस्थापन गर्न्न,

११. जवाफदेही लोकतन्त्रको प्रत्याभूतिका लागि विगतमा भएका सशस्त्र द्वन्द्व तथा आन्दोलनका क्रममा मानव अधिकार रक्षकमाथि भएका हत्या, बेपत्ता, अपहरण, यातना, तथा अन्य अमानवीय व्यवहारहरू लगायतको उचित अनुसन्धान गरी पीडकलाई कारबाही, पीडित तथा पीडित परिवारलाई क्षतिपूर्ति तथा परिपूरण व्यवस्था गरी दण्डहीनताको अन्त्य गर्न,

मुलुकभरका मानव अधिकार रक्षकहरूलाई भेला गराइ राष्ट्रिय सम्मेलन आयोजना गरेकोमा राष्ट्रिय मानव अधिकार आयोगलाई धन्यवाद दिँदै सरोकारवालाहरूको सहकार्य तथा समन्वयमा आगामी दुई–दुई वर्षमा प्रादेशिक तथा राष्ट्रिय सम्मेलन आयोजना गर्न अनुरोध गर्दछौँ ।

# अनुसूची–दुई

## पहिलो र दोस्रो राष्ट्रिय सम्मेलद्वारा जारी घोषणापत्र

पहिलो राष्ट्रिय सम्मेलनबाट पारित घोषणापत्र, २०६९

१. आयोगद्वारा छलफलमा प्रस्तुत मस्यैदा मानव अधिकार रक्षकहरूसम्बन्धी मार्गनिर्देशिका, २०६९ लाई यस सम्मेलनको सुझावसहित आवश्यक परिमार्जन गरी अविलम्ब जारी गर्न यो सम्मेलन आयोगसँग आग्रह गर्दछ । यसको साथै मानव अधिकार रक्षकको सुरक्षाका लागि आवश्यक संयन्त्रसहित विशेष व्यवस्था गर्न समेत सम्बन्धित पक्षसँग आग्रह गर्दछ ।

२. आयोगद्वारा प्रस्तुत मानव अधिकार सहकार्य तथा समन्वयसम्बन्धी निर्देशिका, २०६९ को मस्यौदामा भएको छलफलबमोजिम आवश्यक परिमार्जनसहित जारी गर्न यो सम्मेलन राष्ट्रिय मानव अधिकार आयोगसँग आग्रह गर्दछ ।

३. नेपाल सरकारले मानव अधिकारको क्षेत्रमा अन्तर्राष्ट्रिय रूपमा देखाएको प्रतिबद्धतालाई धन्यवाद दिंदै अन्तर्राष्ट्रिय सन्धि अनुसारको राष्ट्रिय कानुन र संयन्त्रको निर्माण र कार्यान्वयनका लागि विशेष आग्रह गर्दछ ।

४. नेपालमा १० वर्षे आन्तरिक सशस्त्र द्वन्द्व समाप्त भई विस्तृत शान्ति–सम्झौता भएको छ वर्ष बित्न लाग्दा पनि शान्ति–सम्झौताले परिकल्पना गरेका सङ्क्रमणकालीन न्यायसँग सम्बन्धित सत्य निरुपण तथा मेलमिलाप आयोग, बेपत्ता छानबिन आयोगजस्ता संयन्त्रको गठन नहुँदा द्वन्द्वपीडितहरूले न्याय र परिपूरण पाउने अधिकारबाट वञ्चित हुन परेको अवस्था छ । अतः अविलम्व अन्तर्राष्ट्रिय मापदण्डबमोजिमको राष्ट्रिय मानव अधिकार आयोग  स्वतन्त्र, निष्पक्ष, स्वायत्त उच्चस्तरीय आयोगका लागि पहल गर्न नेपाल सरकारसँग यो सम्मेलन माग गर्दछ । यसको साथै नेपाल सरकारद्वारा हालसालै जारी गर्न राष्ट्रपतिसमक्ष सिफारिस गरिएका बेपत्ता छानबिन तथा सत्य निरुपण र मेलमिलाप आयोग गठनसम्बन्धी अध्यादेशले गम्भीर प्रकृतिका मानव अधिकार उल्लङ्घनको विषयमा समेत माफी दिन सक्ने प्रावधानले पीडितको न्याय पाउने अधिकार र मानव अधिकारका विश्वव्यापी सिद्धान्त प्रतिकुल भएको देखिँदा उक्त अध्यादेश जारी नगर्न नगराउन सम्बन्धित पक्षसँग यो सम्मेलन माग गर्दछ । युद्ध अपराध र मानवताविरुद्धको अपराधमा दोषी ठहरिएका व्यक्तिलाई कुनै पनि हालतमा माफी नदिन यो सम्मेलन माग गर्दछ ।

५. विस्तृत शान्ति–सम्झौताअनुसार गठन हुनुपर्ने आयोगहरू गठनपूर्व र राष्ट्रिय मानव अधिकार आयोगको सिफारिस विपरीत मानव अधिकारका आरोपित पीडकको मुद्दा फिर्ता तथा बढुवाको विषयप्रति यो सम्मेलन

गम्भीर आपत्ति प्रकट गर्दछ । मुलुकमा विद्यमान दण्डहीनताको अन्त्यका लागि सक्रिय रूपमा काम गर्न नेपाल सरकारलगायत सम्बद्ध सबै पक्षको ध्यानाकर्षण गराउँछ । अन्तर्राष्ट्रिय फौजदारी अदालतको विधान अनुमोदन गर्न जोडदार माग गर्दछ ।

६. राष्ट्रिय मानव अधिकार आयोगबाट भएका सिफारिसको पूर्ण कार्यान्वयन गर्दै आयोगद्वारा सिफारिस गरिएका मानव अधिकार र मानवीय कानुन उल्लङ्घनकर्तालाई कानुन बमोजिम कारबाही गर्न र सम्बन्धित व्यक्तिलाई जवाफदेही बनाउन सम्मेलन आग्रह गर्दछ ।

७. नेपाल आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुवन्ध, १९६६ को पक्षराष्ट्र भइसकेको परिप्रेक्षमा सोसँग सम्बन्धित ऐच्छिक आलेखको अनुमोदनतर्फ आवश्यक पहल गरी नागरिकका अधिकार जीवनमा अनुभूति गर्न पाउने वातावरण बनाउन आवश्यक संयन्त्रको व्यवस्था गर्न नेपाल सरकारसमक्ष आग्रह गर्दछ । सामूहिक अधिकारको सम्बन्धमा वर्षौंदेखि सिमान्तकृत अवस्थामा बाँच्न बाध्य दलित, आदिवासी, मधेसी, मुस्लिम, कमैया कमलरी, युवाका अधिकार, कर्णाली क्षेत्र, अल्पसङ्ख्यक समुदायलगायत महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरूको विकासको संरक्षण र सहभागिताको अधिकारलाई सुनिश्चित गर्न यो सम्मेलन आह्वान गर्दछ ।

८. नेपाल सरकारको मानव अधिकारसम्बन्धी राष्ट्रिय कार्ययोजनाको वकालती र कार्यान्वयनका लागि यो सम्मेलन नेपाल सरकारसँग आग्रह गर्दछ । द्वन्द्वको मुलकारण राज्यमा रहेका प्राकृतिक लगायत श्रोतसाधनको बाँडफाँडमा असमानता, आर्थिक विकास नहुनु र गरिबी भएको देखिँदा त्यसको उन्मूलनका लागि विकासमा मानव अधिकारमुखी पद्दति ९च्ष्नजत द्यबकभम ब्उउचयबअज तय म्भखभयिउभलत० अवधारणा नीति निर्माण र कार्यान्वयन तहमा लागु गर्न यो सम्मेलन सम्बन्धित पक्षसँग माग गर्दछ ।

९. नेपाल पक्षराष्ट्र भएका मानव अधिकारसँग सम्बन्धित महत्त्वपूर्ण दस्तावेहरूद्वारा प्रदत्त महिलाका अधिकार, बाल अधिकार, अपाङ्गता भएका व्यक्तिका अधिकार, जनजाति मानव अधिकार रक्षकहरूको राष्ट्रिय सम्मेलनको प्रतिवेदन द्दढ आदिवासीका अधिकारसँग सम्बन्धित दस्तावेज अनुरूपको राष्ट्रिय संयन्त्रको निर्माण गरी ती अधिकारको व्यावहारिक रूपमा कार्यान्वयनका लागि पहल गर्न नेपाल सरकारसँग आग्रह गर्दछ ।

१०. राष्ट्रिय मानव अधिकार आयोगले मुलुकभरका मानव अधिकार रक्षकहरूलाई सहभागी गराइ राष्ट्रिय सम्मेलन आयोजना गरेकोमा आयोगलाई धन्यवाद दिंदै मानव अधिकार रक्षकहरूको राष्ट्रिय सम्मेलन कम्तीमा हरेक वर्षमा आयोजना गर्न राष्ट्रिय मानव अधिकार आयोगलाई यो सम्मेलन आग्रह गर्दछ । जनस्तरमा मानव अधिकारको सम्मान, संरक्षण र पालनासम्बन्धी सरकारको प्रतिबद्दता व्यबहारमा कार्यान्वयनका विषयमा प्रभावकारी अनुगमन गर्न मानव अधिकार रक्षकहरू र सरोकारवाला निकायबीच समन्वय गर्न राष्ट्रिय मानव अधिकार आयोगको ७५ जिल्लामा जिल्ला सम्पर्क कार्यालयहरू स्थापना गर्न नेपाल सरकार र आयोगसँग यो सम्मेलन जोडदार माग गर्दछ ।

# दोस्रो राष्ट्रिय सम्मेलनबाट पारित घोषणापत्र, २०७४

१. मानव अधिकार रक्षकको अन्तर्राष्ट्रिय घोषणा–१९९८, राष्ट्रिय मानव अधिकार आयोगद्वारा पारित मानव अधिकार रक्षकहरूसम्बन्धी मार्ग–निर्देशिका–२०६९ र मानव अधिकार सहकार्य तथा समन्वयसम्बन्धी निर्देशिका–२०६९ को प्रभावकारि कार्यान्वयनका लागि ध्यानाकर्षण गर्दछ ।

२. नेपाल सरकारले मानव अधिकारको क्षेत्रमा अन्तर्राष्ट्रिय रूपमा गरेको प्रतिबद्धतालाई धन्यवाद दिदैं अन्तर्राष्ट्रिय सन्धि सम्झौताअनुसारको राष्ट्रिय कानुन र प्रभावकारी संयन्त्र निर्माण र कार्यान्वयनको लागि आग्रह गर्दछ ।

३. नेपाल सरकारको मानव अधिकारसम्बन्धी राष्ट्रिय कार्ययोजनाको प्रभावकारी कार्यान्वयन भएको नदेखिँदा सो को प्रभावकारी कार्यान्वयन र स्थानीय तहसम्म संयन्त्र निर्माणका लागि आग्रह गर्दै राष्ट्रिय मानव अधिकार आयोगबाट राष्ट्रिय कार्ययोजनाको प्रभावकारी अनुगमनका लागि आयोगलाई आग्रह गर्दछ ।

४. दश वर्षे शसस्त्र द्वन्द्व समाप्त भई द्वन्द्वकालीन घटनाको सत्यतथ्य जाँचबुझका लागि गठित सङ्क्रमणकालीन संयन्त्रहरू सत्य निरूपण तथा मेलमिलाप आयोग र मानव अधिकार रक्षकहरूको दोश्रो राष्ट्रिय सम्मेलनको प्रतिवेदन–२०७४ बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगको प्रभावकारीतामा अझै पनि आशङ्का रहेकाले द्वन्द्वपीडितहरूले न्याय र परिपूरण पाउने अधिकारको सुनिश्चिताको लागि अन्तर्राष्ट्रिय मापदण्डहरू र सर्वोच्च अदालतको आदेश तथा राष्ट्रिय मानव अधिकार आयोगको सुझाव तथा सिफारिसबमोजिम आवश्यक कानुनी व्यवस्था गर्दै सङ्क्रमणकालीन न्यायका संयन्त्रहरूलाई थप प्रभावकारी रूपमा काम गर्न आग्रह गर्दछ ।

५. मानव अधिकार हनन्का घटनाहरूको बारेमा राष्ट्रिय मानव अधिकार आयोगबाट नेपाल सरकारलाई भएको सिफारिसको प्रभावकारी कार्यान्वयन नभएको पाइएकाले तत्काल आवश्यक कानुनी व्यवस्था गर्दै आयोगबाट भएको सिफारिसबमोजिम आरोपित व्यक्ति र पदाधिकारीलाई कानुनी दायरामा ल्याउँन, संविधान र कानुन अनुसार आयोगलाई मानवअधिकार उल्लंघनकर्ताको सूची तत्काल जारी गर्न र अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधान अनुमोदन गर्न सम्बन्धित पक्षको ध्यानाकर्षण गर्दछ ।

६. नेपाल आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र–१९६६ को पक्षराष्ट्र भैसकेको परिपे्रक्ष्यमा सो बमोजिम राष्ट्रिय कानुनको तर्जुमा गर्न आग्रह गर्दछ । सामूहिक अधिकारको सन्दर्भमा वर्षौंदेखि सिमान्तकृत अवस्थामा बाँच्न बाध्य दलित, आदिवासी, मधेसी, मुस्लिम, कमैया, हलिया, कमलरिका अधिकार, दुर्गम क्षेत्र, अल्पसङ्ख्यक समुदायलगायत महिला, बालबालिका, जेष्ठ नागरिक, युवाहरूको रोजगारीको अधिकार, अपाङ्गता भएका व्यक्तिको अधिकार संरक्षण र सहभागिताको अधिकारलाई सुनिश्चित गर्न सम्बन्धित सरोकारवालाहरूलाई आह्वान गर्दछ । विनासकारी भूकम्प र बाढीपहिरो प्रभावितहरूका समस्या र गुनासालाई तत्काल सम्बोधन गरी पुनःनिर्माण प्रक्रियालाई प्रभावकारी बनाउन जोडदार माग गर्दछ ।

७. नेपाल पक्ष राष्ट्र भएका मानव अधिकारसँग सम्बन्धित महत्त्वपूर्ण दस्तावेजद्वारा प्रदत्त महिला अधिकार, बालबालिकाको अधिकार, अपाङ्गता भएका व्यक्तिका अधिकार, आदिवासी जनजातिका अधिकारसँग सम्बन्धित दस्तावेजअनुसारको राष्ट्रिय संयन्त्रको निर्माण गरेर उल्लेखित अधिकारको व्यवहारिक रूपमा कार्यान्वयनका लागि पहल गर्न नेपाल सरकारसँग आग्रह गर्दछ ।

८. संविधानको मौलिक हकको कार्यान्वयनका लागि संविधान जारी भएको ३ वर्षभित्र तर्जुमा गर्नुपर्ने र प्राथमिकताका साथ कानुन निर्माण गरी मौलिक हक कार्यान्वयनको सुनिश्चितता गर्न नेपाल सरकारसँग आग्रह गर्दछ ।

९. राष्ट्रिय मानव अधिकार आयोगले मुलुकभरमा मानव अधिकार रक्षकलाई सहभागि गराइ दोस्रो राष्ट्रिय सम्मेलन आयोजना गरेकोमा आयोगलाई धन्यवाद दिदैँ मानव राष्ट्रिय मानव अधिकार आयोग मानव अधिकार रक्षकको प्रादेशिक र राष्ट्रिय सम्मेलन कम्तिमा हरेक तीन÷तीन वर्षमा आयोजना गर्न राष्ट्रिय मानव अधिकार आयोगलाई जोडदार आग्रह गर्दछ ।

१०. मानव अधिकार रक्षक ऐन जारी गरी त्यसको संयन्त्रको निर्माण गरी कार्यान्वयनमा ल्याउन सरकारसँग जोडदार माग गर्दछ ।

११. स्थानीय तहलाई मानव अधिकारमैत्री बनाउँदै महिला, बालबालिका, जेष्ठ नागरिक, दलित र पछाडि पारिएका वर्ग र समुदायहरूको आवश्यकतामा आधारित योजना र विकास कार्यमा ध्यान दिन, मानव अधिकारमुखी विकास पद्दतिको अवलम्बन गर्न सम्बन्धित सरोकारवालाहरूलाई आग्रह गर्दछ ।

१२. मानव अधिकार रक्षकहरूको सुरक्षा, व्यक्तिगत क्षमता वृद्धि र तालिम प्रदान गरी सक्षम मानव अधिकार रक्षक बनाउन र मानव अधिकार रक्षकहरूको दक्षता, क्षमता र योग्यतालाई कदर र सम्मान गर्न राष्ट्रिय मानव अधिकार आयोगलाई आग्रह गर्दछ ।

१३. राज्यको पुनःसंरचना भएको वर्तमान सन्दर्भमा मानव अधिकार आयोगलाई केन्द्रीकृत मात्र नभएर प्रदेश र जिल्ला तहसम्म बिस्तार गरी कार्यालय वा प्रतिनिधिको व्यवस्था गर्न मानव अधिकार आयोगलाई आग्रह गर्दछ ।

१४. आसन्न प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचन शान्तिपूर्ण रूपमा सम्पन्न गर्न सबै राजनीतिक दल र उम्मेदवारहरूलाई आग्रह गर्दै मतदान प्रक्रियामा सहभागिता जनाउन सबै मतदाताहरूलाई आग्रह गर्दछ ।

१५. मानव अधिकार रक्षकहरूको व्यावसायिक र पेसागत सुरक्षाको लागि प्रभावकारी संयन्त्रको व्यवस्था गर्न नेपाल सरकारलाई अनुरोध गर्दछ ।

१६. राष्ट्रिय मानव अधिकार आयोगले सिफारिस गरिसकेको आप्रवासी कामदार र तिनीहरूका परिवारको अधिकार संरक्षण सम्बन्धि महासन्धि र बेपत्ता पारिएका व्यक्तिहरूको अधिकार सम्बन्धी महासन्धि अनुमोदन प्रक्रियामा लैजान नेपाल सरकालाई आग्रह गर्दछ ।

१७. संविधान कार्यान्वयनका सन्दर्भमा निर्माण र जारी गरिने सङ्घीय, प्रादेशिक र स्थानीय तहका कानुनहरूलाई अनिवार्य रूपमा मानव अधिकारमैत्री बनाउन आग्रह गर्दछ ।

१८. संयुक्त राष्ट्रसङ्घीय समितिहरूमा प्रस्तुत गर्नुपर्ने आवधिक प्रतिवेदनहरू समयमा नै पेस गर्न र ती समितिहरूबाट प्राप्त सुझाव तथा सिफारिसहरूको कार्यान्वयन गर्न नेपाल सरकारलाई आग्रह गर्दछ ।

१९. समय समयमा राष्ट्रिय मानव अधिकार आयोगको आर्थिक तथा क्रियात्मक स्वतन्त्रताको प्रयोगमा नेपाल सरकारबाट हुने असहयोग र हस्तक्षेप सदाका लागि अन्त्य गर्न नेपाल सरकारसँग अनुरोध गर्दछ ।

२०. राजनीतिमा अपराधीकरण र अपराधमा राजनीतिकरणका कारण दण्डहीनताको अवस्था विकराल देखिएको हुँदा त्यसको अन्त्यका लागि व्यावहारिक प्रतिबद्धता जनाउन सम्बन्धित राजनीतिक दलहरूलाई आग्रह गर्दछ ।

२१. मानव अधिकार रक्षकहरूको दोस्रो राष्ट्रिय सम्मेलनका सहभागी, सहयोगी र अतिथि सबैलाई धन्यवाद ज्ञापन गर्दै सम्मेलनबाट जारी घोषणाहरूलाई तत्काल कार्यान्वय गर्न सरोकारवाला सबैलाई अनुरोध गर्दछ ।

# अनुसूची–तीन

## सातवटै प्रादेशिक सम्मेलद्वारा जारी घोषणापत्रहरू

प्रदेश नं. १ विराटनगरमा भएको प्रदेश सम्मेलद्वारा जारी गरिएको घोषणापत्र - २०७८

१. मानव अधिकार रक्षकहरू र अन्य क्षेत्र वा निकाय आबद्ध व्यक्तिहरूबीचको पहिचान र अन्तसम्बन्धको दायरालाई स्पष्ट गर्दै उनीहरूको मर्यादा, सम्मान र सुरक्षाको लागि सङ्घीय, प्रादेशिक र स्थानीय तहहरूबाट मानव अधिकार रक्षकसम्बन्धी कानुन निर्माण गरी कार्यान्वयन हुन आग्रह गर्दछौ ।

२. मानव अधिकार रक्षकहरूका समस्या समाधानको लागि राज्यको विद्यमान संरचना बमोजिम प्रदेश र स्थानीय तहमा समेत मानव अधिकार रक्षकसम्बन्धी निकाय वा संरचनाको स्थापना हुनुपर्दछ ।

३. मानव अधिकार अभियानलाई थप संरक्षण र प्रवर्धन गर्नको लागि नयाँ पुस्तालाई सामेल एवम् व्रिmयाशील बनाउन र मानव अधिकारका नविनतम आयामहरूमा अभिमुखीकृत गर्दै महिला, महिला मानव अधिकार रक्षक, एकल महिला, बालबालिका, आदिवासी जनजाति, दलित, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरीक, अल्पसङ्ख्यक, यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक, सिमान्तकृत समुदाय, वतावरण र विकास, विकास र मानव अधिकार, व्यावसाय र मानव अधिकार, उपभोक्ता र मानव अधिकार लगायतका मानव अधिकारका नविनतम विषयहरूमा सबै मानव अधिकार रक्षकहरूको क्षमता अभिवृद्धिको लागि सङ्घ, प्रदेश र स्थानीय तहबाट ठोस नीति, कार्यव्रmम, योजना र बजेटको व्यवस्था गरिनु पर्ने ।

४. मानव अधिकारका विषयगत अधिकारहरूको प्राप्ति सम्बन्धित विषय वा क्षेत्रमात्र लागेर प्रायः असम्भव रहने हुँदा महिला, बालबालिका, आदिवासी जनजाति, दलित, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरीक, अल्पसङ्ख्यक, यौनिक अल्पसङ्ख्यक, सिमान्तकृत समुदायलगायतका विषयहरूलाई मानव अधिकारको सर्वव्यापी मान्यता र सिद्धान्तको आधारमा सहकार्य, समन्वय र एकता सुदृढ गर्न पहल गर्नुपर्ने ।

५. सबै क्षेत्रमा क्रियाशील मानव अधिकार रक्षकहरूको लागि राज्यले बीमासम्बन्धी व्यवस्था गर्नुपर्ने ।

६. नेपाल सरकारको मानव अधिकारसम्बन्धी राष्ट्रिय कार्ययोजना कार्यान्वयनको सन्दर्भमा प्रदेश र स्थानीय तहमा गठन हुने समन्वय समितिमा मानव अधिकार रक्षकलाई अनिवार्य मनोनित गर्नुपर्ने ।

७. राष्ट्रिय मानव अधिकार आयोगबाट मानव अधिकार रक्षकको अधिकार संरक्षण र संवर्धनको लागि प्रभावकारी रूपमा कार्य गर्न सबै कार्यालयहरूमा स्थायी रूपमा मानव अधिकार रक्षक फोकल वा महाशाखा÷शाखा स्थापना गरी कार्य गरिनुपर्ने ।

८. आयोगबाट जारी गरिएको अभिव्यक्ति स्वतन्त्रतासम्बन्धी निर्देशिका, २०७५ लाई जिल्ला तहसम्म कार्यान्वयन गर्नुपर्ने ।

९. मानव अधिकार रक्षकहरूको विवरण सूचीकृत गरी उनीहरूको ताजा अवस्था झल्कने गरी हरेक वर्ष राष्ट्रिय मानव अधिकार अयोगले मानव अधिकारक रक्षकको क्षेत्रमा काम गर्ने व्यक्ति र संस्थाहरूको समन्वय र सहकार्यमा राष्ट्रिय प्रतिवेदन तयार गरी सार्वजनिक गरिनुपर्ने ।

१०. मानव अधिकार रक्षकहरूको सेवा, सर्त र सुविधाको सुनिश्चितताको लागि विधायिका र कार्यपालिका जिम्मेवार हुनु पर्नेछ ।

११. मानव अधिकार रक्षकहरूलाई सामूहिक र सङ्गठित रूपमा अघि बढ्नको लागि यस प्रकारको सम्मेलन हरेक दुई वर्षमा कम्तीमा एक पटक गर्न राष्ट्रिय मानव अधिकार आयोगलाई आह्वान गर्ने ।

१२. मानव अधिकार रक्षकहरूबाट राष्ट्रिय मानव अधिकार आयोगबाट जारी भएको मानव अधिकार रक्षकसम्बन्धी मार्ग–निर्देशिकामा उल्लेख भए बमोजिमको आचरण अनिवार्य रूपमा पालना गर्ने ।

१३. मानव अधिकार रक्षकको पहिचान, सम्मान, संरक्षण, संवर्धन र नियमनको लागि प्रदेश स्तरमा प्रादेशिक स्तरको संरचना सिर्जना गर्नुपर्ने ।

१४. मानव अधिकार अभियानलाई प्रभावकारी एवम् परिणाममुखी बनाउन आबद्ध रक्षकहरूको पहिचान, मर्यादा, संरक्षण र सुरक्षाउपर सम्मेलनमा सम्बोधनका क्रममा मानव अधिकार रक्षक कानुन निर्माण गर्न प्रदेशसभा र सरकार प्रमुखको प्रतिबद्धतालाई स्वागत गर्दै सो को कार्यान्वयनको लागि निरन्तर पैरबी र सहकार्य गर्नुपर्ने ।

१५. रा.मा.अ.आ.का सिफारिस, दिगो विकास लक्ष्य, विश्वव्यापी आवधिक समीक्षा, सन्धिजनित समितिका मानव अधिकार रक्षकसम्बन्धी सिफारिसहरू कार्यान्वयन गरिनुपर्ने ।

मधेस प्रदेशको जनकपुरधाममा भएको प्रदेश सम्मेलद्वारा जारी गरिएको घोषणापत्र - २०७८

१. सम्मेलनको उद्धाटन सत्रमा मधेश प्रदेश सरकारका माननीय मुख्यमन्त्री लालबाबु राउत उपस्थित भई गर्नु भएको सम्बोधन र सो सम्बोधनमार्फत सम्मेलनका निष्कर्षलाई कार्यान्वयन गर्ने प्रतिबद्धता गर्नुभएकोमा हामी सम्मेलनका सम्पूर्ण सहभागीहरू माननीय मुख्यमन्त्रीलाई धन्यवाद व्यक्त गर्दै उहाँले गर्नुभएको प्रतिबद्धताको कार्यान्वयनको लागि हार्दिक अपिल गर्दछौं ।

२. मानव अधिकारको संरक्षणजस्तो चुनौतीपूर्ण कार्यमा संलग्न मानव अधिकार रक्षकहरूको कार्यको राज्यबाट सम्मान गर्दै मानव अधिकार रक्षकहरूले काम गर्ने क्रममा हुने सुरक्षा चुनौतीलाई सम्बोधन गर्नका लागि तुरुन्त क्षतिपूर्तिसहितको न्याय प्राप्त गर्ने संयन्त्र र कानुन निर्माण गर्न प्रदेश सरकारलाई आग्रह गर्दछौं ।

३. मानव अधिकार रक्षकहरूको हक, हित, पहिचान र सुरक्षालाई सम्बोधन गर्न र मानव अधिकार रक्षकहरूलाई सबल, उत्तरदायी, सङ्गठित र पारदर्शी बनाउनका लागि सङ्घ र प्रदेश तहबाट मानव अधिकार रक्षकको अधिकारसम्बन्धी ऐन निर्माणका लागि आग्रह गर्दछौं ।

४. मानव अधिकार रक्षक सञ्जाललाई ऐन निर्माण गरी आधिकारिकता प्रदान गर्न, मानव अधिकार रक्षकहरूको आधिकारिक छाता सङ्गठन निर्माण गर्ने नीतिगत व्यवस्था मिलाउन, आचारसंहिता निर्माण र अभिमुखिकरण प्रदान गरी मानव अधिकार रक्षकहरूलाई आधिकारिक पहिचान दिन आग्रह गर्दछौं ।

५. मानव अधिकार रक्षक सञ्जाल निर्माण तथा बिस्तारमा समावेशिता कायम गर्दै लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, दलित, पिछडा वर्ग, अपाङ्गअपाङ्गता, महिला, एकल महिला, युवा, बालबालिका, आदिवासी जनजाति, द्वन्द्वपीडित, आप्रवासी कामदारको अधिकार, धार्मिक तथा भाषिक अल्पसङ्ख्यक, अभिव्यक्ति स्वतन्त्रता, वातावरण तथा सरसफाइ अभियन्ता, मानवीय सेवाजस्ता सबै क्षेत्रमा कार्य गर्ने रक्षकहरूको पहुँचको सुनिश्चितता गर्न आग्रह गर्दछौं ।

६. उत्कृष्ट मानव अधिकार रक्षकहरूलाई राज्यको तर्फबाट सम्मान गरी प्रोत्साहनमूलक कार्यक्रम तथा अभियान सञ्चालन गर्न सङ्घ र प्रदेश सरकारलाई आग्रह गर्दछौं ।

७. मानव अधिकार रक्षक आपत्कालीन कोष निर्माण गर्न प्रदेश सरकारले आफ्नो योजनामा राखी कार्यान्वयन गर्न आग्रह गर्दछौं ।

८. मानव अधिकारका क्षेत्रमा काम गर्ने सङ्घ–संस्थाहरू (लोगो र पोसाकसहित) लाई हिरासत र कारागारको अवस्था अनुगमनको पहँुँचको प्रत्याभूती गर्न सम्बन्धित निकायलाई आग्रह गर्दछौं ।

९. मानव अधिकार रक्षकहरूलाई कामका सिलसिलामा दुर्घटनाबाट हुने क्षतिको सुरक्षा बीमाको योजना ल्याउन प्रदेश सरकारलाई आग्रह गर्दछौं ।

१०. जोखिममा परेका मानव अधिकार रक्षकहरूलाई सुरक्षित साथ राख्नका लागि मानव अधिकार रक्षक सुरक्षा गृह (HR Home) निर्माण गरी कार्यान्वयन गर्न सङ्घ र प्रदेश सरकारलाई आग्रह गर्दछौँ ।

११. मानव अधिकार रक्षकहरूले गर्ने कामको सन्दर्भमा आवश्यक समन्वयका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र सबै स्थानीय तहहरूमा मानव अधिकार डेस्क (HR Desk) को व्यवस्थापन गर्न्न आग्रह गर्दछौँ ।

१२. मानव अधिकार रक्षकहरू, महिला तथा एकल महिला मानव अधिकार रक्षकहरू, दलित मानव अधिकार रक्षकहरू, अपाङ्गता भएका अधिकारकर्मीहरू, आदिवासी जनजाति अधिकारकर्मीहरू र अन्य विशिष्टिकृत मानव अधिकारका क्षेत्रमा कार्यरत मानव अधिकार रक्षकहरूको सुरक्षा र क्षमता अभिवृद्धिसम्बन्धी तालिम लगायतका कार्यक्रम सञ्चालन गर्न योजना बनाई प्रभावकारी कार्यान्वयन गर्न प्रदेश सरकार र राष्ट्रिय मानव अधिकार आयोगलाई आग्रह गर्दछौँ ।

१३. लैङ्गिक तथा अल्पसङ्ख्यक समुदायको अधिकारको संरक्षणका लागि कार्य गर्ने मानव अधिकार रक्षकहरूको सुरक्षा र जोखिमप्रति विशेष संवेदनशील हुदैँ त्यस्ता रक्षकहरूको सुरक्षा र क्षमता विकाससम्बन्धी तालिम लगायतका कार्यक्रम सञ्चालन गर्न प्रदेश सरकार र राष्ट्रिय मानव अधिकार आयोगलाई आग्रह गर्दछौँ ।

१४, राष्ट्रिय मानव अधिकार आयोगको सिफारिसलाई प्रभावकारी कार्यान्वयन गर्न नेपाल सरकारलाई आग्रह गर्दछौँ ।

वाग्मती प्रदेशको हेटौँडामा भएको प्रदेश सम्मेलद्वारा जारी गरिएको घोषणापत्र - २०७८

१. समानता, सम्मान, संरक्षण र सुरक्षाकोलागि तीन तहका सरकारले मानव अधिकार रक्षकसम्बन्धी कानुन तर्जुमा गरी कार्यान्वयनगर्न अनुरोध गर्दछौँ ।

२. मानव अधिकार रक्षकहरूले आफूले काम गर्ने क्षेत्रमा सहज रूपमा सूचनाको पहुँच पाउने गरी स्थानीय तहदेखि सङ्घीय तहसम्म सहजिकरणगर्न राष्ट्रिय मानव अधिकार आयोगलाई समन्वयगर्न अनुरोध गर्दछौँ ।

३. राष्ट्रिय मानव अधिकार आयोगद्वारा मुलुकभित्र रहेका मानव अधिकार रक्षकहरूको सूची तयार गर्न र सोको नियमित अद्यावधिक गर्न अनुरोध गर्दछौँ ।

४. राष्ट्रिय मानव अधिकार आयोगले विभिन्न क्षेत्रमा कार्यरत मानव अधिकार रक्षकहरूको मापदण्ड निर्धारण, वार्षिक प्रतिवेदन, उचित सम्मान र पुरस्कार व्यवस्था गनुपर्छ ।

५. राष्ट्रिय मानव अधिकार आयोग र तीनै तहका सरकारले विभिन्न क्षेत्रमा कार्यरत मानव अधिकार रक्षकको क्षमता अभिवृद्धिमा उचित ध्यान दिन अनुरोध गर्दछौँ ।

६. मानव अधिकार रक्षकको व्यावसायिक र पेसागत सुरक्षाकोलागि राज्यका संयन्त्रहरूबाट सहयोग र समन्वय हुन अनुरोध गर्दछौँ ।

७. महिला, एकल महिला, मानव बेचबिखन पीडित महिला, दलित, अपाङ्गता भएका व्यक्ति, आदिवासी जनजाति, सिमान्तकृत, लोपोन्मुख, जेष्ठ नागरिक, असाहाय बालबालिका, किशोरी, एच.आई.भि सङ्क्रमित, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, वैदेशीक रोजगारी पीडित लगायत सहयोग अपेक्षी सडक मानव, परिवार नभएका मानव समुदायको अधिकार संरक्षणकोलागि मानव अधिकार रक्षकहरूको उचित सशक्तिकरण गरिनु पर्ने ।

८. मानव अधिकार रक्षकहरूको सहज पहुँच पुग्ने गरी राष्ट्रिय मानव अधिकार आयोगमा एक छुट्टै मानव अधिकार रक्षक डेस्क स्थापना र सञ्चालनगर्न अनुरोध गर्दछौँ ।

९. मानव अधिकार रक्षकहरूलाई कुनै पनि जोखिम वा समस्या आइपर्दा तत्काल उद्दार गर्न सक्ने जिल्लास्तरीय आपतकालीन रेस्पोन्स टिम गठन गर्नका लागि मानव अधिकार क्षेत्रमा कार्यरत संस्थाहरूसँग समन्वय गरी आयोगबाट पहलहुन अनुरोध गर्दछौँ ।

१०. राज्यले मानव अधिकार रक्षकको विषय विद्यालय शिक्षाको पाठ्यक्रममा समावेश गरी कार्यान्वयनमा ल्याउनु पर्ने ।

११. तीनै तहको सरकारले मानव अधिकार रक्षककोलागि सशक्तिकरण र सुरक्षाका विषयहरू समेटी वार्षिक नीति तथा कार्यक्रमहरू तर्जुमा तथा कार्यान्वयनगर्न अनुरोध गर्दछौँ ।

१२. प्राकृतिक स्रोतको संरक्षण तथा वातावरणीय न्यायको क्षेत्रमा क्रियाशील मानव अधिकार रक्षकहरूलाई थप सुरक्षा, संरक्षण र उत्प्रेरणा दिन सबैमा अनुरोध गर्दछौँ ।

१३. राष्ट्रिय मानव अधिकार आयोगले गरेका सिफारिसहरूको प्रभावकारी कार्यान्वयनकोलागि नेपाल सरकारको ध्यानकर्षण गर्दछौं ।

१४. सङ्क्रमणकालीन न्यायलाई छिटो, छरितो रूपमा टुग्याउन र दण्डहीनताको अन्त्य, कानुनी शासनको प्रत्याभूतिको लागि सम्बन्धित निकायको ध्यानकर्षण गर्दछौँ ।

१५. प्रत्येक दुई वर्षमा मानव अधिकार रक्षकको प्रादेशिक सम्मेलन आयोजना गर्न आयोगलाई अनुरोध गर्दछौँ ।

१६. हामी मानव अधिकार रक्षकहरू मानव अधिकारको संरक्षण तथा प्रवर्धनकोलागि सशक्त भूमिका खेल्न प्रतिबद्ध छौँ । सम्मेलनबाट जारी घोषणापत्रलाई उचित कार्यान्वयनको लागि सम्बन्धित निकायलाई अनुरोध गर्दछौँ ।

गण्डकी प्रदेशको पोखरामा भएको प्रदेश सम्मेलद्वारा जारी गरिएको घोषणापत्र -२०७८

राष्ट्रिय मानव अधिकार आयोगद्धारा २०७८ फागुन २० र २१ गते पोखरामा आयोजित गण्डकी प्रदेश स्तरीय मानव अधिकार रक्षकहरूको प्रादेशिक सम्मेलनले मानव अधिकार रक्षकहरूको संरक्षण, प्रवर्धन र विकासका लागि निम्न कार्यहरू गर्नुपर्ने ठहरसहितको घोषणापत्र २०७८ जारी गरेको छः

१. मानव अधिकार रक्षक को हुन् ? परिभाषा, महत्त्व र भूमिकाको बारेमा स्पष्ट रूपमा परिभाषित गरी मानव अधिकार रक्षक, तीनै तहका सरकार, कार्यकारी निकाय र सर्वसाधारणलाई सुसुचित गरिनुपर्ने ।

२. तीनै तहको सरकारले मानव अधिकार रक्षकहरूको संरक्षण विकास र प्रवर्धन केन्द्रित ऐन, कानुन, नियमावली र निर्देशिकाहरू तयार गरि प्रभावकारी रूपमा कार्यान्वयन गरिनुपर्ने ।

३. सबै वडा, पालिका, प्रदेश तथा संघिय स्तरसम्म मानव अधिकार रक्षकहरूको संरक्षणका लागि मानव अधिकार संरक्षक संयन्त्र र डेक्सको व्यवस्था गरी प्रभावकारी रूपमा सञ्चालन गरिनुपर्ने ।

४. तीनै तहमा मानव अधिकार रक्षकहरूको तथ्याङ्क अध्यावधिक गरी उनीहरूका लागि परिचयपत्रको व्यवस्था गर्नुपर्ने ।

५. कुनै पनि समयमा मानव अधिकार रक्षकहरू जोखिममा रहनसक्ने हुँदा उनीहरूको लागि निःशुल्क स्वास्थ्य उपचार सेवा र दुर्घटना तथा जीवन बीमाको व्यवस्था तीन तहको सरकारले गर्नुपर्ने ।

६. तीन तहका सरकारले मानव अधिकार उल्लङ्घनका घट्नाहरूका तथ्याङ्क, लेखाजोखा प्रणालीको प्रभावकारी संयन्त्रको व्यवस्था र मानव अधिकार रक्षकहरूका लागि सूचनामा सहज पहुँचको सुनिश्चितता गरिनुपर्ने ।

७. तीन तहको सरकार र कार्यान्वयन निकायहरू मानव अधिकार रक्षकहरू प्रति संबेदनशील, जिम्मेवार र जवाफदेही हुने वातावरण तयार गर्नुपर्ने ।

८. आर्थिक सामाजिक र सांस्कृतिक रूपमा बिपन्न मानव अधिकार रक्षकहरूका तथ्याङ्क सङ्कलन गरी सङ्कटकालिन अवस्थामा पेसागत सुरक्षा, स्वास्थ्य र सशक्तिकरणको सुनिश्चितता गरिनुपर्ने ।

९. अपाङ्गअपाङ्गता भएका, यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक तथा पछाडि पारिएका वर्गका मानव अधिकार रक्षकहरूका लागि सञ्चार तथा भौतिक संरचनामा सहज पहुँचयुक्तताको सुनिश्चितता गरिनुपर्ने ।

१०. मानव अधिकार रक्षकहरूका लागि आचारसंहिता तयार गरि त्यसको प्रभावकारी कार्यान्वयनको व्यवस्था गरिनुपर्ने ।

११. मानव अधिकार रक्षकहरूकालागि तीनै तहको सरकारले प्रोत्साहन र सम्मानको व्यवस्था सुनिचिश्त गर्नुपर्ने ।

१२. आफैँ अपाङ्गअपाङ्गता भएका तथा आफुलाई सहारा चाहिने अपाङ्गअपाङ्गता भएका व्यक्तिहरूको अभिभावकहरूका (मानव अधिकार रक्षक) लागि भन्सार छुटमा मोटरसाइकल, कारजस्ता यातायात साधनको सुनिश्चितता गरिनुपर्ने ।

१३. एच् आइभी एड्सजस्ता सङ्क्रमण, कोभिड १९, भुकम्प तथा अन्य महामारी जन्य रोगहरू, मानव सिर्जित आतङ्क तथा युद्धबाट मानव अधिकार रक्षकहरूलाई जोगाउनका लागि स्वास्थ्य, सुरक्षा र संरक्षणका लागि विशेष व्यवस्था गर्नुपर्ने ।

१४. महिला तथा अपाङ्गअपाङ्गता भएका मानव अधिकार रक्षकहरूलाई विशेष सुविधा, दोभाषे, व्यक्तिmगत सहयोगी र पहुँचयुक्त यातायातको व्यवस्था गर्नुपर्ने ।

१५. मानव अधिकार उल्लङ्घन र ज्यादतिका सबालमा मानव अधिकार रक्षकहरूले उठाएका सबालहरूको यथाशीघ्र् सुनुवाइ र सम्बोधन गर्नपहल गर्नुपर्ने ।

१६. प्रदेश तथा स्थानीय तहमा मानव अधिकार रक्षकहरूको संरक्षणका लागि उद्दार संयन्त्र र कोषको व्यवस्था गर्नुपर्ने ।

१७. मानव अधिकार आयोगबाट निरन्तर सम्पर्क, समन्वय स्पष्ट सहजीकरण र संरक्षकत्व प्रदान गर्नअनुरोध गर्दछौ ।

लुम्बिनी प्रदेशको बुटवालमा भएको प्रदेश सम्मेलद्वारा जारी गरिएको घोषणापत्र - २०७८

बुटवल घोषणापत्र (स्थितिपत्र), २०७८

राष्ट्रिय मानव अधिकार आयोगको आयोजनामा लुम्बिनी प्रदेश अन्तरगत १२ वटै जिल्लाबाट ९२ जना मानव अधिकार रक्षकहरूको सहभागितामा २०७८ फागुन २० र २१ गते बुटवलमा सम्पन्न भएको लुम्बिनी प्रदेश स्तरीय मानव अधिकार रक्षकहरूको सम्मेलन मानव अधिकार रक्षकको अधिकार तथा सुरक्षाको अवस्था, सुरक्षा तथा अधिकार उपभोगमा आइपर्ने समस्या, चनौती, सुरक्षा तथा संरक्षणका उपायहरू, नागरिकको मानव अधिकार संरक्षणमा कार्यरत मानव अधिकार रक्षकको सुरक्षा र संरक्षणको लागि विशिष्टिकृत संयन्त्र र मापदण्डहरूको निर्माणका साथै मानव अधिकार संरक्षण र संवर्धनमा मानव अधिकार रक्षकहरूको भूमिका र दायित्वका बारेमा सहभागितामूलक छलफल गर्दै मानव अधिकार रक्षकहरूको लुम्बिनी प्रादेशिक सम्मेलन सर्वसम्मत रूपमा यो १६ बुँदे बुटवल घोषणापत्र (स्थितिपत्र) जारी गर्दछ ।

(क) मानव अधिकार रक्षकहरूको विद्यमान अवस्था र चुनौतीहरू **(Situation and Position)** सम्बन्धमा यो सम्मेलन निम्न तथ्यहरूलाई स्वीकार गर्दछः

(१) राज्यबाट मानव अधिकार रक्षकहरूलाई ‘राज्यकै सहयोगी’ हुन् भन्ने धारणा स्पष्ट हुन नसक्दा मानव अधिकार रक्षकहरूले मानव अधिकार अनुगमन सूचना सङ्कलनमा पहुँचमा नहुने, राज्यका निकायहरूबाट सूचना दिनमा आनाकानी गर्ने प्रवृतिले कार्यमा समस्या र चुनौती रहने गरेको छ ।

(२) मानव अधिकार रक्षकहरू राज्य र शक्तिमा रहेका व्यक्तिm, संस्थाहरूबाट भएका मानव अधिकार उल्लङ्घनका घटनाहरूमा पीडितको न्यायको पक्षमा वकालत गर्ने भएकाले उनीहरूबाट मानव अधिकार रक्षकहरूले प्रत्यक्ष, अप्रत्यक्ष रूपमा असहयोग र विभिन्न धम्किले सुरक्षा चुनौतीको सामना गर्नुपरेको छ ।

(३) व्यक्तिगत तवरमा मानव अधिकार रक्षकको रूपमा काम गर्ने व्यक्तिहरूलाई घटनाको अनुगमन र तथ्य सङ्कलनमा साधन, श्रोत तथा पहिचानका कारण समस्या हुने गरेको छ ।

(४) मानव अधिकार रक्षकहरूले उठान गरेका सार्वजनिक सरोकार र महत्त्व राख्ने मानव अधिकारका सबालहरूमा अदालत, राष्ट्रिय मानव अधिकार आयोग लगायतले गरेका आदेश, सिफारिस, निर्णयहरूको जिम्मेवार निकायले जवाफदेही बनी कार्यान्वयन र आफ्नो पदीय जवाफदेहिता र कर्तव्य पालना नगर्दा दण्डहीनता बढ्न गई मानव अधिकार रक्षकहरूको समेत जनविश्वास अभिवृद्धीगर्न चुनौती रहेको छ ।

(५) स्वयं मानव अधिकार रक्षकहरूले समेत व्यवशायिक मुल्य, मान्यता अपनाउन नसक्दा, राजनीतिक आग्रह, आपसी समन्वयको अभावले समेत राज्यले मानव अधिकार रक्षकहरूलाई हेर्ने दृष्टिकोण सहयोगीभन्दा

पनि सरकार विरोधीको रूपमा लिँदा राज्य र नागरिक दुवै पक्षबाट विश्वासमा ह्रास आउने चुनौती रहेको छ ।

(६) यौनिक तथा लैगिक अल्पसङ्ख्यक, अपाङ्गअपाङ्गता, महिलाबालबालिका तथा सिमान्तकृत समुदाय र जोखिम क्षेत्रमा कृयाशील मानव अधिकार रक्षकहरूबीच आपसी समन्वय नहुँदा, विभाजित हुँदा कार्यक्षेत्रमा सही तथ्य सङ्कलन नहुने नहुँदा उनीहरूको संरक्षण र सुरक्षा चनौती देखिने गरेको छ ।

(७) मानव अधिकार रक्षकको कामको सन्दर्भमा राजनैतिक दल र शक्तिमा रहेका पदाधिकारीहरूबाट डर, त्रास, प्रलोभन तथा घटनालाई प्रभावित गर्न खोज्ने विभिन्न प्रवृति हाबी हँुदै जानुले थप चनौती रहने गरेको छ ।

(८) मानव अधिकार रक्षकहरूको पहिचान र सुरक्षाकालागि संघिय र प्रदेश स्तरको कानुनको निर्माण नहुँदा रक्षकहरूमा समस्या र चुनौती देखिएको छ । मानव अधिकार रक्षकहरूको व्यावसाायिक दक्षता, सुरक्षा सहजरूपमा काम गर्ने वातावरणका लागि छुट्टै कानुनी व्यवस्था र संयन्त्र नहुँदा कार्यमा चुनौती थपिएको छ ।

(९) मानव अधिकार आयोगले तयार गरेको मानव अधिकार रक्षकहरूको लागि मार्गनिर्देशिका र सहकार्यसम्बन्धी मार्गनिर्देशिका २०६९ को पालना कार्यान्वयनमा मानव अधिकार रक्षकले समेत पालना नगर्दा मानव अधिकार रक्षकहरूको कार्यगत स्पष्टता हुन नसक्दा पीडितमुखी कार्यगर्न तथ चनौती रहेको छ ।

(ख) यो सम्मेलन मानव अधिकार रक्षकहरूको अधिकारको सुरक्षा र संरक्षणका निम्न लिखित उपाय तथा आवश्यकताहरू रहेको ठहर गर्दछः

(१०) मानव अधिकार रक्षकहरूको सुरक्षा र अधिकार संरक्षण लागि यथाशीघ्र सङ्घ, प्रदेश र स्थानीय तहमा आवश्यक संयन्त्र (कानुन) निर्माण गर्नुपर्दछ । उनीहरूको कानुनी वैधता प्रदान गर्न र नियमन गर्ने निकायको रूपमा राज्यका सबै तहमा मानव अधिकार रक्षक संयन्त्रको स्थापना गर्नुपर्दछ ।

(११) मानव अधिकार रक्षकको सबाल र जोखिम क्रियाशील मानव अधिकार रक्षकको पहिचान, क्षमता विकास र सूचना सङ्कलन, अनुगमनमा सहज पहुँच पुर्याउन राज्यका सबै निकायहरूमा आवश्यक सहजीकरण गर्न सम्पर्क व्यक्ति (Focal person) को व्यवस्था गर्न सरकारले आवश्यक नीतिगत व्यवस्था गर्नुपर्दछ ।

(१२) मानव अधिकार रक्षकहरूका सम्बन्धमा सरकारले आफ्नो धारणामा स्पष्टता गरि उनीहरू राज्यकै सहयोगी हुन् भन्ने कुरालाई आत्मसात् गर्नुपर्दछ ।

(१३) कार्यस्थलमा काम गर्दा स्वास्थ्य लगायत शारिरीक तथा मानसिक जोखिममा परेका र पर्नसक्ने मानव अधिकार रक्षकहरूको सुरक्षा र संरक्षणको लागि आवश्यक उपचार, बीमा लगायत वृति विकासको लागि नीतिगत व्यवस्था गर्नपर्दछ ।

(१४) राज्यको सङ्घीय संरचना अनुसार सङ्घ, प्रदेश र स्थानीय तहमा कार्यरत (समूहगत, एकल, संस्थागत) मानव अधिकार रक्षकहरूको नीतिगत वर्गिकरण तथा स्पष्टता गरि उनीहरूको तथ्याङ्क सङ्कलन गरेर स्थानीय तहसम्म सूची तयार गर्ने र अद्यावधी गर्ने गर्नुपर्दछ ।

(१५) द्वन्द्वपीडित मानव अधिकार रक्षकहरू र तिनका प्रभावित परिवारहरूको न्याय, परिपूरण, उपचार र क्षतिपूर्ति लगायत जीवनयापनको लागि राज्यबाट एक संयन्त्र निर्माण गर्न तत्काल नीतिगत र कानुनी व्यवस्था गर्नुपर्दछ ।

(१६) नागरिकको मानव अधिकार संरक्षण तथा संवर्धन लागि जोखिमयुक्त क्षेत्रमा क्रियाशील मानव अधिकार रक्षकहरूको निःशुल्क स्वास्थ्य र जीवन बीमाको लागि तत्काल नीतिगत व्यवस्था गर्नुपर्दछ ।

कर्णाली प्रदेशको वीरेन्द्रनगरमा भएको प्रदेश सम्मेलद्वारा जारी गरिएको घोषणापत्र - २०७८

१. मानव अधिकार रक्षकसम्बन्धी संयूक्त राष्ट्रसङ्घीय घोषणापत्र १९९८, आयोगले जारी गरेको मानव अधिकार रक्षकसम्बन्धी मार्ग–निर्देशिका ,२०६९ अनुसार मानव अधिकारको सम्मान, संरक्षण तथा संवर्धनका लागि व्यक्तिगत, सामूहिक वा सस्थागत तवरले वैतनिक वा अवैतनिक रूपमा भूमिका निर्वाह गर्ने मानव अधिकार रक्षकको भूमिकालाई सम्मान गर्न ।

२. मानव अधिकारका बिशिष्टकृत विषय महिला अधिकार, एकल महिला अधिकार, द्वन्द्वपीडितको अधिकार, वालबालिका, यौनिक तथा लैंङ्गिक अल्पसङ्ख्यकहरूको अधिकार, अपाङ्गअपाङ्गता भएका व्यक्तिहरूको अधिकार र सिमान्तकृत समुदायको अधिकारको क्षेत्रमा कार्यरत मानव अधिकार रक्षकहरूले असहयोग तथा असुरक्षाको सामना गर्न परिरहेको हुनाले निजहरूको सुरक्षाको प्रत्याभूति गर्न ।

३. व्यक्तिगत तवरले अवैतनिक रूपमा निर्वाह गर्ने मानव अधिकार रक्षकहरूको व्यक्तिगत, आर्थिक, सामाजिक, सुरक्षाको प्रत्याभूति गर्न ।

४. मानव अधिकार अवस्था अध्ययनका लागि आवश्यक पर्ने सूचना,तथ्याङ्कमा सहज पहुचँ पुग्ने वातावरण निर्माण गर्न ।

५. मानव अधिकार रक्षकहरूलाई अझै सक्षम र व्यावसायिक बनाउन नियमित रूपमा निजहरूको क्षमता अभिवृद्धि र तालिम प्रदान गरी सक्षमता विकास गर्न

६. मानव अधिकारको सम्मान, संरक्षण तथा परिपुर्ति सम्बन्धमा मानव अधिकार रक्षकहरूको भूमिका पनि महत्त्वपुर्ण रहेको तर मानव अधिकार रक्षकहरूको काम कर्तव्य र अधिकार संरक्षणका लागि राष्ट्रिय, प्रादेशिक तथा स्थानीय तहमा विशिष्टिकृत नीति तथा कानुन हालसम्म निर्माण नभएको हुनाले सम्बन्धित तहले यस सम्बन्धी नीति तथा कानुन यथाशीघ्र निर्माण गरी लागु गर्न ।

७. मानव अधिकार रक्षकहरूको भूमिकालाई अनुगमन तथा नियमन गर्नका लागि एक स्वतन्त्र र स्वायत्त राष्ट्रिय संयन्त्र स्थापना गर्न

८. राज्यको तीनवटै सरकारले मानव अधिकारसम्बन्धी नीति, कानुन तर्जुमा गर्दा छलफल तथा परामर्श गर्ने क्रममा मानव अधिकार रक्षकसँग सल्लाह सुझाव ग्रहण गर्ने पद्धतिको विकास गर्न ।

९. नेपाल सरकारले जारी गरेको पाचौ मानव अधिकार राष्ट्रिय कार्ययोजनाले व्यवस्था गरेअनुरूपका समिति निर्माण गर्दा प्रदेश, जिल्ला र स्थानीय समितिमा मानव अधिकार रक्षकहरूको उचित प्रतिनिधित्व सुनिश्चित गर्न ।

१०. सबैभन्दा नजिकको सरकार स्थानीय तहका सरकार भएका हुनाले स्थानीय तहका सरकारले मानव अधिकारको सम्मान,संरक्षण र परिपुर्तिसम्बन्धी दायित्व निर्वाह गर्ने क्रममा मानव अधिकार रक्षकहरूको भूमिकालाई सम्मान गर्नुका साथै कर्णाली प्रदेशका हरेक स्थानीय तहले अनिवार्य मानव अधिकार अधिकृत तोक्न ।

११. नेपालको मानव अधिकारको सम्मान, संरक्षण तथा संवर्धन गर्नका लागि संवैधानिक निकायको रूपमा राष्ट्रिय मानव अधिकार आयोगलाई कार्यदेश प्रदान गरेको र सबै प्रदेशमा आयोगका प्रदेश कार्यालय रहे तापनि कर्णाली प्रदेशमा प्रादेशिक कार्यालय हालसम्म स्थापना नभएकाले भौगोलिक विशिष्टतालाई मध्यनजर गदै जुम्लामा रहेको कार्यालयलाई यथावत राखी कर्णाली प्रदेशस्तरीय कार्यालय, वीरेन्द्रनगर, सुर्खेतमा सङ्घीय एवं कर्णाली प्रदेश सरकारले यथाशीघ्र स्थापन गर्न ।

१२. आर्थिक, सामाजिक तथा सास्कृतिक अधिकारसम्बन्धी अन्तराष्ट्रिय प्रतिज्ञापत्र,१९६६ को नेपाल पक्षराष्ट्र भएको सन्दभमा कर्णाली प्रदेशमा यसको प्रभावकारी कार्यान्वयन गर्न ।

१३. कर्णाली प्रदेशका वादी, राउटे, जनजाति, मुस्लिम, हलिया, दलित, यौनिक अल्पसङ्ख्यक, अपाङ्गअपाङ्गता भएका व्यक्ति, एकल महिलाहरूको मानव अधिकार संरक्षण संवर्धनका लागि कर्णाली प्रदेश सरकारले विशिष्ट नीति, कानुन निर्माण गरी लागु गर्न ।

१४. मानव अधिकारको प्रभावकारी संरक्षण गर्ने सम्बन्धमा सम्मानित सर्वोच्च अदालतबाट भएका फैसला, आदेश र राष्ट्रिय मानव अधिकार आयोगको सिफारिसलाई प्रभावकारी ढङ्गले कार्यान्वयन गर्न ।

१५. दण्डहीनताको अन्त्य गदै सङ्क्रमणकालीन न्याय सुनिश्चित गर्न ।

१६. मानव अधिकार रक्षकको आचारसंहित निर्माण, कार्यान्वयन तथा पहिचान स्थापित गर्न ।

१७. राष्ट्रिय मानव अधिकार आयोगबाट कर्णाली प्रदेशमा मानव अधिकार अनुगमन, अनुसन्धान लगायतका कामकारबाही प्रभावकारी बनाउन ।

सुदुरपश्चिम प्रदेशको धनगढीमा भएको प्रदेश सम्मेलद्वारा जारी गरिएको घोषणापत्र - २०७८

राष्ट्रिय मानव अधिकार आयोगद्वारा २०७८ फागुन २० र २१ गते कैलालीको धनगढीमा आयोजित दुई दिने मानव अधिकार रक्षक सम्मेलनमा सुदूरपश्चिम प्रदेशका नौ वटै जिल्लाबाट मानव अधिकारको विषयगत क्षेत्र तथा मानवीय क्षेत्रमा कार्यरत मानव अधिकार रक्षकहरूको सहभागिता रहेको थियो । प्रस्तुत गरिएका कार्यपत्र र सहभागीहरूसँगको छलफलका आधारमा मानव अधिकार रक्षकहरूको अवस्था तथा स्थितिलाई दृष्टिगत गरी यो घोषणापत्र जारी गरिएको छ ।

मानव अधिकार रक्षकहरूको अन्तर्राष्ट्रिय घोषणापत्र १९९८, राष्ट्रिय मानव अधिकार आयोगद्वारा पारित मानव अधिकार रक्षकसम्बन्धी निर्देशिका २०६९ र अन्य सूचना तथा निर्देशिकाहरूको प्रभावकारी कार्यन्वयनका लागि राज्यको ध्यानार्कषण गर्दछः

१. सबै मानव अधिकार रक्षकहरूको सुरक्षाको व्यवस्था मिलाउन तथा उनीहरू माथि दुव्र्यवहार गर्ने तथा धम्की दिने सरकारी पदाधिकारी, सुरक्षा निकाय तथा अन्य व्यक्ति वा समूहलाई कानुनी दायरामा ल्याइ कानुनी शासनको प्रत्याभूत गर्न आग्रह गर्दछ ।

२. मानव अधिकार रक्षकहरूलाई आवश्यक सहयोग गर्न तथा उनीहरूले मागेको सूचना सहज रूपमा उपलब्ध गराउँन सम्बन्धित निकायमा आवश्यक निर्देशन जारी गर्न वा सूचनाको हकसम्बन्धी कानुनको पूर्ण पालना गराउने व्यवस्था मिलाउन सम्बद्ध पक्षसँग आग्रह गर्दछ ।

३. कुनै पनि महामारी, विपद्, द्वन्द्व तथा असामान्य अवस्थामा मानव अधिकार रक्षकहरूको अधिकारको संरक्षण तथा संवर्धनको लागि तीन तहका सरकारहरूले अन्तर्राष्ट्रिय मापदण्डबमोजिमको कानुन, नीति तथा निर्देशिकाहरूको निर्माण तथा प्रभावकारी कार्यन्वयनका लागि आह्वान गर्दछ ।

४. सरकारी तथा सुरक्षानिकायका व्यक्तिहरूको नियुक्ति तथा वृति विकासको लागि गरिने तालीम तथा कार्यक्रमहरूमा मानव अधिकार तथा मानव अधिकार रक्षकहरूको विषयलाई समावेश गर्न आह्वान गर्दछ ।

५. सन्धिजनित निकाय र विश्वव्यापी आवधिक समीक्षाबाट नेपाललाई प्राप्त भएका सिफारिसहरूको शीघ्र र प्रभावकारी कार्यान्वयन गर्न तीन तहका सरकारसँग आग्रह गर्दछ ।

६. सुदुरपश्चिम प्रदेशका नागरिकहरूको आधारभूत मानव अधिकार गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य, रोजागारी, विकासका तथा उपभोक्ता अधिकार उपभोगको अवस्था सन्तोषजनक नरहेको र नेपालको संविधानले उक्त अधिकारलाई मौलिक हकको रूपमा स्थापित गरेको साथै नेपाल आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र १९६६ को पक्षराष्ट्र भइसकेको परिप्रेक्ष्यमा राष्ट्रिय कानुन, प्रदेश र

स्थानीय तहले प्रभावकारी कानुन तर्जुमा गरी ती अधिकारको प्रभावकारी संरक्षण र परिपूर्ति गर्न आग्रह गर्दछ ।

७. सामूहिक अधिकारको सन्दभमा सिमान्तकृत अवस्थामा बाँच्न बाध्य दलित, आदिवासी, मधेशी, मुस्लिम, कमैया, हलिया, कम्लरीका अधिकार, दुर्गम क्षेत्र, लैङ्गिक तथा यौनिक एवं अन्य अल्पसङ्ख्यक समुदायलगायत महिला, बालबालिका, जेष्ठ नागरिक, युवाको रोजगारको अधिकार, अपाङ्गता भएका व्यक्तिको अधिकार संरक्षण र सहभागिताको अधिकारलाई प्रभावकारी कार्यान्वयनलाई सुनिश्चित गर्न संम्बन्धित सरोकारवालाहरूलाई आह्वान गर्दछ ।

८. पाँचौ मानव अधिकार राष्ट्रिय कार्ययोजना, लैङ्गिक हिंसाविरुद्धका नीति, जातीय विभेद लगायतका योजनाका साथै दिगो विकासको लक्ष्यसमेतको प्रभावकारी कार्यान्वयन गर्न अनुरोध गर्दछ ।

९. राष्ट्रिय मानव अधिकार आयोगद्वारा गरिएका सिफारिस यथाशीघ्र प्रभावकारी कार्यान्वयनका लागि जोडदार माग गर्दछ ।

१०. नेपालको संविधान तथा नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय महासन्धिले प्रत्याभूत गरेका प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता एवं नागरिकका आधारभूत अधिकारको सुनिश्चितता गर्न जोडदार माग गर्दछ ।

११. न्यायिक क्षेत्रप्रतिको विश्वास कायम राख्न न्यायिक प्रक्रियालाई प्रभावित पार्ने गरी गरिने उच्छृङ्खल गतिविधिलाई निरुत्साहित गर्न जोडदार माग गर्दछ ।

१२. सबै तहका निर्वाचनको मानव अधिकार रक्षकहरूबाट निष्पक्ष, तटस्थ, अनुगमन गर्ने हुँदा उक्त कार्यमा खटिएका मानव अधिकार रक्षकको सम्मान (स्वतन्त्रपूर्वक अनुगमनगर्ने वातावरण सिर्जना गर्न) र सुरक्षाको लागि सम्बद्ध सबै राजनीतिक दल र सरकारसँग माग गर्दछ ।

# अनुसूची—चार

## प्रादेशिक सम्मेलन र तेस्रो राष्ट्रिय सम्मेलनसँग सम्बन्धित केही तस्वीर

*मानव अधिकार रक्षक राष्ट्रिय सम्मेलनबका तस्विरहरू*







मानव अधिकार रक्षकको
तेस्रो राष्ट्रिय सम्मेलन
Third National Conference
On
Human Rights Defender
©NepalNHRC


मानव अधिकार रक्षकको
तेस्रो राष्ट्रिय सम्मेलन
Third National Conference
Human Rights Defender
©NepalNHRC


©NepalNHRC


©NepalNHRC


©NepalNHRC


©NepalNHRC


©NepalNHRC


©NepalNHRC








©NepalNHRC


©NepalNHRC




©NepalNHRC




मानव अधिकार रक्षकको
तेस्रो राष्ट्रिय सम्मेलन
Third National Conference
On
Human Rights Defender
२०७९ असार ९ र १० गते / 23 & 24 June 2022
आयोजक / Organizer
राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission, Nepal
©NepalNHRC


"जीवन, मर्यादा, समानता र स्वतन्त्रताको अधिकार : दिगो शान्ति र समृद्धिको आधार"
मानव अधिकार रक्षकको
तेस्रो राष्ट्रिय सम्मेलन
Third National Conference
On
Human Rights Defender
ललितपुर, नेपाल / Lalitpur, Nepal
२०७९ असार ९ र १० गते / 23 & 24 June 2022
आयोजक / Organizer
©NepalNHRC


मानव अधिकार रक्षकको
तेस्रो राष्ट्रिय सम्मेलन
Third National Conference
On
Human Rights Defender
ललितपुर, नेपाल / Lalitpur, Nepal
२०७९ असार ९ र १० गते / 23 & 24 June 2022
आयोजक / Organizer
राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission, Nepal
राष्ट्रिय मानव अधिकार आयोग, नेपाल
NHRC, Nepal
©NepalNHRC


©NepalNHRC


On
Human Rights
ललितपुर, नेपाल /Lalitpur, Nepal
/ Organizer
©NepalNHRC


©NepalNHRC


©NepalNHRC







प्रदेश नं. १ (कोसी) मानव अधिकार रक्षक सम्मेलन तस्विरहरु


मानव अधिकार रक्षक प्रादेशिक सम्मेलन
Human Rights Defenders Provincial Conference






खोटाङ




प्रदेश नं. १ (Provi
२० र २१ फागुन २०७८ (4 and 5 Marc
आयोजक (Organizer)
राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commiss


मानव अधिकार रक्षक प्रादेशिक सम्मेलन
Human Rights Defenders Provincial Conference
प्रदेश नं. १ (Province 1), बिराटनगर
२० र २१ फागुन २०७८ (4 and 5 March, 2022)
राष्ट्रिय मानव अधिकार आयोग,
National Human Rights Commission,


शिक सम्मेलन
cial Conference
राटनगर
h, 2022)
sion, Ne


शिक सम्मेलन
ncial Conference
राटनगर
h, 2022)


मानव अधिकार रक्षक प्रादेशिक सम्मेलन
Human Rights Defenders Provincial Conference
प्रदेश नं. १ (Province 1), बिराटनगर
राष्ट्रिय मानव अधिकार आयोग,
National Human Rights Commission, N


र समृद्धिको आधार'
क सम्मेलन
टनगर
022)
नेप
n, Nep


शान्ति र समृद्धिको आधार'
देशिक सम्मेलन
vincial Conference
बिराटनगर
March, 2022)
ायोग,
mission,



मानव अधिकार रक्षक मधेश प्रदेश सम्मेलनका तस्विरहरू















प्रादेशिक सम्मेलन
Human Right Defenders Pvovincial Conference






मानव अधिकार रक्षक प्रादेशिक सम्मेलन
Human Right Defenders Pvovincial Conference
मधेश प्रदेश (Madhesh Province), जनकपुरधाम
आयोजक (Organizer)
राष्ट्रिय मानव अधिकार आयोग, नेपाल
National Human Rights Commission, Nepal


मानव अधिकार रक्षक प्रादेशिक सम्मेलन
Human Right Defenders Pvovincial Conference
मधेश प्रदेश (Madhesh Province), जनकपुरधाम
आयोजक (Organizer)
राष्ट्रिय मानव अधिकार आयोग, नेपाल
National Human Rights Commission, Nepal

मानव अधिकार रक्षक प्रादेशिक सम्मेलन
Human Right Defenders Pvovincial Conference
मधेश प्रदेश (Madhesh Province), जनकपुरधाम
आयोजक (Organizer)
राष्ट्रिय मानव अधिकार आयोग, नेपाल
National Human Rights Commission, Nepal













लुम्बिनी प्रदेश मानव अधिकार रक्षक सम्मेलन तस्विरहरू


(4 and 5 March, 2022)
आयोजक
Human Rightsh Commission, Nepal


मानव अधिकार रक्षक प्रादेशिक सम्मेलन


अधिकार रक्षक प्रादेशिक सम्मेलन
Defenders Provincial Conference
लुम्बिनी प्रदेश (Lumbini Province), बुटवल
२० र २१ फागुन २०७८ (4 and 5 March, 2022)
राष्ट्रिय मानव अधिकार आयोग, नेपाल
National Human Rights Commission, Nepal






सम्मेलन
Conference


मानव अधिकार रक्षक प्रादेशिक सम्मेलन
Human Rights Defenders Provincial Conference
(Lumbini Province)
(4 and 5 March, 2022)
मानव अधिकार आयोग, नेपाल
Human Righish Commission, Nepal


मानव अधिकार रक्षक प्रादेशिक सम्मेलन
Human Rights Defenders Provincial Conference

कर्णाली प्रदेश मानव अधिकार रक्षक तालिमका तश्विरहरू










मानव अधिकार रक्षक प्रादेशिक सम्मेलन
Human Rights Defenders' Provincial Conference
कर्णाली प्रदेश, सुर्खेत








मानव अधिकार रक्षक प्रादेशिक
Human Rights Defenders' Provincial
कर्णाली प्रदेश, सुर्खेत
(4-5 March, 2022)
(Organizer)
राष्ट्रिय मानव अधिकार आयोग,
National Human Rights Commission

## मानव अधिकार रक्षक सुदूरपश्चिम प्रदेश सम्मेलनका तस्विरहरू







मानव अधिकार रक्षक प्रादेशिक सम्मेलन
Human Rights Defenders Provincial Conference
सुदूरपश्चिम प्रदेश (Sudurpaschim Province), धनगढी
२० र २१ फागुन २०७८ (4 and 5 March, 2022)
आयोजक (Organizer)
राष्ट्रिय मानव अधिकार आयोग, नेपाल
National Human Rights Commission, Nepal


मानव अधिकार रक्षक प्रादेशिक सम्मेलन
Human Rights Defenders Provincial Conference




मानव अधिकार रक्षक प्रादेशिक सम्मेलन
Human Rights Defenders Provincial Conference
सुदूरपश्चिम प्रदेश (Sudurpaschim Province), धनगढी
आयोजक (Organizer)

